# फलेवास नगरपालिका, पर्वतको पन्ध्रौं नगरसभाबाट स्वीकृत

आर्थिक वर्ष २०८१/०८२ को

# वार्षिक नीति तथा कार्यक्रम र बजेट

## फलेवास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

सर्वाधिकार : @ फलेवास नगरपालिका

प्रकाशति सख्या : ६००

प्रकाशन मिति : @)*!

मुद्रण : ह्मिचुली छापाखाना, कुश्मा, पर्वत

# फलेवास नगरपालिका पर्वतको

नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ पर्वत

# नगर प्रमुखको सन्देश

नेपालको संविधानमा संघीय संरचनासंगै निश्चित गरिएका अधिकार, राजस्वका क्षेत्र र स्रोतहरुको परिचालन तथा अभ्यास गर्दै स्थानीय सरकारहरु सञ्चालनमा रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत दीर्घकालीन तथा मध्यमकालीन योजना बनाई लागू गर्न सक्ने व्यवस्था गरेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तिय अनुशासन कायम गर्नुपर्ने व्यवस्था समेत गरेको छ । आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, आर्थिक क्षेत्रको पहिचान गर्ने, वार्षिक बजेट र नीति तथा योजना तयार पार्ने, त्यसको कार्यान्वयन गर्ने लगायतका संविधान प्रदत्त स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेर फलेवास नगर सरकार समेत लोकतन्त्रका आधारभूत मूल्य, मान्यता, मानव अधिकारको संरक्षण, विधिको शासन र जनताको आधारभूत हक अधिकारको प्रत्याभूति गर्न क्रियाशिल रहेको छ । यसै सन्दर्भमा फलेवास नगर सरकारले संविधानमा निर्दिष्ट मौलिक हक, नागरिक अपेक्षा र आवश्यकता, स्थानीय सरकारको अधिकार क्षेत्र, नेपालले अन्तराष्ट्रिय जगतमा गरेका अभिसन्धि र प्रतिबद्धता, दीगो विकास लक्ष्य, १६ औं योजनाले तोकेका प्रथामिकताका क्षेत्र र फलेवास नगरले अघि सारेको कृषि, पर्यटन, पूर्वाधार र रोजगार समृद्ध फलेवास सुन्दरताको आधारको परिकल्पनामा केन्द्रित रहि पन्ध्रौं नगर सभा मार्फत यो वार्षिक योजना तथा कार्यक्रम तयार गर्ने प्रयास गरेको छ । यसबाट नगरले विभिन्न तहका सरकारहरुसँग समन्वय र सहकार्य गर्दै जनअपेक्षाको सम्बोधन गर्ने, चुस्त सेवा प्रवाह, आर्थिक सामाजिक, सांस्कृतिक, भौतिक लगायत समग्र क्षेत्रको समानुपातिक विकास प्रक्रियालाई अगाडि बनाउने प्रयास गरिरहेको छ । विकास कार्यक्रममा पारदर्शिता, स्थानीय स्रोत साधनहरुको न्यायोचित वितरण र विनियोजित बजेटबाट अपेक्षित उपलब्धी हासील गर्दै जनचाहनाको सम्बोधन र चुस्त सेवा प्रवाह नै यस वार्षिक योजनाको मूल उद्देश्य रहेको छ ।

गैरसरकारी तथा अन्तर सरकारी बजेट तथा वित्तीय हस्तान्तरणलाई मुख्य आधार मान्दै नगरको विकास र समृद्धिमा ध्यान दिनुपर्ने सीमितता, उल्लेख्य रुपमा सहरी विकास हुन नसकेको, न्यून आन्तरिक आय, सीमित स्रोत र बढ्दो नागरिक अपेक्षा तथा विकासको लागि गर्नुपर्ने न्यूनतम पूर्वाधार निर्माणमा बजेट कमि जस्ता अवस्थाको बाबजुद वास्तविक आय र यथार्थ धरातलमा उभिएर प्राथमिकता प्राप्त क्षेत्र, चुस्त सेवा प्रवाह र नगरको समानुपातिक विकास प्रक्रिया अगाडि बढाउने प्रयास गरिएको छ । भौतिक विकासलाई मात्रै

पूर्ण विकासको रुपमा बुझ्ने गरेको अवस्थालाई मध्यनजर गर्दै नगरको सामाजिक, आर्थिक, वातावरणीय, संस्थागत लगायत समग्र क्षेत्रमा भएको आर्थिक सामाजिक असरलाई सम्बोधन गर्न विपन्नको जिविकोपार्जनका लागि श्रममूलक विकास आयोजनालाई प्राथमिकता दिइएको छ । सहज स्वास्थ्य सेवा, शहरी शासकीय तथा पूर्वाधार विकास, गुणस्तरीय शिक्षा, कृषि, पशुसेवा र पर्यटन क्षेत्रको विकासबाट नागरिकको जीविकोपार्जनमा सहजता, प्रविधिमैत्री नागरिक सेवा, दिगो विकास लक्ष्य पुरा हुने खालका कार्यक्रमहरु समावेश भएका छन । पहाडी भूभाग र ग्रामीण स्तरको नयाँ नगरपालिकामा रहेको सीमित स्रोत साधनका बावजुत बढ्दो नागरिक अपेक्षा पूरागर्न तुलनात्मक बढी र छिटो प्रतिफल दिने योजना तथा कार्यक्रमहरु समेट्ने प्रयास गरिएको छ ।

आ.व. ०८१।८२ को यस वार्षिक वजेट तथा कार्यक्रमको सफल कार्यान्वयनले नगरको समग्र विकासमा महत्वपूर्ण भूमिका निर्वाह हुने अपेक्षा लिएको छु । यस योजनाको सफल कार्यान्वयनबाट नै नगरको अपेक्षित लक्ष्य एवम् उद्देश्य पूरा हुने भएकोले सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, कर्मचारी लगायत सम्पूर्ण सरोकारवालाहरुबाट पूर्ण सहयोग रहने आशा एवम् विश्वास लिएको छु । यो वार्षिक कार्यक्रम तयार गर्ने कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा योगदान दिनु हुने सवैलाई हार्दिक धन्यवाद व्यक्त गर्दै फलेवास नगरपालिकाको आ.व. ०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनमा सवै सरोकारवालाहरुको पूर्ण सहयोग एवम् सहभागिताको लागि हार्दिक आह्वान गर्दछु ।

गंगाधर तिवारी
नगर प्रमुख

# फलेवास नगरपालिका पर्वतको

नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ पर्वत

# नगर उपप्रमुखको भनाइ

नेपालको संविधान जारी भए पश्चात तिन तहका सरकारहरु स्थापना भई तोकिएका अधिकार सूचीको अभ्यास गर्दै क्रियाशील रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ भएको व्यवस्था अनुसार यस नगरपालिकाले आ.व. ०८१।८२ को वार्षिक योजना तयार गरी कार्यान्वयन गर्न लागिरहेको छ । वार्षिक रुपमा बजेट र नीति तथा कार्यक्रम तयार पारी त्यसको कार्यान्वयन गरी जनताका आवाजहरु सम्बोधन गर्ने प्रयास गरिरहेको छ । अन्त्यन्त न्यून आन्तरिक आय भएको शहरोन्मुख यस नगरपालिकाको मुख्य आयका स्रोत भनेको संघीय र प्रदेश बाट प्राप्त हुने समानीकरण अनुदान, शशर्त र विशेष अनुदान र सोही प्रकृतिका प्रदेश सरकारबाट प्राप्त हुने आम्दानी हो । त्यसैलाई आधार मानी यस वर्षको बजेट तयार गरी कार्यान्वयनमा जुटिरहेको छ । ३ तहका सरकारको समन्वय र सहकार्यबाट मात्र जनचाहना एवम् जनअपेक्षाको सम्बोधन गर्नका साथै सेवा प्रवाहमा प्रभावकारिता ल्याउने प्रयास गरिएको छ ।

सीमित बजेटको कारण सवै प्रकारका जनचाहना सम्बोधन गर्न कठिनाइ देखिएको छ । बढ्दो नागरिक अपेक्षा र सीमित बजेटलाई सामाञ्जस्य गर्ने विषय अत्यन्त जटिल रुपमा देखिएको छ । सकेसम्म बास्तविक र यथार्थ कार्यक्रम तर्जुमा गरी प्राथमिकता प्राप्त क्षेत्रका कार्यक्रम सम्बोधन गर्ने प्रयास भएको छ । नगरको आर्थिक सामाजिक लगायत सम्पूर्ण क्षेत्रमा समानुपातिक र भौगोलिक रुपमा समन्यायिक रुपमा बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कोसिस गरिएको छ । विपन्नको जीविकोपार्जन र श्रममूलक विकास आयोजनालाई प्राथमिकता दिने कोसिस गरिएको छ ।

आ.व. ०८१।८२ को यस वार्षिक वजेट तथा कार्यक्रमको सही रुपमा कार्यान्वयन गर्न सकेमा नगरपालिकाले लिएको वार्षिक लक्ष्य र जनचाहना सम्बोधन गर्न सकिने विश्वास लिएको छु । यस वार्षिक योजना तथा कार्यक्रमको पूर्ण रुपमा कार्यान्वयन हुन सम्पूर्ण नगरबासी आमा, बुबा, दाजुभाई तथा दिदी, बहिनीहरुलाई हार्दिक आह्वान गर्दै वार्षिक योजना तथा कार्यक्रम तयारीमा सहयोग पुर्याउनु हुने सम्पूर्णमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

**शोभाकुमारी क्षेत्री**
**उपप्रमुख**

# विषय सुचि


| क.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १ | फलेवास नगरपालिकाको नक्शा | १ |
| २ | नगरपालिकाको संक्षिप्त परिचय | २ |
| ३ | आ.व. २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम | १४ |
| ४ | आ.व. २०८१/०८२ को बार्षिक कार्यक्रम तथा बजेट | ३३ |
| ५ | आर्थिक ऐन - २०८१ | ५५ |
| ६ | आ.व. २०८१/०८२ को पारित विनियोजन ऐन | ७७ |
| ७ | स्वीकृत वार्षिक बजेट २०८१ | ८० |
| ८ | २०८१/०८२ को वडास्तरबाट माग भई आएका योजना विवरण | १०७ |

## पर्वत जिल्ला

# फलेवास नगरपालिका



**फलेवास नगरपालिकाको संक्षिप्त परिचय**

नेपालको गण्डकी प्रदेश अन्तरगत पर्ने पर्वत जिल्लाको मध्यभाग कालीगण्डकीको काखमा अवस्थित फलेवास नगरपालिका भौगोलिक विविधताले भरिएको एक अनुपम तथा रमणीय क्षेत्र हो । विश्व मानचित्रमा यस नगरपालिका २८० ०५' ५७'' देखि २८० १२' ११'' उत्तरी अक्षांश र ८३० ३६' ३४'' देखि ८३० ४६' ०७'' पूर्वी देशान्तरभित्र रहेको छ । यस नगरपालिकाको पूर्वमा स्याङजा जिल्ला र महाशिला गाउँपालिका, दक्षिणमा स्याङजा जिल्ला, महाशिला गाउँपालिका र विहादी गाउँपालिकाको केही भाग पश्चिममा बाग्लुङ जिल्ला र उत्तरमा कुश्मा नगरपालिका पर्दछन् । यस नगरपालिकाको कूल क्षेत्रफल ८५.७ वर्ग कि.मी. रहेको छ । उचाईका हिसाबले समुन्द्री सतहबाट ६२० मिटर उचाईमा रहेको वडा नं ११ मा पर्ने पाङराङको कालीगण्डकी बगर देखि २२६६ मिटर उचाइको पाङराङ र कुर्घाको शीरमा रहेको चिसापानीको लेक र २२५९ मिटरको उचाइमा रहेको डहरेको लेक समेतको भू–भाग यस नगरपालिकामा पर्दछन् । कंगारु आकारमा फैलिएको यो नगरपालिका राजनैतिक विभाजन अनुसार नेपालको गण्डकी प्रदेश अन्तर्गत पर्वत जिल्ला निर्वाचन क्षेत्र नं. २ मा पर्दछ । यस नगरपालिकाको कूल भूमि ८५७१ हेक्टरमध्ये वन क्षेत्रले ओगटेको जमिन ३१०३.२ हेक्टर, कृषि भूमि ४६८३.१ हेक्टर र प्रति जमिन ३११.४ हेक्टर, बुट्यान ३७७.९ हेक्टर, भवन ०.६७ हेक्टर र भीरपाखा २.३३ हेक्टर तथा बगर क्षेत्र ८२.५ हेक्टर र पानीले ढाकेको जलाशय क्षेत्र ९.७ हेक्टर रहेको छ । फलेवास नगरपालिका देशको राजधानी काठमाडौंदेखि २७० कि.मी. र गण्डकी प्रदेशको राजधानी पोखराबाट ७० कि.मी. पश्चिममा पर्दछ ।

**फलेवास नगरपालिकाके बस्तुगत अवस्था**

**जनसंख्या र जनशक्ति**

फलेवास नगर कार्यपालिकाको कार्यालयले लिएको २०७५ सालको तथ्याङ्क अनुसार यस नगरपालिकामा १५ भन्दा बढी जात जातिका ५७२६ परिवारका ३४५७२ जना मानिसहरु बसोवास गर्दछन् । जस मध्ये महिला १६८०४ र पूरुष १७७६८ रहेका छन् । १९ देखि ६० वर्ष सम्मको जनसंख्या २०,१५६ रहेको छ । कूल जनसंख्याको ५८.३० प्रतिशत रहेको यो उमेर समूहको परिचालनबाट नगरको सर्वाङ्गीण विकास गर्न सकिने अवसर देखिन्छ । यस नगरपालिकामा जातिगत रुपमा ब्राहमण क्षेत्री २४६३६ , दलित ७०६८, जनजाति २७५२ र अन्य १०९ जनाको वसोवास रहेको छ । नगरपालिकाले १७३३ विपन्न र ४६७ अतिविपन्न घर परिवारको पहिचान गरेको छ । सवै प्रकारका भूमिहीनको संख्या कुल ६९ रहेको छ जसमा १८ घर परिवार बाबु र बाजेको पाला देखिका, आफ्नो परिवारको नाममा जग्गा नभएका ३२ र वाहिरबाट आई बसोबास गरेका भूमिहीन परिवार १९ घर रहेका छन् । तर २०७८ सालको जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या महिला १११०३ र पुरुष ९३६५ गरी कुल २०४६८ जना रहेको देखाइएको छ ।

**वैदेशिक रोजगार**

यस नगरपालिकामा ३३८९ पुरुष र ४६४ महिला गरी जम्मा ३८५३ मानिसहरु बैदेशिक रोगगारमा गएका छन् । जसमध्ये भारत ३९.२ प्रतिशत, खाडी मुलुकमा ३७.२ प्रतिशत र

जापान अमेरिका लगायत अन्य मुलुकहरुमामा २३.६ प्रतिशत गएका छन् । खाडी मुलुक र भारत नै यस नगरपालिकाका मुख्य बैदेशिक रोजगारीका गन्तब्यको रुपमा रहेको देखिन्छ जसबाट करिव १ अरव २० करोड रुपैया वार्षिक रुपमा रेमिटेन्स भित्रिने अनुमान छ ।

**कृषि र पशुविकासको क्षेत्र**

फलेवास कृषि उत्पादनका दृष्टिकोणले पर्वत जिल्लाकै महत्वपूर्ण क्षेत्रको रुपमा रहेको छ । मल्याङ्दी खोला पकेट क्षेत्र, लमायखोला पकेट क्षेत्र, चिर्दिखोला पकेट क्षेत्र, समथर भूभाग कृषि उत्पादनको राम्रो सम्भावना भएको क्षेत्र हो । फलेवास नगरपालिकाको कुल क्षेत्रफल मध्ये कृषि भूमि ४६८३.१ हेक्टर (५४.६४ प्रतिशत रहेको छ भने ३६.२१ प्रतिशत वनजङ्गलले ढाकेको छ । यस नगरपालिकामा मुख्य बालीको रुपमा धान, मकै, कोदो र गहुँ खेती रहेको छ । सिँचाई सुविधा भएका क्षेत्रहरुमा धान मुख्य बाली रहेको छ भने सिँचाई सुविधा नभएको क्षेत्रमा कोदो र मकै मुख्य बालीको रुपमा रहेको देखिन्छ । विशेष गरी कालीगण्डकीको तटीय क्षेत्रमा धान खेती र माथिल्लो भेगमा कोदो तथा मकै खेती गरिन्छ । यस नगरपालिकामा विभिन्न प्रकारका तरकारीहरु उत्पादन खरिद तथा बिक्री हुने गरेको छ । जसमा काउली, बन्दा, गोलभैंडा, मुला र सिमी लगायतका तरकारीहरु उत्पादन हुने गरेको देखिन्छ । तरकारी तथा बिउ उत्पादनको लागि फलेवास नगरपालिका अगाडि रहेको देखिन्छ ।

फलफूल प्रजातिमा सुन्तला, कागती, मौसम, जुनार, केरा, नासपाती, ओखर, अम्बा, किवी, मेवा, रुख कटहर, भुँईकटहर आदि रहेका छन् । फलफुलको बिक्रीबाट समेत फलेवास नगरपालिकामा आम्दानी हुने गरेको देखिन्छ । यस नगरपालिकामा उत्पादन हुने फलफूल मध्ये मुख्य रुपमा सुन्तला र केरा खेती रहेको देखिन्छ । त्यस्तै नगदेबालीको रुपमा अदुवा, बेसार, कफी, अँलैची खेती रहेको छ । अहिले कृषि पेशाको रुपमा मात्र रहेको तर दिनानुदिन युवा पुस्ता यस पेशाबाट बाहिरिँदै गएको हुँदा त्यति सन्तोषजनक स्थिति भने छैन । तर यस नगरपालिकाको जमिन र हावापानी कृषि उत्पादनका लागि अति उपयुक्त रहेको र यातायात तथा बजारहरु नजिकै हुनाले ठुलो मात्रामा कृषि उत्पादन गरेता पनि खपत नहुने समस्या आउँदैन । कृषि व्यवसायको राम्रो सम्भावना रहेको हुँदा यस क्षेत्रमा कृषकहरुलाई अभिप्रेरित गरी व्यावसायीकरण तर्फ उन्मुख गर्नुपर्ने आवश्यकता देखिएको छ ।

यस नगरपालिकाको कूल भौगोलिक क्षेत्र मध्ये वन क्षेत्रले ओगटेको जमिन ३१०३.२ हेक्टर, कृषि भूमि ४६८३.१ हेक्टर र प्रति जमिन ३११.४ हेक्टर, बुट्यान ३७७.९ हेक्टर, भवन ०.६७ हेक्टर र भीरपाखा २.३३ हेक्टर तथा बगर क्षेत्र ८२.५ हेक्टर रहेको हुँदा यी सबै क्षेत्रले पशपन्छी पालनको लागि घाँसको उपलब्धतामा समस्या नहुने र चरन क्षेत्र पनि यथेष्ट पुग्ने भएको हुनाले पशुपन्छी पालनको अत्याधिक सम्भावना रहेको छ । यसैले, नगरपालिकामा आम्दानीको मुख्य स्रोतका दृष्टिकोणले हेर्दा कृषि सँगसँगै पशुपालन समेत प्रधान देखिन्छ । किसानहरुले पाल्ने प्रमुख पशु चौपायाहरुमा बाख्रा, खसी, बोका, भेडा धेरै रहेका छन् भने भैंसी, गोरु र गाईहरु समेत पाल्ने गरेको देखिन्छ । त्यस्तै पंक्षीहरु तर्फ कुखुरा र हाँस पाल्ने गरिएको देखिन्छ । नगरपालिकाको नगर पार्श्वचित्र २०७५ अनुसार यहाँ ४९ वटा पशुपालन

फर्म दर्ता भई सञ्चालनमा रहेको छ । त्यस्तै ३ वटा दुग्ध संकलन व्यवसाय सञ्चालनमा रहेको । पशुपन्छी पालनबाट हुने उत्पादनलाई बजारका लागि स्थानीय क्षेत्र, कुस्मा बजार, बाग्लुङ, बेनी, पोखरा आदि नजिकै रहेको हुँदा पशुपालनलाई व्यावसायिक ढंगबाट विस्तार गर्न सकिने देखिन्छ ।

दुग्धजन्य उत्पादनमा नगर आत्मनिर्भर भई बढी भएको दुध पोखरा, कुस्मामा निर्यात भइरहेको छ । वार्षिक अनुमानित ४ करोड रुपैयाको दुध र दुग्धजन्य बस्तु बिक्री हुने गरेको छ । यस नगरपालिकाको मुख्य आयस्रोतको रुपमा कृषि र पशु विकासको क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ ।

**उद्योग**

फलेवास नगरपालिकामा विगतदेखि साना उद्यमहरु सञ्चालनमा रहेका छन् । नगर क्षेत्रमा क्रियशील उद्यममा दुधको परिकार, काठ फर्निचर, तरकारी खेती, लप्सी क्याण्डी, अचार, टीका, बुटिक, ढाका, अगरबत्ती र  माहुरीपालन व्यवसाय सुरु गरेका छन् । जसमध्ये दलित, जनजाति र अन्य सबैखाले गरीब परिवारका रहेका छन्। उद्यमीहरुलाई एकै ठाउँमा बसी उद्यम संचालन गर्न सहयोग पुयाउने उद्देश्यले विभिन्न ठाउँमा साझा सुविधा केन्द्र, संकलन केन्द्र र सेलार स्टोरका भवनहरु समेत निर्माण गरिएका छन् । फलेवासको देविस्थानमा कपडावाट पोशाक निर्माण गर्ने महिला उद्योगको शुरुवात गरिएको छ । ढाका कपडा उद्योगको शुरुवात खानीगाँउमा भएको छ । यस नगरपालिकाका सबै वडाहरुमा खुद्रा किराना पसल सबैभन्दा धैरै रहेका छन् भने होटेल व्यवसाय पनि दोस्रो स्थानमा रहेको देखिन्छ । त्यस्तै राइसमिलहरु समेत धैरै मात्रामा रहेक छन् । कृषि तथा पशुपालन मुख्य पेशा भएको कारण पशु तथा कृषि फर्महरु समेत नगरपालिकामा सञ्चालित रहेका छन् । यसको अतिरिक्त थोक किराना पसल, भाँडा पसल, उद्योग, ढुवानी साधन, यातायात साधन, मेडिकल पसल, भेटनरी पसल, स्टेशनरी पसल, फोटो स्टूडियो, फेन्सी पसल, सिलाई कटाई पसल, दान पसल, सुनचाँदी पसल, खाजा पसल, मेसिन औजार पसल, इलेक्ट्रोनिक्स पसल, दुध डेरी, तरकारी तथा बीउ बिक्री पसल आदि रहेका छन् ।

नगर पार्श्वचित्र २०७५ अनुसार, यस नगरपालिकामा जम्मा ८८३ वटा व्यवसायहरु सञ्चालित रहेका छन् । जसमा २७३ वटा, थोक किराना पसल २५ वटा, कपडा पसल ४२ वटा, भाँडा पसल ८ वटा, विभिन्न उद्योग २२ वटा, राइस मिल ७७ वटा, कृषि फर्म ४५ वटा, पशु फर्म ४९ वटा, होटेल व्यावसाय ८३ वटा, फेन्सी व्यवसाय ३२ वटा र सुनचाँदी पसल १८ वटा रहेका छन् । यस्तै अन्य व्यवसायहरु पनि सञ्चालनमा रहेका छन् ।

**वनजन्य काष्ठ तथा गैरकाष्ठ उत्पादनहरु**

क्षेत्रफलका हिसाबले ३१०३ हेक्टर वन क्षेत्र रहेको छ । सामुदायिक वन उपभोक्ता समुहको अग्रसरता र व्यापक जनसहभागिताको कारण वनक्षेत्र वृद्धि हुँदै गएको छ । फलेवास नगरपालिकामा खोटो, दन्केर्नो, सालधूप, बेल, तेजपत्ता, बाँदरमुला, थकाइलो, सिउडी, संजीवल, डमरु, अभिजालो, चिराइतो, मेवा, सिउडी, मेल, बकाइनो, बाबियो, रिठो, गिठो, तरुल, भ्याकुर, पखनबेद, शिकारी लहरा, ऐसेलु, बेल, अमला, तेजपत्ता, थकाइलो, डुम्री,

धाइरो, भोर्लो, गुर्जो, चिराइतो, गर्बुजो सालधुप, , डुम्री, मेल, कुमकुम, कुरीलो, कुकुरडाइनो, उडुसेझार, पिप्ला, पानीअमला, , खनीउँ, सिमल, मौवा, भकिम्लो, कुरिलो, घोडटार्पे, सत्तुवा, दारिगिठो, बादलपाते, सिलटिमुर, आँखेटिमुर जस्ता महत्वपूर्ण जडिबुटी तथा बाँस, निगालो लगायतका गैरकाष्ठ वन पैदाबार पाइन्छ । साथै यस नगरपालिका भित्र वास निगालो को विभिन्न घरेलु सामानहरु उत्पादन भैरहेको छ । हर्रो, बर्रो, अमला, सिस्नु, टिमुर, नागवेली, लोक्ता, सत्तुवा, सिल्टीमुर, सुनाखरी, चिराईतो, अमृसो र खोटोजस्ता महत्वपूर्ण जडिबुटी तथा गैरकाष्ठ वन पैदाबार र बाँस निगालोका विभिन्न घरेलु सामानहरु उत्पादन भइरहेका छन् । यिनै वन पैदावारबाट सञ्चालन भएका उद्योगहरुमा प्लाईउडको कच्चा पदार्थ उत्पादन, फर्निचर उद्योग, ढाका कपडा, मौरीघार, जडीबुटी प्रशोधनजस्ता धेरै साना उद्योगहरु सञ्चालन भइरहेका छन् ।

**वन्यजन्तु तथा चराचुरुङ्गीहरु**

यस नगरपालिकाका १ देखि ११ वटा वडामा विभिन्न किसिमका जङ्गली जनावर तथा चराचुरुङ्गीहरु पाइन्छन् । मुख्य रुपमा पाईने जङ्गलीजनावरहरुमा चितुवा, बाँदर, स्याल, फ्याउरो, भ्याल्से, मृग, खरायो, दुम्सी, खुदेकीरो, बनविरालो, मलसाप्रो, रहेका छन् भने चराचुरुङ्गीमा कालिज, लामपुच्छ्रे, धोविनी, भँगेरा, डाङ्ग्रे, काग, कोइली, कल्चौडो चिल, ढुकुर, बौडाई, फिस्टेचरा, न्याउली, जुरेली, काफलपाक्यो, बीउकुह्यो, गौथली, लाटोकोसेरो, चमेरो, हुचील, चरीबाघ, कोटेरो, बाज, तित्रा, टकटके (काठफोरुवा) लगायतका चराचुरुङ्गीहरु पाइन्छन् ।

**पर्यटन**

यस नगरपालिकाको पूर्वी भागमा पर्ने डहरेको लेक र दक्षिणी भागको चिसापानी लेक नगरपालिकाभित्रका पर्यटकीय सम्भावना बोकेका धार्मिक रुपमा परिचित अग्ला र रमणीय स्थान मानिन्छन् । डहरे देउराली, चिसापानी कालिका र बजारमारा देवी धार्मिक पर्यटकहरुका लागि सम्भावनायुक्त महत्वपूर्ण स्थानहरु हुन् । यी स्थानमा भौगोलिक परिदृश्यको सुन्दरता मात्र नभएर धार्मिक पर्यटनको राम्रो सम्भावना छ । यहाँ पूजाका लागि हजारौं पर्यटकहरु वर्षभरी नै जाने गर्दछन् । यस नगरपालिकामा नेपालकै लामो मुडिकुवा–कुश्मा झोलुङ्गेपुल, कुर्घा–फलेवास झोलुङ्गेपूल, कालीगण्डकी जलयात्रा, सातमुलेको छहरा र लिमिठानाको डाङसिङ वनभित्रको पिकनिक स्थलमा पर्यटन विकासको लागि सम्भावना भएका अन्य स्थानहरु हुन् । चिसापानी कालिका मन्दिरको व्यवस्थापन गरी पाङराङबाट सुलीकोट हुँदै कालिका मन्दिरसम्म र थापाठाना कार्कीनेटा देखि डहरे देउराली तथा कालीगण्डकी देखि पुर्कोट सम्म केबुलकार व्यवस्थापन गर्न सकेमा नगरपालिकाको आर्थिक विकासमा ठूलो टेवा पुग्न सक्ने देखिन्छ । यस बाहेक इतिहासको खोज गर्ने पर्यटकहरुका लागि जुम्लीठाना, अन्धा–अन्धी, बाघेढुङ्गा, बाघको पाइला, लिमीकोट, जिताकोट, सुलीकोट, मौलाकोट, लगायतका ऐतिहासिक कोटहरु महत्वपूर्ण मानिन्छन् । अन्धाअन्धी सर्किट, डहरे देउराली क्षेत्रमा खुला चिडियाखानाको विकास, मनमोहन शान्तीवाटिका निर्माण गर्न सकेमा यस नगरको पर्यटन

व्यवसायलाई पोखराको पर्यटनसँग सम्बन्ध सञ्जाल स्थापना गर्न सकिने देखिन्छ ।

**सडक सञ्जाल**

यस नगरपालिकामा काली गण्डकी लोकमार्ग १७ कि.मी. कालोपत्रे कार्य सम्पन्न भएको छ भने मुडिकुवा लुंखु सडक १६ कि.मि.कालो पत्रे भैसकेको छ । हिलेखोला कार्किनेटा थापाठाना करिव ८ कि.मि. सडक कालोपत्रे सम्पन्न भएको छ भने मल्याङ्दीखोला मुडिकुवा देविस्थान ढिक चन्दनी सडक ११ कि.मि. सडक कालोपत्रे सम्पन्न भएको छ । हालसम्म यस नगरपालिका भित्र करिव ६८ कि. मि. सडक कालोपत्रे भइसकेको छ भने नगरपालिकाभित्र रहेका साना ठूला र कच्ची सडकहरुको लम्बाइ कालोपत्रे सहित करिव ४०० कि.मी. जति रहेको छ । यी सडकहरुको स्तरबृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ । नगरका हरेक टोल बस्तीमा करिव ५ मिनेटको दुरी भित्रै पुग्ने गरी सडक सञ्जाल विस्तार भैसकेको छ ।

**खानेपानी तथा सरसफाइको अवस्थाः**

फलेवास नगरपालिकामा पाइप खानेपानी सुविधा जिल्लाको अनुपातमा हेर्दा ९१ प्रतिशत घरधुरीमा, पक्की शौचालय ९७ प्रतिशत घरधुरीमा रहेको छ भने तीनवटा वडाहरु पूर्ण सरसफाइउन्मुख वडा घोषणा भइसकेका छन् । शंकरपोखरीमा खानेपानीको दीर्घकालीन समाधानका लागि लमाय खोलाको पानी तान्ने र वोरीङ प्रविधिवाट जमिन मुनिको पानी निकाल्ने कार्य प्रारम्भ गरिएको छ । नगरपालिकाको ९१ प्रतिशत घरधुरीको खानेपानीको स्रोत पाइपबाट वितरण भएको छ भने करिब ३७.८ प्रतिशत घरधुरीमा पानीको धारा आफ्नो कम्पाउण्डभित्र रहेको छ । त्यस्तै ५.४ प्रतिशत मूलको पानी उपभोग गरिरहेका छन् । बाँकी घरधुरुहरुले कुवा वा पानीको मुलबाट खानेपानी उपभोग गरिरहेका छन् ।यस नगरपालिकाको सरसफाइको स्थिति हेर्दा सन्तोषजनक रहेको छ । "क्लिन फलेवास, ग्रिन फलेवास" निर्माण र आधारभूत सरसफाइमा नगरबासीहरुलाई जागरुक गराउने, जनचेतना अभिवृद्धि गर्ने गरी स्वच्छ र सरसफाइयुक्त नगर निर्माण गर्न प्राकृतिक, मानव तथा पशुपन्छीद्वारा निर्मित फोहोरमैलालाई न्यूनीकरण, पुन प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहोरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न नगरपालिकाको आधारभूत सरसफाइ तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी ऐन, २०७६ तयार पारिएको छ ।

**स्वास्थ्य**

यस नगरपालिकामा ११ स्वास्थ्य चौकीबाट ३५ प्रकारका औषधीको निशुल्क वितरण तथा प्रतिरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवा सञ्चालन भइरहेको छ । नगरपालिकाको ५ स्थानहरुमा २४ घण्टे प्रसुती सेवा सञ्चालन भएको छ भने पाङराङमा सामुदायिक स्वास्थ्य इकाइ सञ्चालन भई सेवा सुचारु भइरहेको छ । यसका अतिरिक्त फलेवासमा सञ्चालित हेल्पीङ्ग हेन्ड्स सामुदायिक स्वास्थ्य क्लिनिक (हालको धुलिखेल अस्पताल) बाट एक्स–रे, इसीजी, अल्ट्रा साउन्ड, ल्याव, फार्मेसी, सामान्य शल्यक्रिया र प्रसुती सेवासमेत प्रदान हुने गरेको छ । नगरको भँगरा कार्कीनेटा र नगर अस्पतालको साथै धुलीखेल अस्पतालमा एम्बुलेन्स सेवा सञ्चालनमा रहेको छ । जिल्लामा रहेका ४ वटा आयुर्वेदिक स्वास्थ्य केन्द्र

मध्ये २ वटा यसै नगरपालिकामा रहेकोले स्वास्थ्य क्षेत्रमा थप सहयोग पु¥याएका छन् । यिनीहरुबाट जडिबुटी प्रशोधित औषधीहरुको वितरण गर्ने गरिन्छ । यस नगरपालिकामा वडा नं. ८ र वडा नं ४ मा सञ्चालनमा रहेका टेलीमेडिसिनद्वारा समेत स्वास्थ्य सेवा उपलब्ध गराएका छन् ।

**शिक्षा**

यस नगरपालिकामा ३ क्याम्पस, १४ मा.वि., ४३ आधारभूत विद्यालयहरु रहेका छन् । हाल नगरपालिका भित्र सामुदायिक विद्यालयमा आधारभूत तहमा कूल २९४ जना, माध्यामिक तहमा ७८ जना शिक्षकहरु अध्यापनरत छन् । त्यसै गरी बाल विकास केन्द्रमा ५७ जना, सहयोगी कार्यकर्ता १४ जना र विद्यालय सहयोगी ५६ जना कार्यरत रहेका छन् । सबै तहमा कुल ५२५० जना विद्यार्थी अध्ययनरत रहेका छन् । विज्ञान विषयमा १ वटा, कानून विषयमा १ वटा र कृषि प्राविधिक विषयमा १ वटा कक्षाको पढाइ हुने गरेको छ ।

यस नगरपालिकाको साक्षरता औषतमा ९७ प्रतिशत रहेतापनि राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार फलेवास नगरपालिकाको कूल साक्षरता दर ७९ प्रतिशत रहेको छ । सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु अन्तर्गत अंग्रेजी माध्यममा पठन पाठन (१-५) शुरुवात भएको छ । नगरपालिकामा हाल स्थानीय पाठ्यक्रम (कक्षा १-८) लागू गरी सोही आधारमा स्थानीय पाठ्यपुस्तक (कक्षा १-५) प्रकाशन गर्न लागिएको छ ।

**जलस्रोत र विद्युतीकरण**

जलस्रोतको दृष्टिले हेर्दा नगरपालिकाको पश्चिम भागमा कालीगण्डकी नदी, उत्तरी भागको मल्याङ्दी खोला, लमाय, चीर्दी, लुवा र दक्षिणी सिमानामा रहेको बाच्छा खोला सिंचार्ईका मुख्य स्रोतहरु हुन् । फलेवास नगरपालिकाको घरधुरीहरुमा उज्यालोको प्रमुख स्रोत विद्युत नै हो । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार ९९.१ प्रतिशत घरधुरीमा बिजुलीको पहुँच रहेको देखिन्छ । यहाँका ५७३७ घरधुरी मध्ये २६ घरधुरीमा सोलार/सौर्यउर्जा जोडिएको तथ्याङ्क रहेको छ । नगरपालिकाका सबै स्थानमा राष्ट्रिय प्रशारण लाइन जडान भइसकेको छ । कच्ची काठे विद्युतका पोलहरु सम्पूर्ण रुपमा फलामे विद्युत पोलद्वारा विस्थापन कार्य सम्पन्न भएको छ ।

**खनिजः**

फलेवास नगरपालिकामा स्लेट ढुङ्गाका ३ वटा खानी, चिर्दी खानीको तामाखानी, धेरै पहिला घरेलु रुपमा सञ्चालन भएको ऐतिहासिक प्रमाण पाइन्छ । हाल खनिज उत्पादनको रुपमा छाना छाउने र घरको भित्तामा सजावट गर्ने स्लेट ढुङ्गाहरु, पर्खालमा प्रयोग हुने ढुङ्गाहरु, बालुवा र गिट्टी मात्र प्रयोग भइरहेका छन् । ठानामौलाको माथिल्लो भाग फलाम खानीसँग जोडिएको स्थानमा फलामखानी उत्खनन् गरिएको ऐतिहासिक प्रमाण भेटिन्छ । कालिगण्डकीको किनारमा सुन चाली जीविकोपार्जन गर्ने माझी समुदाय हाल उक्त पेशामा नरहेको अवस्था छ ।

**सञ्चार तथा सुशासन**

नागरिकहरुको सूचना प्रविधिमा पहुँचको अवस्था विश्लेषण गर्दा राष्ट्रिय जनगणना, २०७८ अनुसार, यहाँका ३८२१ (६६.६ प्रतिशत) घरधुरीसँग मोवाइल फोन रहेको छ भने ५१४ (९ प्रतिशत) घरधुरीमा कम्प्युटर र ल्यापटप रहेको देखिन्छ । यसैगरी, १२४० (२१.६ प्रतिशत) घरधुरीमा इन्टरनेट सेवा जडान गरिएको छ । सूचना तथा सञ्चार प्रविधिमा नागरिकहरुको पहुँच बढाउने अभिप्रायले नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयहरुमा ईन्टरनेटको सेवा विस्तार गरिसकेको छ । साथै प्रविधिमैत्री सेवा प्रवाह गर्ने हेतुले Bulk SMS जस्ता प्रविधिहरु प्रयोगमा ल्याएको छ । फलेवास नगरपालिकाले सूचना प्रविधिमा आधारित विद्युतीय सुशासन परियोजनाको अवधारणापत्र समेत ल्याइसकेको देखिन्छ । फलेवास नगरपालिकाभित्र नेपाल टेलिकम र एनसेलको नेटवर्क सुविधा रहेको देखिन्छ । कतै कतै नेटवर्कको समस्या रहेपनि समग्रमा राम्रो स्थिति रहेको छ । नागरिकहरुलाई सूचना तथा सञ्चार प्रविधिमा पहुँच पुर्याउनका लागि अझै केही आधारभूत कार्यहरु गर्नुपर्ने आवश्यकता देखिएको छ ।

**संस्थागत विकास**

नगरका क्रियाकलापहरुलाई जनमैत्री तथा पारदर्शी बनाई नागरिकहरुमा सुशासनको प्रत्याभूति गर्न नगरले आफ्नै भवनको निर्माण गरेको छ । नगरका निर्णय तथा क्रियाकलापहरुलाई राजपत्र मार्फत प्रकाशन गर्ने व्यवस्था गरिएको छ । सेवा प्रवाहलाई पारदर्शी, सहज, सरल वनाउन नागरिक वडापत्र प्रकाशन गर्न लागिएको छ । विद्युतीय हाजिरी प्रणाली र कार्यालयमा सि.सि. क्यामेरा मार्फत सेवा प्रवाहको निगरानी राख्ने कार्य प्रारम्भ गरिएको छ । ५ र ७ वडा बाहेक सवै वडा कार्यालय भवन निर्माण सम्पन्न भएको छ भने प्रमुख प्रशासकीय भवन निर्माणाधीन अवस्थामा रहेको छ ।

**नगरको विद्यमान अवस्थाः**

संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान तथा राजस्व बाँडफाँडबाट प्राप्त रकम, ससर्त रकम, समपूरक तथा विशेष अनुदान र सोही प्रकृतिको प्रदेशबाट प्राप्त बजेटसहित यस नगरपालिकामा हुने आन्तरिक आम्दानी नै फलेवास नगर सरकारको स्थानीय सञ्चित कोषको आधार हो । यसको समुचित बाँडफाँड र कार्यान्वयनबाट नगरको विकास कार्य अगाडि बढिरहेको छ । नगरपालिका स्थापनाको सुरुवाती अवस्थामा रहेको यस नगरमा भौतिक पूर्वाधारको अवस्था क्रमश सुधार हुँदै गएको छ । सबै टोल, बस्तीहरुमा कच्ची मोटरबाटोको पहुँच पुगेको छ । तर कच्ची सडकहरुको स्तरोन्नति र संरक्षण कार्य अत्यन्त चुनौतीपूर्ण देखिएको छ । सतप्रतिशत घरधुरीमा विद्युत सुविधा पुगेको छ भने सवै वडामा काठको विद्युत पोल विस्थापित भइसकेको छ । अन्य आर्थिक सामाजिक क्षेत्र क्रमशः व्यवस्थित हुँदै गएको छ । संस्थागत विकासको लागि पूर्वाधार निर्माणका कार्यहरु भइरहेको छ । वडा स्तरमा सेवा प्रवाह चुस्त बनाउने, कार्यालय भवनहरु व्यवस्थित गर्ने, विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने, कार्यालय सेवाग्राही मैत्री बनाउने कार्यहरु अगाडि बढिरहेका छन् । समग्रमा यस नगरपालिकाको अवस्था देहाय अनुसार रहेको देखिन्छ ।

**सवल पक्ष**

१ नगरपालिकाको कूल क्षेत्रफलमध्ये ५४.६४ प्रतिशत कृषि भूमि रहेको छ । ३ तहको कृषि भूमि (उच्च, मध्य र बेसी ) मा कृषि र पशु विकासका कार्यक्रमको लागि अन्यन्त उपयोगी अवस्था छ । सवै क्षेत्रको पकेट कार्यक्रम र क्षेत्र विस्तार गर्न सकिने देखिन्छ ।

२ कूल क्षेत्रफलमध्ये ३६.२१ प्रतिशत् भूभाग वन जङ्गलले ढाकेको, साल जस्तो महत्वपूर्ण प्रजातिको वन क्षेत्र रहेको, दाउरा तथा काठमा नगर आत्मनिर्भर रहेको ।

३ हावापानीमा विविधता, ६२० मिटर देखि २२६६ मि. सम्मको उचाइ रहेको । जसले गर्दा जैविक विविधताको प्राचुर्यता रहेको छ भने फलफुल खेती र नगदे बालीको लागि अनुकूल वातावरण रहेको छ । नगरको विकास र समृद्धिको लागि जैविक विविधता अनुकुल अवसर सृजना हुने अवस्था छ ।

४ विभिन्न क्षेत्रमा रहेका ढुङ्गाखानी, खोलानाला र कालीगण्डकी नदीमा रहेका बगर क्षेत्रसहित खानीजन्य स्रोतहरु समेत पर्याप्त छन् ।

५ कालिगण्डकी नदी, मल्याङ्दी खोला, लमाय खोला, चिर्दी खोला र बाच्छाखोला जस्ता बाह्रै महिना पानी बग्ने खोलाहरुनालाहरुबाट जलस्रोतको उलब्धता भरपर्दो देखिन्छ । सिंचाई, खानेपानी र अन्य पर्यटन प्रबर्धनमा उपयोगी त्यस्ता स्रोतहरुको उपयोग हुनसक्ने देखिन्छ । यस नगरपालिका हुँदै बग्ने नदीहरुको दीर्घकालीन उपयोगमा राष्ट्रिय अन्तराष्ट्रिय लगानीकर्ता र संघीय सरकारको ध्यान जानुपर्ने देखिन्छ ।

६ नगर क्षेत्रभित्र प्रशस्त सार्वजनिक खुला चउरको उपलब्धता रहेको छ ।

७ सबै टोल बस्तीमा कच्ची सडकको पहुँच विस्तार भएको छ । हाल नगरपालिकाभित्र करिव ४०० कि.मि भन्दा बढी सडक सञ्जाल रहेको छ ।

८ शिक्षा, खानेपानी तथा सरसफाइ क्षेत्रमा देखिएको हालको अवस्था नागरिकका मौलिक हक अधिकार संरक्षणमा सहयोगी बन्ने देखिन्छ । शिक्षा क्षेत्रमा अंग्रेजी माध्यममा पठनपाठनको सुरुवात र स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी पठन पाठन सुरुहुने अवस्थामा रहेको छ ।

**सीमितताहरुः**

१ नयाँ र पहाडी तथा ग्रामीण स्तरको नगरपालिका भएकोले सबै प्रकारका संरचनाहरुको विकास गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

२ विकासको आवश्यकताको तुलनामा आन्तरिक आय अत्यन्त न्यून रहेको, गैर तथा अन्तरसरकारी वित्तीय हस्तान्तरण नगरको विकासको मुख्य स्रोतको रुपमा रहेको छ ।

३ न्यून बजेटको कारण नगरक्षेत्रमा खनिएका करिव ४०० कि.मि. भन्दा बढि सडकको संरक्षण कार्य जटिल देखिएको ।

४ सामुदायिक विद्यालयमा अझै पनि लक्ष्य अनुसार गुणस्तरीय शिक्षाको सुनिश्चित हुन नसकेको,

५ कृषि र पशुजन्य उत्पादन तथा उद्यमी क्षेत्र अनुदानमुखी देखिएको छ । सौखिन र विलासिताको प्रबृति बढ्दै गएकोले कृषि भूमी बाँझिदै गएकोले कृषि र पशु क्षेत्रको विकासको लागि थप आधुनिकीकरण, व्यावसायीकरण तथा विविधीकरण आवश्यक रहेको

देखिन्छ ।

६ नगरबाट निरन्तरको बसाइसराईले दीर्घकालीन रुपमा नगरको विकासमा असर पार्ने देखिएको छ ।

७ जलस्रोतको प्राचुर्यता रहेको भए पनि यसको उपयोगमा संघीय सरकार, राष्ट्रिय र अन्तराष्ट्रिय लगानीकर्ताको ध्यान जानुपर्ने देखिन्छ ।

८ उपलब्ध रेमिट्यान्सको उत्पादनशील क्षेत्रमा उपयोग गर्न नसकिएको ।

**अवसर**

१ नगरपालिकाले स्थानीय सरकारको हैसियतले विभिन्न राजनैतिक, आर्थिक तथा प्रशासनिक अधिकारहरुको उपयोग गर्न सकिने स्थिति रहेको,

२ नगरपालिका क्षेत्रको जमिन र हावापानी कृषि तथा पशुपालनलाई उपयुक्त रहेको हुँदा यो क्षेत्रलाई नगरपालिकाको प्रमुख आम्दानीको स्रोत बनाउन सकिने,

३ यस नगरपालिकाभित्र रमणीय, भौगोलिक, साँस्कृतिक तथा धार्मिक महत्व बोकेका स्थानहरु भएकोले यसलाई पर्यटनसँग जोडी स्थानीय आय र रोजगारी बढाउन सकिने,

४ नगरपालिकाका सबै वडाहरुमा व्यवस्थित सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता आधारभूत पूर्वाधाहरुको सुविधा पुगेको,

५ जलस्रोत, ढुङ्गा खानी, नदीजन्य पदार्थहरु आदि जस्ता प्राकृतिक स्रोतको लाभ लिन सकिने ।

६ वैदेशिक रोजगारीबाट प्राप्त रेमिटेन्सलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकिने ।

७ अर्गानिक खेती प्रणालीको विकास गरी बजारीकरण गर्न सकिने ।

८ सडक सञ्जाललाई ब्यवस्थित गरी सबै बस्तीबाट नगर केन्द्र तथा कृषि, पशुपालन र फलफूल उत्पादनबाट नागरिकको जीवनस्तरमा अति शिघ्र सुधार गर्न सकिने देखिन्छ ।

**सम्भावनाहरु**

१ यस नगरपालिकामा उन्नत तथा अर्गानिक खेतीलाई व्यावसायिक रुपमा बढाउन सकिने,

२ नगरपालिकामा खेतीयोग्य भूमि, बगर, चरनयोग्य क्षेत्र प्रशस्त मात्रामा रहेको हुँदा पशुपालनको अधिक सम्भावना रहेको,

३ यस नगरपालिकाको जमिन र हावापानी फलफूल तथा तरकारी उत्पादनका लागि पनि त्यत्तिकै उपयुक्त भएको हुँदा व्यावसायिक तरकारी तथा फलफूल खेती गर्न सकिने सम्भावना रहेको,

४ पुर्कोट, लिमिकोट, डहरे देउराली, बज्रमारा, थाम्मेथुम डाँडा, ठानामौलाको कोट र चिसापानी देविस्थान आदि सम्पदा स्थलहरुको संरक्षण एवम् विकास गरी पर्यटन प्रवर्द्धन गर्न सकिने,

५ थापाठानाको थुम र ठानामौलाको खाल्टे आदि जस्ता ठाउँहरुमामा होमस्टेको विकास सकिने सम्भावना रहेको छ ।

**चुनौती तथा समस्याहरु**

## प्रमुख समस्याहरु

१ दीर्घकालीन सोचका साथ योजनाबद्ध विकासको अभ्यासमा कमी रहनु,
२ कृषि तथा पशुपालनको क्षेत्र अझै परम्परागत तथा निर्वाहमुखी अवस्थामै रहनु,
३ कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण तथा उचित भण्डारणको व्यवस्था नहुनु,
४ सिँचाई पूर्वाधार पर्याप्त नहुनु र भएका सिँचाई पूर्वाधार समेत समयमा मर्मत सम्भार हुन नसक्नु,
५ पर्यटकीय पूर्वाधार विकास गरी पर्यटन प्रवर्द्धन कार्यक्रमहरुमा कमी,
६ सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार गर्न कठिनाइ हुनु र बालबालिकाको सङ्ख्या घट्दै जानु,
७ विशेषज्ञ जनशक्ति तथा पर्याप्त उपकरण सहितको स्वास्थ्य संस्थाहरुको अभाव हुनु,
८ लैंगिक तथा सामाजिक समावेशीकरणको क्षेत्रमा अपेक्षाकृत प्रगति हुन नसक्नु,
९ दिगो भौतिक पूर्वाधारको अवधारणा विकास भई लागू नहुनु,
१० शहरी पूर्वाधार सहितको एकिकृत बस्ती विकासको कार्यक्रम लागू नहुनु,
११ सडक सञ्जालहरुको अपेक्षाकृत विकास हुन नसक्नु,
१२ भुक्षय र पहिरो आदि प्रकोपको समस्या रहेको,

## प्रमुख चुनौतीहरु

१ परम्परागत कृषि तथा पशुपन्छीपालनमा व्यावसायीकरण गर्नु,
२ घरेलु तथा साना व्यवसायहरु बजार प्रतिस्पर्धामा टिकाउनु र दिगोरुपमा सञ्चालन गर्नु,
३ सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार गर्नु,
४ नगरपालिकाका कच्ची सडकहरुलाई दिगो र बाह्रै महिने चल्ने बनाउनु,
५ आय आर्जन तथा रोजगारीको अवसर बढ्दो वसाइँ सराइ रोक्नु,
६ युवाहरुलाई विदेश पलायनबाट रोकी स्थानीय स्तरमै रोजगार तुल्याउनु,
७ नगरपालिकाको कार्यसम्पादन प्रभावकारी र नतिजामुखी तुल्याउनु ।
८ विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षणका लागि संस्थागत संरचना तयार नहुनु ।
९ नागरिक चाहना र उपलब्ध स्रोत बीचको दुरी ।
१० बाँदर तथा बन्यजन्तुको अतिक्रमण रोकी कृषि पशु उत्पादनको बजार सुनिश्चित गर्नु ।

## प्रमुख रणनीतिहरु

१ कृषि, वन, खनिज र पर्यटनलाई नगरपालिकाको अग्रणी क्षेत्रका रुपमा स्थापना गर्ने ।
२ स्थानीय पेशा तथा व्यवसाय विकास गरी घरघरमा रोजगारी सिर्जना गर्ने ।
३ आधारभूत स्वास्थ्य र शिक्षामा गुणस्तर तथा नागरिकहरुको पूर्ण पहुँच बढाउने ।

४ सतप्रतिशत घरपरिवारलाई स्वच्छ खानेपानीको उपलब्धता गराउने ।
५ महिला, बालबालिका तथा अन्य लक्षित वर्गहरुलाई विकासमा पहिलो प्राथमिकता दिने ।
६ स्थानीय संस्कृति संरक्षण र सांस्कृतिक सहिष्णुताको प्रवर्द्धन गर्ने ।
७ सबै घरधुरीलाई सडक तथा यातायात सुविधाको पहुँच सुनिश्चितता गर्ने ।
८ वन तथा जैविक विविधतामा लगानी र सोको सन्तुलित उपयोग,
९ वातावरण संरक्षण र फोहोर व्यवस्थापन गर्ने ।
१० सुशासन मार्फत दीगो शान्ति र विकास प्रक्रिया अगाडि बढाउने ।

## दीर्घकालीन सोच

**"कृषि, पर्यटन, जलस्रोत र पूर्वाधारः फलेवासीको समृद्धिको आधार"**

**क्षेत्रगत नीति तथा आधारहरुः**

**१ आर्थिक क्षेत्र**

- साना किसानलाई सहयोग पुग्ने योजनाहरुलाई प्राथमिकतामा राख्ने ।
- कृषिलाई ब्यवसायीकरण गरी रोजगार प्रबर्धन गर्ने कार्यमा जोड दिने ।
- कृषि एवम् पशुजन्य उत्पादन र बजारीकरण तथा प्रशोधन कार्यक्रममा जोड दिने ।
- आन्तरिक माग अनुसारको उत्पादनलाई प्रबर्धन गर्ने ।
- सम्भावनाका आधारमा पकेट क्षेत्रहरुको विकास र विस्तार गर्ने ।

**२ सामाजिक क्षेत्र**

- स्वास्थ्यको क्षेत्रमा दुर्गमका जनताको पहूँच बढाउने योजनालाई प्राथमिकता दिने ।
- शिक्षालाई जीवनोपयोगी सीपसँग अबद्ध गर्दै पहुँच नपुगेको समुदायमा पु¥याउने
- सामुदायिक विद्यालयको गुणस्तर सुधारमा विशेष जोड दिने ।
- प्रविधियुक्त शिक्षाको विकास गरी गुणस्तरीय शिक्षामा जोड दिने ।
- लैङ्गिक तथा सामाजिक समावेशीकरणको क्षेत्रमा सचेतना बढाइ सामाजिक न्याय सहितको समुन्नत विकासलाई सबल पार्ने ।

**३ पूर्वाधारक्षेत्र**

- गाउँ र बस्तीबाट नगरको केन्द्र जोड्ने सडक खण्डलाई प्राथमिकतामा राखी ट्र्याक खोल्ने कार्य पुरा गर्ने ।
- क्रमागत सडक, दुई आर्थिक केन्द्र र जिल्लाहरु जोड्ने सडक र पर्यटकीय मार्गलाई प्राथमिकतामा राखी कार्यक्रम तयार पार्न जोड गर्ने ।
- सडकको सवारी आयतनका आधारमा वर्गीकरण गरी गुणस्तर सुधार गर्दै जाने नीति अवलम्बन गर्ने ।
- नगरको चक्रपथ र अन्य मुख्य सडकहरुको स्तरोन्नति तथा कालोपत्रे गर्न अन्तर सरकारी समन्वय प्रभावकारी बनाई सडक निर्माण कार्य पुरा गर्ने ।

- नगरका प्रमुख सडकहरुलाई नियमित मर्मत गरी सडक सम्पत्ति संरक्षण कार्य प्रभावकारी गराउने ।
- नगर कार्यपालिकाको सडक मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

**४ वातावरण तथा विपद व्यवस्थापन**

- दीगो वन विकास कार्यक्रम सञ्चालन गरी संरक्षण–उपभोग गर्दै जीविकोपार्जनमा सुधार ल्याउने ।
- सडकपाखा संरक्षण कार्यलाई प्राथमिकतामा राखी हरियाली प्रबर्धन गर्ने कार्यलाई बढाउदै लाने ।
- विपद ब्यवस्थापन चक्रको प्रत्येक चरणलाई सम्बोधन गर्ने ।
- वन अतिक्रमण नियन्त्रण गर्ने ।
- वन र सार्वजनिक क्षेत्रको लगत तयार गर्ने ।
- भूक्षयबाट प्रभावित बस्ती एवं जलाधार क्षेत्रको संरक्षण कार्यलाइ समन्वयात्मक रुपमा अगाडि बढाउने ।

**५ संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- जनमैत्री सेवा प्रवाहलाई संस्थागत गर्ने ।
- सेवा प्रवाहलाई चुस्त र प्रविधिमैत्री बनाउने ।
- मुस्कान सहितको सेवा सबै कार्यालयबाट शुरु गर्ने ।
- पारदर्शिता, जवाफदेहिता, कानूनको शासन, जनउत्तरदायित्वलाई सेवा प्रवाहको केन्द्रमा राख्ने ।
- भौतिक पूर्वाधारलाई अपाङ्गतामैत्री, बालमैत्री तथा जेष्ठ नागरिकमैत्री बनाउने ।
- विभिन्न विषयगत क्षेत्रका योजना तथा कार्यक्रम मार्फत गरिबी न्यूनीकरणमा जोड दिने ।

# फलेवास नगरपालिका पर्वतको

पन्ध्रौ नगरसभामा नगर प्रमुख श्री गंगाधर तिवारीज्यूले प्रस्तुत गर्नुभएको

आर्थिक वर्ष २०८१/०८२ को

# वार्षिक नीति तथा कार्यक्रम

## फलेवास नगरपालिका

खानीगाउँ, पर्वत ।

२०८१ आषाढ ९

**आदरणीय नगरसभा सदस्यहरू,**
**फलेवासी आमाबुबा, दाजुभाइ तथा दिदी बहिनीहरू,**
फलेवास नगरपालिकाको १५ औं नगरसभामा उपस्थित फलेवास नगरपालिकाका उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यू तथा नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, सम्पुर्ण कर्मचारीज्यूहरु, सञ्चारकर्मीज्यूहरु, एवम् उपस्थित सम्पुर्ण महानुभाव तथा हाम्रो यस कार्यक्रमलाई आम सञ्चारमाध्यम तथा सामाजिक सञ्जालको माध्यमबाट देशबिदेशमा बसी हेरिरहनु र सुनिरहनुभएका सम्पुर्ण नगरबासी आमाबुवा दाजुभाई तथा दिदीबहिनीहरु ।

नेपालको सार्वभौमसत्ता स्वाधिनता भौगोलिक अखण्डता राष्ट्रिय हित, स्वाभिमान र नेपालको संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन ब्यवस्थाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरूप्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक श्रदाञ्जली व्यक्त गर्दछु । आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रमको लक्ष्य "समृद्ध नगरः खुशी नगरबासी" रहेको जानकारी गराउँन चाहन्छु । नगरपालिकाको सर्वाङ्गीण विकासका लागि स्थानीय सरकारसँग जनताहरुको अपार अपेक्षा एवम् आशा रहेको हुन्छ । उपलब्ध स्रोत–साधन र अवसरको उच्चतम प्रयोग, न्यायोचित वितरण र संविधान प्रदत्त अधिकारहरुको सफल कार्यान्वयन मार्फत संघीयताको सफल अभ्यासबाट नै जनताको विकास र समृद्धिको आकांक्षालाई पूरा गर्न सकिन्छ । फलेवास नगरपालिकाको नगर प्रमुखको हैसियतले यहाँहरु सामु फलेवास नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा गौरवको अनुभूती गरेको छु ।

आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिरहँदा समृद्ध, समतामूलक, स्वच्छ हराभरा र विकसित नगरपालिकाको भावी तस्विरलाई सामुन्नेमा राखेको छु । नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारले तर्जुमा गरेका बजेट तथा कार्यक्रम, दीगो विकासका लक्ष्यहरु हासिल गर्ने लगायतका नेपाल सरकारले अन्तराष्ट्रिय क्षेत्रमा जनाएका प्रतिबद्धताहरुबाट सिर्जित दायित्व, गण्डकी प्रदेश सरकारका आवधिक विकास योजनाहरु, संघ र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक, सामाजिक लगायतका विकासका नीतिहरु र मध्यकालीन खर्च संरचना लगायत नेपाल सरकारको पक्षबाट भएका अन्तराष्ट्रिय महासन्धि तथा सन्धिहरु र त्यसबाट सिर्जित दायित्वहरु, संघीय तथा प्रदेश सरकारले अवलम्बन गरेका राष्ट्रिय एवं प्रादेशिक नीतिहरु, आर्थिक नीतिहरु, फलेवास नगरवासी, संघीय सरकारका मन्त्रीज्यू, राष्ट्रिय सभा र प्रदेश सभाका सदस्यज्यूहरु, जिल्ला समन्वय प्रमुख तथा सदस्यज्यूहरु, बुद्धिजीवी तथा नागरिक समाज र विद्वत वर्गहरुबाट प्राप्त सुझावहरु तथा अन्य प्रचलित ऐन कानुनहरुको परिधिभित्र रही यस फलेवास नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम तयार गरिएको छ ।

लोकतन्त्रका आधारभूत मूल्य, मान्यता, बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासनप्रति पूर्णप्रतिबद्ध छु । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने

कुरामा नगर सरकार हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकुन् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं । नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न नगर सरकार दृढ छ । जनप्रतिनिधिहरु शासक होइनन्, जनताका सेवक हुन् भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी सम्यन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शक सिद्धान्तको रुपमा ग्रहण गरेका छौं । म यो सम्मानित नगरसभामा फलेवास नगरपालिकाले अघि सारेका विकास निर्माण, सुशासन, सेवा प्रवाह र मानवीय विकासको क्षेत्रमा गरेका उत्कृष्ट कार्य गर्नका लागि अहोरात्र खट्ने राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि र सम्पूर्ण नगरबासीलाई धन्यवाद व्यक्त गर्न चाहन्छु । आगामी दिनमा नगरको समृद्धि र नगरबासीको खुसीको लागि यहाँहरु सँगसँगै सहकार्यमा रचनात्मक काम गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

**नगरसभा सदस्यहहरू,**

**फलेवासी आमाबुबा, दाजुभाइ तथा दिदी बहिनीहरू,**

फलेवास नगरपालिका दीगो विकासका लागि दीर्घकालीन सोचका साथ अगाडि बढेको छ । हामी निर्वाचनका बेला नगरवासीहरुसँग गरेको प्रतिबद्धता, योजनाबद्ध विकास, आवधिक र वार्षिक योजनामा केन्द्रित रही विकासका क्रियाकलापहरु अगाडी बढाएका छौं । सोही योजना र प्रतिबद्धता अनुसार नगरभित्रका मोटरबाटोहरु निर्माण तथा सुधार कार्य द्रुत गतिमा भईरहेको छ । नगरकै गौरवका आयोजनाका रुपमा रहेका प्रशासकीय भवनको निर्माणकार्य यसै वर्षभित्रै सकेर सोहि भवनबाट सेवा प्रवाह गरिने छ । कालीगण्डकी लोकमार्ग अन्तर्गत पाङराङ कुर्घा खण्डको कालोपत्रे कार्य सकिएको छ । उक्त सडकको फलेवास ढिक, मोदीबेणी अर्मादी सडकखण्डको कार्य अगाडी बढ्न नसकेकोले उक्त कार्यको प्रकृया अघि बढाउन सम्बन्धित मन्त्रालयदेखि बिभाग र आयोजना कार्यालयसम्म ध्यानाकर्षण गराइएको छ । पर्वतका अधिकांस पालिकाको सडक सञ्जालसँग जोडिएका तथा नेपालको अलौकिक धार्मिक आस्थाको केन्द्र मुक्तिनाथ हुँदै भारत र चिन जोड्ने छोटो मुख्य राजमार्ग भएकोले पनि उक्त सडकलाई प्रमुख प्राथमिकतामा राखेर कार्य अगाडी बढाउन संघ सरकारलाई अनुरोध गरिएको छ । उक्त सडकका कारणले गर्दा जनताको जनजीवनमा समेत सुधार हुने अपेक्षा राखिएको छ । नगरले सिंचाई, खानेपानी, गोरेटो बाटो, भवन निर्माण, विद्यालय भवन, मोटरबाटो स्तरोन्नति लगायत शहरी शासकीय पुर्वाधार निर्माण र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस वर्ष नगरमा सानाठुला गरी २०० भन्दा बढी योजनाहरु निर्माण सम्पन्न हुने प्रकृयामा छन् । राजस्व प्रशासनलाई चुस्त र दुरुस्त बनाउन सुत्रमा आधारित अनलाइन राजस्व प्रणाली कार्यान्वयन गरिएको छ । नगरका सबै वडा कार्यालयहरुलाई प्रविधिमैत्री बनाउनका लागि आवश्यक सबै पुर्वाधारहरुको व्यवस्था गरिएको छ ।

**नगर सभा सदस्यहरू,**

अब म नगरको आर्थिक वर्ष २०८१।०८२ मा नगरले अगाडि सारेका विषयगत क्षेत्रका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

**पूर्वाधार विकास**

१ पूर्वाधारको विकास विना जनताका आवश्यकता पूरा गर्ने कार्यको सुरुवात समेत गर्न सकिँदैन । सबै विकास योजनाहरू पूर्वाधार विकासमा नै आधारित हुन्छन् । यसै मर्मलाई आधार मानेर फलेवासका प्रत्येक बस्तीमा बाह्रै महिना सञ्चालन हुने गरी सडक सञ्जालको विस्तार तथा स्तरोन्नति कार्य भइरहेको छ । नगरपालिकाका सबै वडाको केन्द्रसम्म पुग्ने सडक, नगरपालिकाका प्रमुख सडक तथा सहायक सडकहरु आगामी तीन वर्षभित्र ग्रावेल तथा कालोपत्रे गरिसक्ने गरी सङ्घीय सरकार, प्रदेश सरकार, शहरी शासकीय पुर्वाधार विकास आयोजना, प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतसँगको समन्वय तथा सहजीकरण र नगरको आन्तरिक स्रोतको अधिकतम उपयोग गरी सम्पन्न गरिनेछ । नगरका सबै टोल एवम् बस्तीलाई यातायातको सरल, सहज तथा गुणस्तरिय पहुँचका लागि नगरका डोजरहरुद्वारा आकस्मिक मर्मत तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ ।

२ हाल प्रदेश सरकारसँगको समन्वयमा स्याङजाको नौडाँडा हुँदै नगरपालिकाको कार्कीनेटा, थापाठाना, शंकरपोखरी, देविस्थान, बाग्लुङ्ग जैमुनीघाट, गलकोट प्रादेशिक रणनैतिक सडक, थापाठानाको खुम, भँगरा, बेतेहानी सल्यानधारा सडक र उपल्लो बाच्छाचोक हर्रेचौपारी सडक कालोपत्रेका लागि बोलपत्र आव्हान भइसकेको छ । जसले नगरको आर्थिक, भौतिक, सामाजिक एवम् सांस्कृतिक विकासको सञ्जालीकरणमा सघाउ पुर्याउने छ । मुडिकुवाको अग्लो पुलदेखि कालीगण्डकी करिडोरसम्मको सडक, नगरपालिकाको कार्यालयसम्म पुग्ने झकलक–नगरपालिका, पानीट्याङ्की–नगरपालिका र राहाले–नगरपालिका सडकको कालोपत्रे तथा स्तरोन्नति कार्यले यस नगरको मुहार झल्किएको आभास मिलेको छ । लमायखोला, लिमिठाना, ठानामौला, बेतेहानी सडक, साइकलचोक मल्याङ्दीखोला नुवार सडक, बगुवा फेदी थापाठाना कार्कीनेटा सडक, सहिदचोक भिँडाबारी थापाठाना सडक, पानीटंकी बिसुनचौका राहाले सडकहरुको केही भाग यसै वर्ष कालोपत्रे भएको छ भने उक्त कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ । कार्कीनेटा भुजेलस्वाँर भिंडाबारी सहिदचोक रुग्दी सडक, तिवारीटोल शंकरपोखरी सडक, सातबिसे घिमिरेटोल हुँदै खानीगाउँ सडक आगामी आर्थिक वर्ष स्तरोन्नतिको कार्य अगाडी बढाइनेछ । नगरका महत्वपूर्ण सडकका रुपमा रहेका बाहिरी तथा भित्री चक्रपथहरु पाङराङ–नेपाने–अम्डी हुँदै भोक्सिङ सडक, ठानामौला–घन्तरी–लुङ्खु सडक, बयाले बज्रमारा मन्दिर हुँदै जसुखर्क सडक, खानीगाउँ चितीपानी शंकरपोखरी मैदान मेलपोखरी थापाठाना सडक, तातोपानी रुग्दी चुरी शंकरपोखरी पोखराचौर सडक, पाङराङ शिवालयचोकदेखि वडा कार्यालय सडक, तिवारीचोक अम्बोट गहते धारापानी सडक, डाङडुङे ठुलास्वाँरा सडक, श्रीसुवा चुरी कुँडापानी सडक, लमायखोला छाम्मी अर्चले सिरुबारी भँगरा सडक, लिमिठाना स्वास्थ्यचौकी वडा कार्यालय, यमुनाघुम्ती सडक, भुजेलस्वाँरा बालालहरी टिमुरबोट चाम्लेखोल्सा राममन्दिर घोप्टेचौर कार्कीनेटा हुँदै पुवाडाँडा सडक, कालीगण्डकी श्रीकाङ वडा कार्यालय शुलिकोट सडक, सात्ले नुवाखर्क उपल्लो श्रीकाङ शुलिकोट सडक, ठानामौला घन्तरी लुङ्खु लगायतका नगरभित्र रहेका विभिन्न सडकहरुको निर्माण तथा स्तरोन्नतिका लागि ३ तहका सरकारहरुसँग आवश्यक समन्वय र साझेदारी गरिने छ ।

नगरबासीहरुलाई नगरको केन्द्रसम्म आउजाउमा सहजताका लागि आवश्यकता अनुसार नगरबसको व्यवस्थाका लागि पहल गरिनेछ । नगरका अन्य बस्ती जोड्ने सडकहरूको स्तरोन्नतिका लागि शहरी शासकीय पूर्वाधार विकास आयोजनाका साथै नगरपालिकाको आफ्नै स्रोत साधन समेतको लागत साझेदारीमा कार्य अगाडी बढाइनेछ ।

३ विश्वपरिचित ऐतिहासिक तथा पौराणिक कालीगण्डकी नदीको संरक्षण गर्दै वातावरण प्रतिकुल नहुने गरी कालीगण्डकी नदीमा नदीजन्य ढुङ्गा, गिटी बालुवा, संकलन र बितरण गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ । कालीगण्डकी घाटहरूको संरक्षणमा स्थानीय समुदायलाई जिम्मेवार बनाइनेछ । बस्ती र प्रत्येक टोलबाट मृत व्यक्तिको अन्तिम संस्कार लगायत अन्य धार्मिक कार्यका लागि कालीगण्डकी जाने आउने परम्परागत गोरेटा बाटाहरूको स्तरउन्नति गरिनेछ । मोदीबेणी लगायत कालीगण्डकीका प्रमुख घाटहरूमा मलामी विश्राम गृह निर्माण कार्यको सुरुवात गरिनेछ ।

४ स्थानीय सरकारको अवधारणा अनुसार नागरिकलाई प्रदान गर्ने सेवा सहज, छिटो, छरितो र गुणस्तरीय रुपमा प्रवाह गर्न नगरपालिकाको प्रशासकीय भवन निर्माण आगामी आर्थिक वर्षभित्र सम्पन्न सोहि नयाँ भवनबाट सेवा प्रवाह शुरु गरिनेछ । वडा नंवर ५ खानीगाउँ र वडा नंवर ७ लिमिठानाको वडा कार्यालयको निर्माणका लागि जग्गा व्यवस्थापन गरी भवन निर्माणकार्य अगाडी बढाइनेछ । सबै सरकारी संरचना प्रविधिमैत्री, अपाङ्गमैत्री, बालमैत्री र महिलामैत्री हुनेछन् ।

५ स्वास्थ्य पूर्वाधारको रुपमा रहेका सम्पूर्ण स्वास्थ्य चौकीहरूको पूर्वाधार निर्माण तथा भइरहेका स्वास्थ्यचौकीहरुको स्तरोन्नतीको कार्यलाई आवश्यकता अनुसार निरन्तरता दिइनेछ । आवश्यक स्थानमा सामुदायिक भवन, क्रियापुत्री भवन र विभिन्न क्लवका भवन निर्माणका लागि सहयोग उपलब्ध गराइनेछ ।

६ कालीगण्डकीको जलाशययुक्त जलविद्युत आयोजना (६२० मेगावाट) को सम्भाव्यता अध्ययन सम्पन्न भई वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन तयारीको कार्य सुरु भइसकेको छ । उक्त कार्यलाई जलविद्युत उत्पादन, पर्यापर्यटन, धार्मिक पर्यटन, साहसिक पर्यटन, मत्स्यपालन, पानी लिफ्टिङ गरी माथिल्लो समथर भागमा सिंचाइ विस्तार लगायतका कार्यक्रम सञ्चालन गर्न अन्तरपालिका तथा अन्तरसरकार सहकार्यलाई अगाडि बढाइनेछ ।

७ लमाय खोलामा जलाशयको निर्माण गरी लमाय र चर्चित डहरे देउरालीसँग जोडेर लमायखोला–डहरेदेउराली बहुउद्धेश्यीय परियोजनाको सम्भाव्यता अध्ययन शुरु भइसकेको छ । सोको लागि संघ र प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ । लिफ्ट सिंचाइ तथा खानेपानी, विद्युत उत्पादन, साहसिक र मनोरञ्जनपूर्ण पर्यटन, मत्स्यपालनको विकास गरी लमायखोला व्यावसायिक उपयोग योजनाको सुरुवात गरिनेछ ।

८ देविस्थानमा निर्माणाधीन फलेवास रङ्गशालालाई गण्डकी प्रदेशको पोखरा पछिको दोस्रो ठूलो रङ्गशाला तथा ठानामौला खेलमैदान, अम्बोट खेलमैदानको स्तरोन्नती कार्य गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ । यसका लागि नगरले पनि आवश्यक लगानी गर्नेछ । शंकरपोखरी लगायत प्रत्येक वडामा कम्तिमा एउटा खेलकुद मैदान निर्माण गरिनेछ ।

९ सङ्घ सरकार र प्रदेश सरकारको साझेदारीमा मुडिकुवाको अम्बोटमा एक सुविधा सम्पन्न सिटिहल निर्माण, देविस्थानस्थीत इन्द्रको चौरमा फलेवास बसपार्क निर्माणका लागि आवश्यक कार्य अगाडि बढाइनेछ । औद्योगिकग्रामको स्थापनाको लागि फलेवास–५ खानीगाउँमा रहेको घोरेढुङ्गामा आवश्यक कार्यको प्रकृया अगाडि बढाइएको छ ।

१० आवतजावतमा सहजीकरण गर्नका लागि नगरपालिकाका नदी तथा खोलाहरूमा आवश्यक झोलुङ्गे पुल निर्माणको लागि सङ्घ र प्रदेश सरकारसँग साझेदारी गरिनेछ । नगरका आवश्यक सबै स्थानमा झोलुङ्गे पुल निर्माण कार्य अगाडि बढाइनेछ ।

११ फलेवास नगरपालिकाको गौरवको योजनाका रुपमा निर्माणाधीन मनमोहन शान्ति वाटिकाको निर्माण कार्यलाई वातावरण मैत्री तवरले सम्पन्न गरिनेछ । यसका लागि जग्गाको भोगाधिकार लिने प्रकृया अघि बढिसकेकोले छरितो रुपमा सम्पन्न गरी उक्त बाटिकाको निर्माणकार्य प्रदेश सरकार, सङ्घ सरकार र अन्य विषय क्षेत्रगत निकायसँगको सहयोगमा सम्पन्न गरिनेछ । उक्त बाटिकालाई पञ्चासे, बान्द्रे, थाम चिसापानी सामुदायिक वनसँगको सहकार्यमा पर्यापर्यटनको रुपमा विकास गरिनेछ ।

१२ प्रत्येक नगरवासी नागरिकलाई नाना, छाना र मानाको ग्यारेन्टी गर्ने हाम्रो लक्ष्य छ । नगरभित्रका घरवारविहीन व्यक्तिहरूको लगत संकलन गरी उनीहरूको आवास व्यवस्थापनका लागि सहयोग गरिनेछ ।

१३ बजार क्षेत्रको विकास र बजार पूर्वाधार विकासका कार्यक्रमलाई प्राथमिकता दिइनेछ । आवश्यक पर्ने र मुख्य बजारक्षेत्रमा सोलार बत्ती, सडक बत्ती जडान गरिनेछ । बजारका सबै सडकहरूमा नाली व्यवस्थापनको कार्यलाई तिब्ररुपमा अघि बढाइनेछ ।

१४ मल्याङ्दीखोलाको सिसाठाँटीमा मोटरेबल पुलका लागि बोलपत्र आव्हान भई निर्माण प्रकृया अगाडि बढिसकेको छ । बाँकी आवश्यक स्थानहरुमा मोटरेवल पुल निर्माणका लागि प्रदेश र संघ सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिने छ ।

१५ 'मुहानदेखि मुखसम्म शुद्ध खानेपानी' भन्ने मन्त्रसहित सङ्घ र प्रदेश सरकारको साझेदारी तथा नगरपालिकाको आफ्नै लगानीमा तीन वर्षभित्रमा नगरका सबै घरहरूमा एक घर एक धारा कार्यक्रम सम्पन्न गरिनेछ । पानीका मुहानहरूको संरक्षण गरिनेछ । सम्भावना भएका र आवश्यक स्थानमा लिफ्ट खानेपानी र वोरिङ खानेपानी योजना सञ्चालन गरिनेछ । स्वच्छ र सफा खानेपानीमा सबै नगरवासीको पहुँच स्थापित गरिनेछ ।

१६ सामुदायिक विद्युतीकरणलाई नेपाल विद्युत प्राधिकरणको मातहतमा ल्याउन आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।

**नगर सभा सदस्यहरू,**

**आर्थिक विकास**

१७ पर्यटकीय संरचना निर्माणमा निजी क्षेत्र र सामुदायिक क्षेत्रको योगदान महत्वपूर्ण रहन्छ । पोखरा र कुश्मा आउने पर्यटकको केही अंशमात्र हामीले फलेवासमा आकर्षण गर्न सक्यौं भने पनि हाम्रो पर्यटनको योजना सफल हुन्छ । यसका लागि नयाँपुल–पन्चासे–डहरे–सिरुवारी पदमार्गको विकास सम्भावनाको खोजी गरिनेछ । फलेवास

पुर्कोट डहरे देउराली केवलकारको सम्भाव्यता अध्ययन गरिनेछ । कुश्मा–शंकरपोखरी–थापाठाना–कार्कीनेटा–वयाले–चिसापानी हुँदै पाङराङसम्मको पदमार्गको विकास गरी ती पदमार्गका बीच–बीचका स्थानहरूमा होमस्टे, स्थानीय उत्पादनका बजार, साँस्कृतिक केन्द्रहरूको स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१८ सातमुले बराह मन्दिर संरक्षण र गणेश मन्दिर पुर्वाधार निर्माणको कार्यलाई अगामी वर्ष अगाडी बढाइनेछ । डहरे, चिसापानी, अन्धाअन्धी, चक्रुफुलबारी, खानीगाउँको ज्यामीरे भगवती, कुर्घाको गायत्री आश्रम, ऐतिहासिक देविस्थान भगवती मन्दिर, ठानामौलाको भुमेकोट, सुलिकोट, पुर्कोट, भुमेकोट, भंगराको बजारमारा देवी, चण्डेस्वरी मन्दिर थापाठाना, कुर्घाको गुफा, कलपुरी शिव मन्दिर, पाङराङको चण्डिश्रीकाङ मन्दिर, डान्सिङ्ग, मोदिवेणी, सत्तल, जैमिनी क्षेत्रजस्ता आन्तरिक पर्यटनको विकासका सम्भावना भएका स्थानहरूको पहिचान, सूचीकरण, विकास र प्रचारप्रसार गरिने छ । साथै डहरेदेउराली चिसापानी भैरवस्थान केवलकारको सम्भाव्यता अध्ययनको लागि निजी क्षेत्रसँग समन्वय गरिनेछ । भंगराको बजारमारा देबी मन्दिरको पुनःनिर्माण स्थानीय र अन्य सरकारसंगको  साझेदारीमा सम्पन्न गरी उक्त मन्दिरलाई पर्यटकीय र आस्थाको केन्द्रका रुपमा विकास गरिनेछ ।

१९ डहरे क्षेत्रमा गुरुकुल आश्रमको स्थापना गरी संस्कृतिको विकासका साथै धार्मिक पर्यटनमा जोड दिइनेछ । डहरे देउराली र यसको उचाइसँगै पाङराङसम्मको भूभागलाई जैविक पर्यटन एवम् आयुर्वेदिक जडिबुटी खेती प्रबर्धन गरी कार्कीनेटामा आयुर्वेद अध्ययन तथा अनुसन्धान केन्द्र एवम् पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नको लागि साझेदारको पहिचान गरी सम्भाव्यता अध्ययन गरिनेछ ।

२० खुम र ठानामौलाको होमस्टेको भौतिक पूर्वाधार निर्माण लगायत, सामाजिक, साँस्कृतिक विकासमा जोड दिई नगरकै साँस्कृतिक होमस्टेका रुपमा विकास गरिनेछ । अन्य पर्यटकीय सम्भावनाका स्थल वरपर होमस्टे सञ्चालन गर्न समुदायलाई प्रोत्साहन गरिनेछ ।

२१ नगरको केन्द्रमा तोकिएको मापदण्ड अनुसारको पहिलो होटल तथा लज स्थापना गर्ने व्यवसायीलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।  एक पटकका लागि लाग्ने व्यवसाय करमा छुट दिइनेछ । होटल लजसम्म पुग्ने बाटो, बिजुली लगायतका पूर्वाधार विकासको जिम्मा नगरले लिनेछ ।

२२ नगरभित्रका कृषि उपजहरूको सुरक्षित संकलन र भण्डारण गरी बेमौसमी समयमा बजारमा लैजान र उत्पादित वस्तुको उच्च मुल्य प्राप्त गर्न नगरको उपयुक्त स्थानमा कृषि उपज तथा बीउ बीजन संकलन एवम् चिस्यान केन्द्रको स्थापनाको लागि निजी क्षेत्रसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गरिनेछ । यसका लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउने कार्यमा नगरपालिकाले सहजीकरण गर्नेछ ।

२३ सुन्तला उत्पादन पकेटको रुपमा रहेको पाङराङ, कुर्घा, लिमीठाना, ठानामौला र भँगारा क्षेत्रलाई अझै विस्तार गरिनेछ । जसको लागि निःशुल्क बिरुवा तथा औषधी वितरण र सुन्तला बजारीकरणमा सहयोग गरिनेछ ।

२४ राष्ट्रिय फलफुल विकासकेन्द्र अन्तर्गतको पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास

आयोजना NAPHA संगको सहकार्यमा फलेवासका हरेक वडाको माटो परिक्षण गरी माटो र हावापानी सुहाउँदो फलफुल, तरकारी तथा अन्य खेतीलाई प्रोत्साहन गरिनेछ । यो कार्यक्रम ७ वर्षसम्म निरन्तर सञ्चालन गरीने छ । जसले किसानहरुलाई फलफूलको व्यवसायिक उत्पादनमा कोसेढुङ्गा सावित हुनेछ ।

२५ फलेवास नगरपालिकालाई कुनै एक कृषि क्षेत्रमा आत्मनिर्भर हुनका लागि उपयोगमा नआएको तथा बाँझो जमिनमा कृषि खेती प्रवर्धन गर्दै व्यवसायिक खेती प्रणालीलाई प्रोत्साहन दिई उत्पादन बृद्धि गरिनेछ । कृषि प्राविधिकको सहयोगमा माटो परीक्षण गरी फलेवास नगरको भूगोल र हावापानी अनुसार आँप, लिची, कटहर, सुन्तला, केरा, किवी, दाँते ओखर आदि फलफूल खेतीका लागि प्रोत्साहन गरिनेछ ।

२६ बाँझो जमिनलाई उपयोग गरी संघ र प्रदेश सरकारसंगको कानूनी साझेदारीतामा औषधिजन्य प्रयोजनका लागि गाँजा खेतीको सम्भाव्यता अध्ययन गरिनेछ । नगरभित्रको जग्गालाई कृषि र गैर कृषिक्षेत्रको रुपमा बर्गिकरण प्रकृया अगाडि बढाइनेछ ।

२७ बिक्रम सम्वत २०८१।२०९१ लाई नेपाल सरकारले कृषि दशकका रुपमा घोषणा गरेअनुरुप फलेवासले पनि उक्त दशकलाई कृषि क्रान्तिको दशकका रुपमा लिनेछ । जसका लागि निजी, सहकारी र सरकारी साझेदारीमा पाङराङमा बीउ संकलन केन्द्र र प्याकेजिङ केन्द्रको स्थापना गर्दै नगरस्तरीय व्राण्डिङ गरी बजारीकरणमा सहयोग गरिनेछ । मुडिकुवामा रहेको सामुदायिक खाद्य प्रसोधन उद्योगलाई थप व्यवसायिक र क्षमता बिस्तारका लागि प्रोत्साहन गरिनेछ । नगरभित्रका कृषि उपजको प्रसोधन गरी ब्राण्डिङ तथा स्थानीयस्तरमा उपभोग गर्न अभियान सञ्चालन गरिनेछ ।

२८ बाँदरको प्रकोप बढी भएका स्थानहरूमा सम्भाव्यताको आधारमा बाँदर नियन्त्रणको कार्य प्रभावकारी रुपमा अगाडी बढाइनेछ । किसानहरुलाई बाँदरले नष्ट नगर्ने किसिमका बाली जस्तै लसुन, प्याज, खुर्सानी, सुर्ती, अदुवा, बेसार, जौं, टिमुर, कटहर र कागती खेतीका लागि प्रोत्साहन गरिनेछ ।

२९ सबै खेतीयोग्य भूमिमा सिंचाइ सुविधा उपलब्ध गराइनेछ । नहर, लिफ्ट सिंचाइ, भुमिगत सिंचाई तथा साना सिंचाइ र थोपा सिंचाइलाई आवश्यकता र सम्भावनाका आधारमा स्थान विशेष अनुसार प्राथमिकता दिइनेछ । फलेवास सिंचाइ आयोजनाको मर्मत सम्भार गरिनेछ । कालीगण्डकी लिफ्ट सिंचाई तथा मोदीखोला लिफ्ट सिंचाई आयोजना लाई प्रदेश सरकारसंगको सहकार्यमा अघि बढाइनेछ । नगरका सबै खेतियोग्य जमिन तथा फाँटहरूमा सिंचाइ सुविधाको पर्याप्तताको सुनिश्चितता गरिनेछ । यसको लागि नगरपालिकाले प्रदेश र सङ्घीय सरकारसँग सहकार्य गर्नेछ । लमायखोला लिफ्ट सिंचाइ आयोजनालाई अगाडी बढाइनेछ । ठानामौला–लिमिठाना बृहत सिंचाई मर्मतसम्हार र बिस्तार गरिने छ । नगरका उपयुक्त स्थानहरुमा डीप बोरिङमार्फत सिंचाईको सुविधा उपलव्ध गराइनेछ ।

३० आयातित मदिराको खपतलाई निरुत्साहित गर्दै स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न घरेलु मदिरा उत्पादन गरी संघ तथा प्रदेश सरकारसंगको कानुनी प्रावधान बमोजिम ब्राण्डिङ, लेभलिङ र प्याकेजिङ गरी नगरभित्र उद्यमी रोजगारी र नगरको आम्दानी बृद्धी गर्न प्रोत्साहन गरिनेछ ।

३१ कृषक प्रोत्साहन कार्यक्रम अन्तर्गत उत्पादनमा आधारित अनुदानलाई प्राथमिकता दिइनेछ । उत्पादन साथमा, अनुदान हातमा भन्ने नारासहित कृषि अनुदान प्याकेज प्रदान गरिनेछ । किसानको उत्पादनलाई बजारसम्म पुर्याउन नगरमा आवश्यकता अनुसार किसान क्लव गठन गरिनेछ । जसबाट किसानहरु संगठित भई उत्पादन र बजारीकरणमा सहजीकरण गर्न मद्दत पुग्नेछ ।

३२ कृषिमा आधुनिकीकरण गरी व्यावसायिक कृषिको प्रवर्धन गर्न समूहमा आधारित कृषि यान्त्रीकरण कार्यक्रम सञ्चालन गरिनेछ । यान्त्रिक हलो, साना स्केलका धानकुट्ने, पिठो पिस्ने मेसिनका साथै अन्य आवश्यक मेसिनहरू लागत साझेदारीमा उपलव्ध गराइनेछ । घरघरमा टनेल, घरघरमा तरकारी कार्यक्रम सञ्चालन गरी प्रत्येक घरमा कृषि प्राविधिक मार्फत मौसमी तथा बेमौसमी तरकारीको बीउ र प्राविधिक सेवा प्रदान गरिनेछ । स्थलगत बाली संरक्षण कार्यक्रम, कृषि बिमामा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । पालिकाभित्रका अवकाशप्राप्त, कृषि प्राविधिकहरुको सीप, क्षमता तथा विज्ञताको अधिकतम उपयोग गर्न प्रोत्साहन गरिनेछ । कृषि तथा पशुवस्तुको मूल्यशृङ्खला परियोजना सञ्चालनका लागि आवश्यकतानुसार साझेदारी गरिनेछ ।

३३ 'स्थानीय सरकार, रोजगारीको आधार' भन्ने नारासहित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई कृषि र उत्पादनमूलक क्षेत्रहरूसँग जोडेर रोजगारी सृजना गरिनेछ । 'श्रमको सम्मान, राष्ट्रको अभियान' भन्ने नारालाई सार्थकता दिन युवाहरुलाई रोजगार र आत्मनिर्भर बनाई विभिन्न सीपमुलक, रोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३४ 'परदेशको ज्ञान, फलेवासको माटोमा योगदान' भन्ने मन्त्रलाई आत्मसाथ गर्दै वैदेशिक रोजगारवाट फर्केका तथा वेरोजगार युवाहरुलाइ कृषि तथा पशुपालन तर्फ आकर्षित गर्नका लागि सामुहिक तथा ब्यवसायिक बाख्रापालन र कुखुरापालन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३५ रैथाने प्रजातिका गाई भैंसीका नश्लहरूको संरक्षण अभियान सञ्चालन गरिनेछ । पशुवस्तुमा देखिने बिभिन्न महामारीजन्य रोगहरुको नियन्त्रणका लागि स्थलगत जनचेतना अभिबृद्धी, खोप तथा उपचारमा तदारुकताका साथ महामारीजन्य रोगबाट पशुधनको क्षती भएका किसानलाई सहयोग गरिनेछ । साथै उन्नत जातका राँगा तथा बोका बितरणमा प्रोत्साहन गरिनेछ । पशु स्वास्थ्य तथा प्रयोगशाला सेवा कार्यक्रम मार्फत नगरभित्र रोग निदान तथा औषधोपचारका लागि आवश्यक विधिहरु अपनाईने छ । छाडा पशुवस्तुको उचित व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।

३६ श्रमिक कल्याणकारी कोष मार्फत श्रमिकहरूको पेन्सन योजनालाई निरन्तरता दिइनेछ ।

३७ परम्परागत पेशालाई सम्मानित पेशाको रुपमा विकास गरिनेछ । पुरानो पुस्ताबाट नयाँ पुस्तामा सीप हस्तान्तरण गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ । कपडा सिलाउने, छालाका सामानहरू निर्माण गर्ने, पराल तथा बाँसका सामग्री निर्माण गर्ने, दुना टपरी बनाउने, बत्ती कात्ने, जनै बनाउने जस्ता परम्परागत सीप र पेशालाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

३८ एक घर एक उद्यमी सिर्जना गर्ने उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ । आत्मनिर्भर

हुँदै क्रमशः व्यावसायीकरण तर्फका कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय उत्पादनमा आधारित उद्योगको विकासमा जोड दिइनेछ । लप्सीका विभिन्न परिकार बनाउने उद्योग, मकै तथा कोदोको परिकार बनाउने उद्योग, दुनाटपरी लगायत स्थानीय वनपैदावारजन्य उद्योग, पानी प्रसोधन उद्योग, दुग्ध परिकार उद्योग, सिलाई बुनाइ उद्योग, काष्ठकला उद्योग, ढुङ्गाबाट विविध सामग्री बनाउने उद्योग लगायतहरुलाई प्रोत्साहनका कार्यक्रम ल्याइनेछ । नगरमा सञ्चालित त्यस्ता उद्योगलाई निश्चित अवधिसम्म कर छुटको व्यवस्था गरिनेछ ।

३९ नगरमा स्थापना भएका सहकारीहरूको सघन नियमन मार्फत तिनीहरूको सामाजिक उत्तरदायित्व बहन गराई सहकारीमा रहेको पुँजीलाई आयआर्जन, उद्यम विकास र आर्थिक विकासमा केन्द्रित गर्ने वातावरण सृजना गरिनेछ ।

**नगर सभाका सदस्यहरू,**

**सामाजिक विकास**

४० बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरू, विद्यालय सहयोगी, विद्यालय सहायक र सामुदायिक अध्ययन केन्द्रका सहयोगी कार्यकर्ताका लागि पारिश्रमिकमा अनुदानको व्यवस्था गरिनेछ । खानीगाउँस्थीत मोती सामुदायिक पुस्तकालयलाई प्रोत्साहन गरिनेछ ।

४१ तोकिएका विद्यार्थीहरूको पहुँचका लागि दिवा खाजा कार्यक्रम अगाडि बढाइनेछ । नगरले आफ्नै स्रोतमा कक्षा ६ का विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था गरिनेछ । दिवा खाजामा स्थानीय उत्पादनको उपभोगलाई प्राथमिकता दिंदै सातामा कम्तिमा दुई दिन नगरभित्रै उत्पादित अन्नका परिकारको पोषिलो खाजा खुवाउने व्यवस्था मिलाइनेछ । सामुदायिक विद्यालयका छात्राहरूको लागि सेनिटरी प्याड निःशुल्क वितरण गरिनेछ ।

४२ शिक्षामा गुणस्तरीयता र निरन्तरताका लागि विद्यालय उमेर समुहका सबै बालबालिकालाई विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ । विषयगत शिक्षक तालीम, प्रविधिमैत्री शिक्षक तालीम, संयुक्त शैक्षिक अनुगमन समिति, शिक्षक विद्यार्थी अन्तरक्रिया र विद्यालय शिक्षा सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

४३ फलेवास नगरको विशिष्ठतालाई सम्बोधन गर्ने गरी हाम्रो विद्यालय, राम्रो विद्यालय अभियान अन्तर्गत सामुदायिक विद्यालयहरुलाई शैक्षिक नतिजाका आधारमा अनुदान र प्रोत्साहन गरिनेछ । बिभिन्न सिमान्तकृत वर्गका बालबालिकाहरुलाई पढाइसँगै कमाइ कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । गुणस्तरीय शिक्षाका लागि भौगोलिक दुरी, विद्यार्थी संख्या, सिकाइ उपलब्धि मूल्याङ्कन, लगायतका आधारमा विद्यालय एकीकरण गरिनेछ ।

४४ नगर खेलकुद विकास समिति गठन गरिनेछ । खेलाडी र खेलप्रेमीहरुको प्रोत्साहनका लागि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता तथा मेयरकप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

४५ शैक्षिक सत्र २०८० बाट लागू भएको 'हाम्रो फलेवास' को कक्षा १ देखि ८ सम्मको

पाठ्यपुस्तक आगामी आर्थिक वर्षभित्रै अनिवार्य रुपमा विद्यार्थीको हातहातमा पुर्याइनेछ । जसबाट बालबालिकाहरूमा नगरको कला, संस्कृति, साहित्य, भेषभूषा रहनसहन, सामाजिक अवस्थाको बारेमा जानकारी हुन गई स्थानीयताको प्रवद्र्धन हुनेछ ।

४६ प्रविधिमा आधारित शिक्षण सिकाइ कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । सार्वजनिक र निजी क्षेत्रसँगको सहकार्यमा विद्युतीय शिक्षण सिकाइ (e–learning)/स्मार्ट कक्षा मा जोड दिइनेछ । यसको लागि सामुदायिक विद्यालयहरूमा कम्प्युटर र इन्टरनेट सुविधाको विस्तार गरिनेछ । एक शिक्षक एक ल्यापटपको व्यवस्था गर्न प्रोत्साहन गरिनेछ । प्रविधिमैत्री शिक्षक तालिमको व्यवस्था गरिनेछ । साथै नगरका सबै विद्यालयका कम्प्यूटर मर्मतका लागि जनशक्तिको व्यवस्थापन गरिनेछ । वडा नं. १, २, ३ ७, ८ र ९ मा एकिकृत सामुदायिक विकास परियोजना साझेदारीमा सञ्चालन गरी गुणस्तरीय शिक्षामा जोड दिइनेछ ।

४७ माटेदेवल जनसहयोगी प्राविधिक तथा व्यावसायिक मा.वि., खानीगाउँस्थीत भवानी विद्यापीठ मा. वि., लिमिठानास्थित लिमिठाना मा.वि., थापाठानास्थित थापाठाना मा.वि., शंकरपोखरीस्थित राम मा.वि.मा सञ्चालित प्राविधिक, विज्ञान, कानून, व्यवस्थापन विषयका विद्यालयहरुको सवलीकरण गर्दै शैक्षिक अनुदानको व्यवस्था गरिनेछ । माटेदेवलमा अध्ययनरत विद्यार्थीको प्राविधिक विषयमा निखारताको लागि निश्चित समयसम्म कृषकको खेतबारीमा गई कृषि सेवा दिनुपर्ने गरी प्रयोगात्मक अवधिको व्यवस्था गरिनेछ । जसले गर्दा कृषकलाई प्राविधिक सेवा र विद्यार्थीमा प्रयोगात्मक निखारता आउनेछ ।

४८ नगरका प्राविधिक धारका विद्यालयहरुमा सातामा एक दिन सम्बन्धित क्षेत्रमा २० वर्षभन्दा धेरै समय काम गरेका अनुभवी कृषक, ज्यामी, कामदार, कालीगढ लगायतको अनुभव शिक्षण सिकाइका रुपमा आदानप्रदानको सुरुआत गरिनेछ । जसबाट कामप्रतिको सम्मान गर्ने अवसरको सृजना हुनेछ । जसका कारण मजदुर–इन्जिनियर, किसान–कर्मचारी बिच सबैका काम र पेसाप्रतिको सम्मान गर्ने वातावरणको विकास हुनेछ । अनौपचारिक शिक्षा अन्तर्गत सीप हासिल गरेका नागरिकहरुका लागि सीप परिक्षणको व्यवस्था गरी तह निर्धारण गरिनेछ । अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षा ऐन कार्यान्वयनका लागि सामुदायिक सिकाइ केन्द्रलाई थप जिम्मेवार बनाइनेछ ।

४९ अङ्ग्रेजी माध्यमबाट शिक्षणका लागि के.जी. कक्षादेखि नै पाठ्यपुस्तक अनुदानको व्यवस्था गरिनेछ । प्रविधिमैत्री शिक्षक तालिमको व्यवस्था गरिनेछ । नगरबाट सञ्चालित सबै किसिमका शैक्षिक तालिममा निजी विद्यालयहरूलाई समेत समान सहभागी गराइनेछ ।

५० पर्वत बहुमुखी क्याम्पस, अन्नपूर्ण सामुदायिक क्याम्पस तथा शंकरपोखरी क्याम्पसको भौतिक तथा शैक्षिक पूर्वाधार विकासमा जोड दिइनुका साथै सञ्चालन अनुदानको व्यवस्था गरिनेछ ।

५१ नगरभित्र उपयुक्त स्थानको छनोट गरी सामाजिक संग्रहालयको निर्माण गरिनेछ । उक्त संग्रहालयलाई नगरको स्थानीय कच्चा पदार्थ, सीप, कौशलता लगायतले सुसज्जित

बनाई त्यसलाई सीप बैंक र सिकाइ केन्द्रको रुपमा विकास गरिनेछ ।

५२ प्रसूति सट्टा शिक्षकको व्यवस्था गरिनेछ । आवश्यकता र औचित्यतताका आधारमा शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षक दरबन्दी मिलान र सरुवा गरिनेछ ।

५३ शिक्षाका सबै छात्रबृत्तीलाई एकद्वार प्रणालीबाट वितरणको व्यवस्था मिलाइनेछ ।

५४ सबै नगरबासीलाई सर्वसुलभ ढङ्गले आधारभूत स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न संघीय, प्रदेश सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था संगको समन्वय तथा साझेदारीमा स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

५५ सबै वडाका स्वास्थ्य संस्थाहरूमा नेपाल सरकारले तोकेका निशुल्क औषधीहरूको अभाव हुन नदिन अत्यावश्यक औषधी व्यवस्थापनका लागि आवश्यक बजेट बिनियोजन गरिने छ । सबै बर्थिङ्ग सेन्टरहरूबाट घाऊ चोटपटक लाग्दा निशुल्क टि.टि. (टिटानस बिरूद्धको) खोप सेवा प्रदान गरिने छ ।

५६ बर्थिङ्ग सेन्टर गुणस्तर सुधार तथा न्युनतम सेवा मापदण्ड कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ । जेष्ठ नागरिक तथा दीर्घरोगीहरुको घरघरै स्वास्थ्य परिक्षण गरिनेछ । 'मेरो स्वास्थ्य, मेरो जिम्मेवारी' भन्ने मन्त्रसाथ नागरिक स्वास्थ्यका सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । नगरका स्वास्थ्यसंस्थाहरुमा रिक्त रहेका पदमा स्वास्थ्यकर्मीहरुको पदपूर्ति गरी जनतालाई सहज सेवा प्रवाह गरिनेछ ।

५७ स्वास्थ्य बीमा कार्यक्रमको पहुँच बिस्तार गर्दै कडा रोगी, दीर्घरोगी, अति बिपन्न, ग र घ बर्गका अपाङ्गता भएका परिवारका लागि स्वास्थ्य बीमा निःशुल्क गर्ने कार्यको शुरुवात गरिनेछ । साथै बिमाप्रति सचेतनामुलक कार्यक्रम गर्दै सबै नगरबासीलाई स्वास्थ्यबीमाको दायरामा ल्याउन पहल गरिनेछ । क्षयरोगमुक्त नगरपालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५८ स्वास्थ्यचौकीहरुमा रहेका प्रयोगशालाहरुको क्षमता विकास गरिनुका साथै No Home Delivery कार्यक्रम अन्तर्गत बर्थिङ सेण्टरहरुको स्तरोन्नति गरिने छ । प्रत्येक बर्थिङ सेन्टरमा दक्ष प्रसुतिकर्मीको व्यवस्था रहने गरी २४ सै घण्टा सुरक्षित प्रसुति सेवाको उपलब्धता सुनिश्चित गर्ने निति लिइने छ । स्वास्थ्य चौकीहरुमा आवश्यक नियमित सञ्चालन खर्चको व्यवस्थापन गरिनेछ । सम्भावित मातृ तथा नवशिशु मृत्युको जोखिम कम गर्न साझेदार संस्थाहरूको समन्वयमा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन गरी धुम्ती सेवा मार्फत सबै गर्भवती महिलालाई भिडियो एक्सरे सेवा निःशुल्क प्रदान गरीनेछ । स्थानीय बर्थिङ्ग सेन्टरमा गर्भवति जाँच र सुत्केरी हुने महिलाहरूलाइ विषेश प्रोत्साहन गरिने छ । सुत्केरी प्रेसण सहायता कार्यक्रमलाई निरन्तरता दिइनछ । स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई डिजिटलाइज गरिनेछ । कार्यप्रगतिका आधारमा स्वास्थ्यसंस्था र स्वास्थ्यकर्मीलाई प्रोत्साहन गरिनेछ ।

५९ आमा बा स्वास्थ्य कार्यक्रम मार्फत जेष्ठनागरिक र अपाङ्गहरुको स्वास्थ्य उपचारमा सहयोग पुर्याउन स्वास्थ्यकर्मी घरघरमा पुगेर मलेरीया, क्षयरोग, डेङ्गु, कोभिड १९ जस्ता महामारीजन्य रोग, साथै नसर्ने रोग मधुमेह, मुटु रोग, मृगौला सम्वन्धी रोगको

परिक्षण साथै समुदाय स्तरमा उपचार र निदान कार्यक्रम बिस्तार गरी स्वास्थ्य सेवाको पहुँचमामा बृद्धि गरिने छ ।

६० नियमित खोप सेवा साथै पूर्ण सरसफाइ कार्यक्रमलाई निरन्तरता दिईने छ । साथै पूर्ण खोप पाउने वालवालिकाको अधिकारलाई सुनिश्चित गरिने छ । देविस्थान र शंकरपोखरीमा रहेका भ्यक्सिन सब सेन्टरलाई गुणस्तरीय व्यवस्थित गराइने छ । मलेरीया, क्षयरोग, डेङ्गु, रोगको पहिचान र उपचारको लागि सघन रुपमा ल्याव परिक्षण र स्कृनिङ्ग क्याम्पको सञ्चालन गरिने छ ।

६१ फलेवास नगर अस्पतालमा आवश्यक उपकरण व्यवस्थाका साथै नयाँ भवन निर्माणकार्यलाई तिव्रता दिइने छ । आगामी वर्षभित्रै नगर अस्पतालको निर्माण कार्यलाइ सम्पन्न गरिनेछ । नगरबासीहरुलाई सहज र सुलभ एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

६२ अनिच्छित गर्भ धारणबाट पर्ने मानसिक र शारिरिक नकारात्मक प्रभावलाई न्यूनीकरण तथा लामो अवधिको  परिवार नियोजन साधनको प्रयोगलाई बढावा दिइने छ ।

६३ संघीय सरकारबाट प्रदान गरिने आर्थिक रुपले बिपन्न नागरिकहरुले मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत पाउने मासिक उपचार खर्चलाई निरन्तरता दिइनेछ ।

६४ पर्वत अस्पतालको विशिष्टिकृत सेवामा फलेवास नगरपालिकाको समेत योगदान रहने गरी साझेदारी गरिनेछ ।

६५ यस नगरपालिकाको वडा नं ३ मा रहेको शंकरपोखरी आयुर्वेद औषधालय मार्फत आयुर्वेद सेवा तथा योगा व्यायामलाई सबै वडामा पुर्याइने छ । साथै स्थानीय जडिबुटीको उपयोगिता प्रयोग र प्रर्वधन गरिने छ । यस नगरपालिकाको वडा नंवर ८ मा रहेको जिल्ला आयुर्वेद केन्द्र पर्वतको लागि जग्गा व्यवस्थापन गरिने छ ।

६६ प्राथमिक स्वास्थ्य सेवा उल्लेखित आयुर्वेद सेवा एवम् आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले निर्देशित २३ प्रकारका अत्यावश्यक आयुर्वेद औषधीहरुको निशुल्क उपलब्धता सुनिश्चित गरिने छ ।

६७ नगरपालिकामा सञ्चालनमा रहेको धुलिखेल अस्पतालको लागि आवश्यक प्रविधि सहयोग गरिनेछ । धुलिखेल अस्पताललाई बर्थिङ सेण्टरका रुपमा विकास गर्न प्रोत्साहन गरिने छ । ठानामौला र मुडिकुवाको रुग्दीमा रहेको टेलिमेडिसिनको गुणस्तर अभिवृद्धिका लागि प्रोत्साहन गरिनेछ ।

६८ ८० वर्ष उमेर नाघेका एकल, दलित, जनजाति, अल्पसङ्ख्यक जेष्ठ नागरिकको सम्मानका लागि प्रत्येक वर्ष जेष्ठ नागरिक सम्मान कार्यक्रमको आयोजना गरिनेछ । द्वन्द्वपीडित, सहिद, बेपत्ता तथा सिमान्तकृत परिवारका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । सङ्घीय सरकारको सामाजिक सुरक्षाको दायरामा नपरेका ५० देखि ६८ वर्षसम्मका बिदुर पुरुष तथा एकल महिलाहरुलाई सहज जिवनयापनका लागि सामाजिक संरक्षण प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।

६९ सहयोगापेक्षी बेसहारा, अशक्त, असहाय, अनाथ, अभिभावकविहीन, मानसिक तथा शारीरिक रुपमा कमजोर सडकआश्रित मानवहरूको मानवोचित व्यवस्थापनको लागि

औषधोपचार, पालनपोषण र जीवन रक्षाका लागि मानवसेवा आश्रम वाग्लुङसँग सहकार्य गरिनेछ ।

७० नगरपालिकाको सम्पदाको रुपमा रहेका जनजाति संस्कृति, भाषा तथा भेषभुषाको संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ । गुरुङ, नेवार, मगर, माझी, बोटे, मुस्लिम समुदायका सघन बस्ती भएका ठाँउहरू खाल्डे, खुम, कार्कीनेटा, थापाठाना, देविस्थान, पाङराङमा मौलिक संस्कृति संरक्षण तथा विकास कार्यक्रम सञ्चालन गरिनेछ । लाखेनाच, पञ्चेबाजा, लोकदोहोरी, भजन लगायतको प्रबर्धनका लागि नगरले समुदायको साझेदारीमा सहयोग गर्नेछ ।

७१ नगरमा खेलकुद प्रशिक्षण गर्ने व्यक्ति वा संस्थालाई प्रोत्साहन गरिनेछ । अन्तराष्ट्रिय तथा राष्ट्रिय प्रतिस्पर्धामा सहभागी हुने खेलाडीलाई नगरबाट विशेष सहयोग प्रदान गरिनेछ । जिल्लास्तरिय खेलकुद प्रतियोगिता लगायतका अन्य खेलमा उत्कृष्ठ नतिजा ल्याई नगरको प्रतिष्ठा बढाउने खेलाडीहरुलाई उचित प्रोत्साहन गरिनेछ ।

७२ फलेवास नगरपालिकाद्वारा प्रवर्तित र सूचिकृत युवा क्लवहरुलाई प्रोत्साहन गरिनेछ । उक्त क्लवहरुमार्फत युवा प्रतिभा पहिचान गरी सामाजिक जागरण र रुपान्तरणमा युवाहरु परिचालन गरिनेछ । युवाहरुको नेतृत्व विकास, अनुशासन र व्यक्तित्वकलाको विकासमा जोड दिइनेछ । युवा उद्यमशीलता विकास गरी स्वरोजगार, आर्थिक विकासमा जोड दिइनेछ । युवामैत्री स्थानीय शासनका लागि युवाका मुद्दामा बहस पैरवी कार्यक्रम सञ्चालन गरी सकारात्मक सोंचको विकास र सामुदायिक विकासमा युवाहरुलाई समाहित गरिनेछ ।

७३ एकल महिला, अपाङ्गता भएका व्यक्ति, तेस्रो लिङ्गी, जेष्ठ नागरिकबाट सञ्चालन गरिएका उद्योग व्यवसायमा पूर्ण कर छुटको व्यवस्था सहित कच्चा पदार्थ र प्रविधि खरिद तथा उत्पादित सामानको बजारीकरणमा अनुदानको व्यवस्था गरिनेछ । प्रत्येक वडामा कम्तिमा एउटा घरेलु उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

७४ नगरका उद्यमीहरूबाट उत्पादित वस्तुको बजारीकरणका लागि उद्यमी भेला तथा प्रर्दशनी कार्यक्रम सञ्चालन गरिनेछ । नगरका उद्यमीहरुले उत्पादन गरेको सामग्री एकिकृत प्रणालीबाट बिक्री तथा निर्यातका लागि नगरमा छुट्टै बिक्रीकक्ष स्थापना गरिनेछ ।

७५ लैङ्गिक हिंसामा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । हिंसा पीडितका लागि शीघ्र न्याय प्राप्त हुने वातावरण सिर्जना गरिनेछ । अभिभावक बिहिन बालबालिका र बेसहारा तथा हिंसापीडित नागरिककहरुका लागि सुरक्षित अभिभावकत्व सहित व्यवस्थापन गरिनेछ ।

७६ बालमैत्री शासन अबलम्बन गरी नगरका हरेक घरदेखि सार्वजनिक संघसंस्थामा उनिहरुको निर्णायक उपस्थिति सहित बालमैत्री शासनका सूचकहरु तयार गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ । आगामी २०८३ जेठ मसान्तभित्र फलेवासलाई बालमैत्री स्थानीय शासन अवलम्बन गरिएको नगर घोषणा गर्नका लागि सोहिअनुसारका कार्यक्रम अगाडि बढाइनेछ ।

७७ नगरबासीको राष्ट्रिय परिचय पत्र तयार गरिनेछ । व्यक्तिगत घटना दर्ता र पञ्जीकरणलाई व्यवस्थित गरिनेछ । नगरबासीको पारिवारिक प्रोफाइल तयार गरिनेछ ।

७८ सामाजिक सुरक्षा वितरण गर्ने बैंक र जिल्लास्थित सुरक्षा निकायसँग समन्वय गरी घुम्ती बैङ्किङ प्रणाली अन्तर्गत बैंकमा पुग्न नसक्ने जेष्ठ नागरिकहरू र अपाङ्गता भएका व्यक्तिहरूको लागि सामाजिक सुरक्षा भत्ता सहज रुपमा प्राप्त गर्ने व्यवस्था गरिनेछ । सामाजिक सुरक्षा भत्तालाई राष्ट्रिय परिचय पत्रसंग आवद्ध गरिनेछ । लाभग्राहीहरुको विवरण नविकरण गर्दा बायोम्याट्रिक स्क्यान प्रयोग गरिनेछ ।

७९ नगरको न्यायिक समितिको सबलीकरण गरिनेछ । विवाद समाधान भन्दा पनि घर परिवार, टोल समाजमा विवादै नआउने वातावरण सिर्जना गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । न्यायिक समिति आफै विवाद भएको स्थानमा पुगी स्थलगत विवाद समाधानको प्रत्यक्ष विधि अवलम्बन गरिनेछ । गम्भीर प्रकृतिका देवानी कसूरहरूमा पीडितले न्याय प्राप्त गर्न सक्ने गरी कानुनी सहायता प्रदान गरिनेछ ।

८० नगरपालिकाको समग्र विकासमा निजी क्षेत्र, समुदायिक संस्था, गैर सरकारी संस्थासँग साझेदारी र सहकार्य गरिनेछ । गैर सरकारी संस्थाले नगरमा सञ्चालन गर्ने कार्यक्रमहरूमा नगरको अनुमति लिनुपर्ने अनिवार्यता गरिनेछ । गैर सरकारी संस्था समन्वय समिति मार्फत् अनुगमन र निरीक्षण गरी राम्रो काम गर्नेलाई प्रोत्साहन गरिनेछ ।

८१ नगरभित्रका व्यवसायोन्मुख किसान, गरिब, दलित, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, युवा, युवा महिला, किशोरी, दीर्घरोगी लगायत असाहय नागरिकहरुको क्षमता अभिबृद्धि गरिनुका साथै उनीहरुलाई आर्थिक तथा व्यवसायिक रुपमा सक्षम बनाउन 'बिपन्न र असाहय नागरिकसंग नगरपालिका' बिशेष कार्यक्रम सञ्चालन गरी मागमा आधारित बिशेष सहयोग प्याकेज प्रदान गरिनेछ ।

८२ नगरभित्र पहिचान भएका भूमिहीन सुकुम्बासी परिवारलाई जग्गा व्यवस्थापनका लागि पहल गरिनेछ । साथै अति विपन्न र भूमिहीन परिवारलाई आवास तथा खाद्यान्नको व्यवस्था मिलाउन पहल गरिनेछ ।

**नगर सभा सदस्यहरू,**

**वन, वातावरण तथा विपत् व्यवस्थापनतर्फ**

८३ नगरका सबै चौतारी, पोखरी, मठमन्दिर, कोटहरू, पाटी पौवाको मर्मत सम्भार गरिनेछ । प्रत्येक टोलमा एक चौतारी र एक पोखरी निर्माण अभियान समुदायको साझेदारीतामा सुरुवात गरिनेछ । शंकरपोखरीको पोखरी र मुडिकुवाको 'मुलकुवा'को संरक्षण गरिनेछ ।

८४ फलेवासको विकासमा सबै नगरबासीहरुको सहभागिता, आर्थिक विकास, सामाजिक विकास, दीगो पुर्वाधार विकास, वातावरणीय विकासका लागि सामाजिक जागरणका रुपमा क्लिन फलेवास ग्रिन फलेवास अभियानलाई फलेवासको बहुआयामिक विकासका लागि थप परिस्कृत गर्दै सञ्चालन गरिनेछ । यस कार्यक्रमलाई नगरबासीको आम्दानीसँग जोडिनेछ ।

८५ नगरको फोहोर व्यवस्थापनका लागि उपयुक्त स्थानमा व्यवस्थित ल्याण्डफिल साइडको अध्ययन गरिनेछ । नगरभित्र खपत हुने सिसा तथा प्लास्टिकजन्य बोतललाई सम्बन्धित उत्पादक कम्पनीमा पुनःप्रयोगका लागि फिर्ता पठाउने व्यवस्था मिलाइनेछ ।

८६ वनको व्यवसायीकरणका लागि सामुदायिक वनभित्र अम्रिसो, खन्यू, किम्बु जस्ता

डालेघाँसका बिरुवा रोप्न समूहलाई प्रोत्साहन गरिनेछ । साथै सामुदायिक वनभित्र आँप, लिची, कटहर ओखर लगायतका फलफूलका बिरुवा रोपणको अभियान सञ्चालन गरिनेछ । सामुदायिक वनलाई नगरबासी र नगरको आयआर्जनसँग जोडिनेछ । खेततीयोग्य जमिनका अनावश्यक र अनुत्पादक रुख तथा झाडी फडान गरी खेतीयोग्य जमिनको बिस्तार गरिनेछ ।

८७ नदी र खोलाबाट वर्षातको समयमा हुने बाढी पहिरो जस्ता प्रकोपलाई नियन्त्रण गर्ने कार्यक्रम ल्याइनेछ । कालीगण्डकी, मोदी, लमाय, मल्याङ्दी, चिर्दी, जमले, खाल्टे, लुवाखोला, सराङ्दीखोला, राहालेखोला, लगायतका नदी तथा खोला किनारहरूमा वृक्षारोपण र तटबन्ध कार्यक्रमलाई सञ्चालन गरिनेछ ।

८८ प्राकृतिक तथा मानव सिर्जित विपत्तिको न्यूनीकरण र सामना गर्न नगरका सबै संयन्त्र सक्रिय बनाइनेछ । सामुदायिक सचेतना कार्यक्रम, विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरी प्रकोप तथा क्षति न्यूनीकरण गरिनेछ । नेपाल प्रहरी, शसस्त्र प्रहरी, सामुदायिक सङ्घ संस्था, नेपाल रेडक्रस सोसाइटीसँग समन्वय र सहकार्य गरिनेछ । प्रकोप नियन्त्रणमा अन्तरपालिका समन्वयलाई सघन बनाइनेछ । प्रकोप पीडितहरूको लागि तत्काल उद्वार र राहत कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि विपत् पूर्वतयारी र प्रतिकार्य योजना निर्माण र कार्यान्वयन गरिनेछ ।

८९ नगर क्षेत्रभित्र खरको छाना भएको घरलाई जस्ताको छानाले विस्थापन गरी खरको छाना भएका घरहरुलाई सुरक्षित नागरिक आवासको रुपमा रुपान्तरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

९० मनसुनजन्य बिपतमा परेका घरहरुलाई संघीय सरकारसंगको साझेदारीमा पुनर्निर्माण तथा पुनस्र्थापना कार्यक्रमलाई अघि बढाइनेछ । अव्यवस्थित बसोबासीलाई व्यवस्थित आवास निर्माणमा प्रोत्साहन गरिनेछ । सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन गरिनेछ ।

**नगर सभा सदस्यहरू,**

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ**

९१ नगरबाट प्रदान गरिने सेवालाई जनपक्षीय, उत्तरदायी र गुणस्तरीय बनाइनेछ । नगर तथा वडा तहमा डिजिटल नागरिक वडापत्र जारी गरी सेवा प्राप्त गर्ने तरिका, लागत,जिम्मेवार शाखा र व्यक्ति किटान गरिनेछ । नगरको सेवामा गुनासो भएमा सिधै नगरप्रमुखसँग नागरिक सम्बाद गराई तत्कालै समस्या समाधान गर्ने संयन्त्रको विकास गरिनेछ । समय समयमा सेवाग्राहीसँग परामर्श तथा अन्तरक्रिया कार्यक्रम समावेश गरिनेछ ।

९२ नगर तथा नगर माताहतका जुनसुकै कार्यालयमा मुस्कानसहितको सेवा र छरितो सेवालाई प्राथमिकतामा राखेर कार्यसम्पादन गरिनेछ ।

९३ बस्ती, टोल र वडाबाट योजना छनौट, प्राथमिकीकरण, कार्यान्वयन र मूल्याङ्कन गर्दा सार्वजनिक सुनुवाइको व्यवस्था गरिनेछ । नगरको आवधिक वित्तीय विवरणको सार्वजनिकीकरण गरिनेछ । नगरपालिकाका सबै वित्तीय एवम् गैरवित्तीय गतिविधिहरूको सार्वजनिक संवाद तथा सामाजिक परीक्षणको व्यवस्था गरिनेछ । सो सामाजिक

परीक्षण समितिमा नागरिकको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

९४ राजनीति र प्रशासनको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकारको बारेमा स्पष्टता ल्याउन वर्षमा २ पटक नगरका सबै जनप्रतिनिधि र कर्मचारी सम्मिलित जनप्रतिनिधि कर्मचारी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ । त्यसबाट प्राप्त सुझावलाई सेवा प्रवाहसँग आबद्ध गरिनेछ ।

९५ सेवा प्रवाह सरलीकरण र सहजीकरणका लागि साझेदारहरूको पहिचान गरिनेछ । गैरसरकारी तथा सामाजिक सङ्घ संस्था, प्रतिष्ठान, विश्वविद्यालय, व्यावसायिक तथा नवप्रवर्तन केन्द्रसँग समन्वय र सहकार्य गरिनेछ । ग्रामीण तथा शहरी विकासका नवोदित आयामहरूको सिकाइ तथा प्रविधि हस्तान्तरणका लागि स्वदेश तथा विदेशका स्थानीय सरकारसँग भगिनी सम्बन्ध स्थापना गरिनेछ ।

९६ कर्मचारीलाई सेवा प्रवाहमा थप उत्प्रेरित बनाउन प्रोत्साहनको व्यवस्था गरिनेछ । सेवाग्राही सर्वेक्षणबाट कर्मचारीको मूल्याङ्कन गर्ने पद्दतिको विकास गरी उत्कृष्ट कर्मचारीको पहिचान गरी पुरस्कृत गरिनेछ ।

९७ अन्तर स्थानीय तह जनप्रतिनिधि कर्मचारी भेटघाट, अन्तरक्रिया तथा भ्रमणलाई प्रोत्साहन गर्दै असल अभ्यासको सिकाइलाई अवलम्बन गरिनेछ । जसबाट अर्को स्थानीय तहका राम्रा अभ्यासहरूलाई यस नगरपालिकामा स्थानान्तरण गर्न र हामीले गरेका राम्रा अभ्यासहरूको प्रचार गर्न यो एउटा अवसर बन्नेछ ।

९८ कर्मचारीको वृत्ति विकास, क्षमता विकासलाई जोड दिइनेछ । करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरूको न्यायोचित बृत्ति विकास, योगदानमा आधारित अवकास कोषश्रमिक कल्याण कोषलाई निरन्तरता दिई मनोबल बृद्धि गरिनेछ । समान तह र दरबन्दी संरचना अनुसार कार्यरत कर्मचारीहरुको सेवासुविधा पारिश्रमिक समान तहमा पुनरावलोकन गरी समान गरिनेछ ।

९९ नगरमा वित्तीय सुशासन कायम राख्न विगतको बेरुजूको यकिन अवस्था पहिचान गरी अवस्था अनुसार फर्छ्यौट गर्ने वा रुजु गर्ने वा दाखिला गर्न लगाउने कार्य गरिनेछ । पुरानो पेश्की वेरुजु भएको उपभोक्ता समिति वा व्यवसायीलाई पेश्की फर्छ्यौट नगरेसम्म नगरको कुनै वित्तीय कार्यमा संलग्न हुन दिइने छैन । जुनसुकै योजनाको उत्कृष्ठ र समयमै कार्य सम्पन्न गर्ने समिति वा व्यवसायीलाई प्रोत्साहनको व्यवस्था गरिनेछ । नीति, कानून निर्माण गर्दा जनताको सहभागिता र पारदर्शीताका विविध विधिहरू अवलम्बन गरिनेछ ।

१०० पूँजीगत खर्चको गुणस्तर वढाउन 'फागुन मसान्त भित्र सम्झौँता जेठ मसान्त भित्र भुक्तानी' को नितिलाई कडाइका साथ कायान्वयन गरिनेछ । योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागीतालाइ सुनिश्चित गरिनेछ । योजनामा लागत साझेदारीलाइ निरन्तरता दिदै सिमान्तकृत र पिछडिएका वर्ग समुदाय एवम् भौगोलिक क्षेत्रमा विशेष सम्वोधन गरिनेछ । विकास आयोजनाहरु तोकिएको परिमाण गुणस्तर लागत र समयमा सम्पन्न हुने गरि अगाडी बढाइनेछ ।

१०१ बिचारमा विविधता विकासमा एकताको सुत्रहरुलाइ आत्मसात गर्दै नगरविकासका लागी विभिन्न राजनितिक दल तथा नागरिक समाज एवम् विषय विज्ञहरुले दिएका सुझाव

र अघिसारेका राम्रा योजनाहरुलाइ अनुसरण गर्दै नगरविकास कार्यक्रममा समावेश गरिनेछ । फलेवासभित्रका पुर्व राष्ट्रसेवक कर्मचारी, बिशिष्ठ व्यक्तिहरुको अनुभव र विज्ञतालाई नगरको विकासमा उपयोग गरिनेछ ।

१०२ नगरको सुरक्षा व्यवस्थालाई सबल बनाउन आवश्यकता अनुसार नगर प्रहरीको व्यवस्था गरिनेछ । शंकरपोखरी, पाङराङ लगायत आवश्यक स्थानमा अस्थाई प्रहरीचौकी स्थापनाका लागि पहल गरिनेछ । भँगरा प्रहरी चौकी भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ । नेपाल प्रहरी र अन्य सामाजिक सङ्घ संस्थाको साझेदारीमा नगर सुरक्षा नीति तय गरिनेछ ।

१०३ नगरका गतिविधिहरु आम नागरिकसम्म पुर्याउनका लागि रेडियो पर्वत लगायतका स्थानीय सञ्चार माध्यमहरुको सहयोग लिइनेछ । जसका लागि सञ्चार माध्यमको सवलिकरण तथा सुद्रिढीकरण, क्षमता विकास लगायतका कार्यमा सहयोग गरिनेछ ।

१०४ नगरपालिकाको आन्तरिक आयमा वृद्धिको लागि सबै करदातालाई सचेतना कार्यक्रम सञ्चालन गर्दै करको दायरामा ल्याइने छ । करको दर निर्धारण गर्दा नगरले नागरिकलाई पुर्याउनुपर्ने सेवा र नागरिक हितलाई प्राथमिकता दिइनेछ । सम्भाव्य आय स्रोतको पहिचान गरी राजश्वका स्रोतहरूको रचनात्मक उपयोग गरिनेछ । दोहोरो कर प्रणालीलाई अन्त्य गरिनेछ । नगरका पायक पर्ने बिभिन्न स्थानमा घुम्ति शिविरमार्फत व्यवसाय दर्ताको व्यववस्था मिलाइनेछ । कर संकलनको दायरा बृद्धी गरिनेछ । मदिराजन्य कारोबार गर्ने व्यवसायीलाई कानून बमोजिम अनुमतिपत्र लिएर मात्रै मदिराजन्य पदार्थको बिक्रिवितरण गर्न नियमन गरिने छ ।

१०५ राजश्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गरिनेछ । त्यसका लागि आवश्यकता अनुसार अनुगमन गरी कानुन बिपरित गर्नेलाई कानुनी दायरामा ल्याइनेछ ।

१०६ नागरिकले विद्युतीय माध्यमबाट कर तिर्न सक्ने गरी सबै किसिमका करलाई अनलाइन पद्धतिमा आबद्ध गरिनेछ । हत्केलामा नगरपालिका कार्यक्रम अन्तर्गत मोबाइल एपको निर्माण गरी नगरका सबै सूचना, सेवा घरघरै प्राप्त गर्ने व्यवस्था क्रमशः मिलाइनेछ । सम्पूर्ण व्यवसायलाई करको दायरामा समाहित गर्न प्रत्येक वडामा घुम्ती कर शिविर सञ्चालन गरिनेछ । कर सचेतना कार्यक्रम प्रत्येक वडामा सञ्चालन गरिनेछ ।

१०७ नगरका प्रत्येक घरमा घर नम्वर कायम गरिनेछ । जसले गर्दा सेवा प्रवाहमा सहजता आउनेछ । फलेवासबासीलाई नगरबासी हुनुको गौरव र गर्व महसुस हुनेछ ।

१०८ उल्लिखित नीति तथा कार्यक्रमहरू निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, सहरी शासकीय पूर्वाधार विकास आयोजना, प्रदेश सरकार र सङ्घीय सरकार समेतको समन्वय र साझेदारीमा कार्यान्वयन गरिनेछ ।

**नगर सभा सदस्यहरू,**
**नगरवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू ।**
**अन्त्यमा,**

फलेवास नगरपालिकाको प्रस्तुत नीति तथा कार्यक्रम तयार पार्ने क्रममा हामीलाई बिभिन्न समयमा महत्वपुर्ण सल्लाह सुझाव दिएर यस अवस्थासम्म ल्याइपुर्याउन उल्लेखनीय सहयोग गर्नुहुने संघीय सरकारका मन्त्रीज्यू, राष्ट्रिय सभाका सदस्यज्यू, पुर्व माननीयज्यूहरु, प्रदेशसभाका माननीय सदस्यज्यूहरु, संविधानसभाका सदस्यज्यूहरु, जिल्ला समन्वय समितिका प्रमुख तथा सदस्यज्यूहरु, नगरपालिकाका पुर्व जनप्रतिनिधिज्यूहरु, विभिन्न राजनीतिक दलका अग्रज नेताज्यूहरु, समाजसेवी, उद्योगी व्यवसायीहरु, देसविदेशमा रहेर फलेवास नगरपालिकाको समृद्धिप्रति चासो राख्ने हाम्रा शुभचिन्तकहरु, राष्ट्रसेवक कर्मचारीज्यूहरु, शिक्षकज्यूहरु, पत्रकारज्यूहरु बिभिन्न विषयका विज्ञहरु, नीजि क्षेत्र, नगरबासी किसानहरु, उद्यमी, फलेवास नगरवासी सम्पूर्ण आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यहाँहरुको अपार स्नेह र भरोसालाई हामीले सधैं शिरमा राखेर अघि बढ्नेछौं । यहाँहरूले नगरमा गरेको आर्थिक, भौतिक तथा मानवीय लगानीको प्रतिफल प्राप्त हुनेगरी यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु । यहाँहरूकै समृद्धि र सुखका लागि नगरपालिकाका हरेक प्रयत्न क्रियाशील हुनेमा म यहाँहरू समक्ष पुन बाचा गर्दछु । नगरको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि यहाँहरूको अमूल्य सुझावलाई म सधैँ शीरोधार्य गर्नेछु । समृद्ध फलेवास नमुना फलेवासको लागि यहाँहरूको साथ समर्थन र सहयोग सधैँ रहिरहने अपेक्षा गर्दछु ।

**फलेवास र फलेवासबासीको जय होस् ।**
**धन्यवाद ।**

# फलेवास नगरपालिका पर्वतको

पन्ध्रौँ नगर सभामा उपप्रमुख शोभाकुमारी क्षेत्रीद्वारा प्रस्तुत
आर्थिक वर्ष २०८१/०८२ को

# वार्षिक कार्यक्रम तथा बजेट

## फलेवास नगरपालिका

खानीगाउँ, पर्वत
गण्डकी प्रदेश नेपाल

**सभाध्यक्ष महोदय,**
**सभाध्यक्ष महोदय,**
**नगर सभा सदस्यहरु,**

१ फलेवास नगरपालिकाको यस गरिमामय पन्ध्रौँ नगर सभामा नगरको आर्थिक वर्ष २०८१।८२ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म आफूलाई अत्यन्त खुशी लागेको छ ।

२ सर्वप्रथम राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, समावेशी र सामाजिक न्याय सहितको शान्तिपूर्ण समाज निर्माण तथा लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्न राज्यको विभिन्न कालखण्डमा भएका आन्दोलन, जनयुद्ध र हालसम्मको राजनीतिक परिवर्तनका लागि भएका विभिन्न जन विद्रोहमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । मुलुकको राजनीतिक, आर्थिक एवम् सामाजिक परिवर्तनका लागि विभिन्न समयमा भएका आन्दोलन र सङ्घर्षहरूमा युगान्तकारी भूमिका निर्वाह गर्नुहुने आदरणीय अग्रजहरू प्रति श्रद्धा र सम्मान प्रकट गर्न चाहन्छु ।

३ यसै सन्दर्भमा फलेबासी आमा बुबा, दिदीबहिनी र दाजुभाइहरूको लोकतान्त्रिक गणतन्त्र प्रतिको निष्ठा, त्याग र सङ्घर्षप्रति देखाएको अग्रसरतालाई उच्च सम्मान गर्दै यस नगरपालिकामा यहाँहरुले सुम्पिएको दोस्रो कार्यकालको जिम्मेवारी पुरा गर्न नगरको ५ वर्षे विकासको अभिभारा यहाँहरुकै साथ सहयोग लिएर साकार पार्ने संकल्पका साथ क्रियाशील रहेको व्यहोरा अनुरोध गर्दछु । साथै हाम्रो यस समृद्ध नगर निर्माण गर्ने अभियानमा महत्वपूर्ण साथ, सहयोग र सहकार्यका लागि यसै सम्मानित सभा मार्फत हार्दिक आह्वान गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

४ सङ्घीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधान जारी भएसंगै आफ्ना संविधान प्रदत्त अधिकारहरू, राजस्वका क्षेत्र र स्रोत एवं अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई परिचालन गर्दै स्थानीय तहहरु सञ्चालनमा रहेका छन । स्थानीय तहहरु कानुनमा व्यवस्था गरिएको शासकीय स्वरुप अनुसार सहकार्य, समन्वय र साझेदारी गर्दै स्वशासनको माध्यमबाट शासनमा अधिकाधिक अपनत्व बढाउने र सोही अनुसार नागरिक अपेक्षा र नजिकको सरकारको अनुभूत गराउने कुरामा नगरपालिका क्रियाशील रहेको व्यहोरा समेत यहाँहरु समक्ष सविनय अनुरोध गर्दछु ।

५ नगरपालिकामा रहेको न्युन आन्तरिक आय, नगरपालिकालाई प्राप्त हुने अन्तरसरकारी तथा गैरसरकारी बजेट र वित्तीय हस्तान्तरण नै नगरको सञ्चित कोषको एकमात्र मुख्य आधार रहेको अवस्थाका बीच चौतर्फी विकास र समृद्धिको चाहना सम्बोधन गर्नुपर्ने अवस्था रहेको छ । उल्लेखनीय रुपमा शहरी विकास हुन नसकेको अवस्थामा गठन भएको नगरपालिका, न्यून आन्तरिक आय, घट्दो अन्तर सरकारी वित्तीय हस्तान्तरण र क्रमागत अनिवार्य दायित्वका कारण वार्षिक योजना तर्जुमाको माध्यमबाट नगरको समृद्धि र विकास प्रतिको नागरिक अपेक्षा पूरा गर्न ठूलो चुनौती देखिएको छ ।

अत्यन्तै सीमित स्रोत, बढ्दो नागरिक अपेक्षा र नगरको सर्वाङगीण विकासको लागि गर्नुपर्ने न्यूनतम आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको क्षेत्रमा बजेटको कमी जस्ता सिमीतताका बाबजुद नगरद्वारा अगाडि सारिएका नीति तथा कार्यक्रमहरु, हरेक बस्तीमा यातायातको पहुँच, कृषि र पशुपालनमा स्थानीय आयआर्जनको सम्भावना, नगरको विभिन्न वडामा रहेका उत्पादनशील क्षेत्र तथा फलफुल र नगदेबालीको प्रचुरता, कालीगण्डकी लोकमार्गद्वारा भावी दिनमा नगरको विकासमा कोसेढुंगा बन्नसक्ने सम्भावना, कुश्मा पोखरा जस्ता पर्यटकीय क्षेत्रको छिमेकी पालिका रहेको अवस्था जस्ता सवल पक्षलाई नगरको बृहत्तर हित र विकासमा उपयोग गर्न सकेमा नगरप्रतिको नागरिक अपेक्षा सम्बोधन गर्न सकिने कुरामा विश्वास व्यक्त गर्दछु ।

**सभाध्यक्ष महोदय,**

६ सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, राजश्व बाँडफाँड, ससर्त कार्यक्रम, समपूरक तथा विशेष अनुदान र सोही प्रकृतिको गण्डकी प्रदेश सरकारवाट प्राप्त हुने बजेट सहित यस नगरपालिकाको आन्तरिक आम्दानी नै यस नगरपालिकाको स्थानीय संचित कोषको मुख्य र एकमात्र आधार रहेको छ । जसमा ससर्त बजेट बाहेक नगरको प्राथमिकता अनुसार बाँडफाँड गर्न सकिने बजेटको हिस्सा अत्यन्त न्यून रहेको छ । अर्कोतर्फ नगरको आन्तरिक राजश्व र गैरकर राजश्वको हिस्सा समेत बजेटमा अत्यन्त न्युन रहेको छ । नगरको सीमित आय र प्रदेश एवम् सङ्घीय सरकारबाट प्राप्त भएको घट्दो अनुदानमा निर्भर रहनुपर्ने बाध्यताका बिचमा रहेर प्रस्तुत गर्न लागिएको आर्थिक बर्ष ०८१।८२ को यस बजेट तथा कार्यक्रममा सबै क्षेत्रको विकासका लागि समानुपातिक हिसाबले सम्बोधन गर्ने प्रयास गरिएको व्यहोरा अवगत गराउँदछु ।

**नगर सभा सदस्यहरु,**

७ फलेवास नगरपालिकाको हाल सम्मको अवस्थामा नगरपालिका स्थापनाको सुरुवाती अवस्थामा रहेको भौतिक पूर्वाधारको अवस्थामा धैरै सुधार भईसकेको छ । सबै टोल बस्तीहरूमा मोटरबाटोको पहुँच पुगेको छ भने संघीय र प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा सडक स्तरोन्नति तथा सडक कालोपत्रेका कार्यहरु उत्साहजनक रुपमा अगाडि बढिरहेका छन् । नगरपालिका स्थापनाको अवस्थामा धुले हिलाम्ये र जोखिमपूर्ण अवस्थामा रहेका कच्ची सडकहरु स्तरोन्नति र बाह्रै महिना यातायात सञ्चालन हुने अवस्थामा पुर्याउने उच्चतम प्रयास जारी रहेको छ भने हालसम्म विभिन्न सडकहरुको करिव ६८ कि.मी. कालोपत्रे कार्य सम्पन्न भैसकेको र ३ तहका सरकारसँगको समन्वय, सहकार्य र साझेदारीबाट निरन्तर कालोपत्रे गर्ने कार्य प्राथमिकताका साथ अगाडि बढिरहेका छ । नगरपालिकामा जोखिमपूर्ण विद्यतीय काठेपोल विस्थापन कार्य पूर्ण भैसकेको छ भने नगरका सम्पूर्ण घरधुरीहरुमा गुणस्तरीय विद्युत सुविधा पुर्याउने कार्य समेत भईरहेको छ । सिंचाइ सुविधा थप भरपर्दो र हिँउदे खेतीको लागि समेत अनुकुल हुँदै गएको छ । विभिन्न स्थानहरुमा डिप बोरींग मार्फत सिंचाई र खानेपानीको समस्या सम्बोधन गर्ने प्रयासहरु भैरहेका छन् । एकघर एकधारा खानेपानीको सुविधा व्यवस्थित

गर्न निरन्तर अन्तरसरकारी समन्वयबाट कार्यहरु भईरहेको छ । विद्यालयको शैक्षिक, भौतिक तथा संस्थागत अवस्थामा सुधार हुँदै गएको छ भने स्थानीय पाठ्यक्रम तयार भई १ देखि ५ कक्षासम्म आगामी बर्षदेखि पठनपाठन कार्य शुरु गर्न लागिएको छ । स्वास्थ्य क्षेत्रमा विगतमा कोभिड लगायतको कारण केहि चुनौती बढेको भएपनि पूर्ववत सेवामा सुधार भएको र १० शैयाको नगर अस्पताल भवन निर्माणाधीन अवस्थामा रहेको छ । कृषि तथा पशुपालनको क्षेत्रमा व्यवसायिकता विकास हुँदै गएको छ । कार्यालयको भौतिक तथा संस्थागत विकासको अवस्थामा सुधार हुँदै गएको छ भने प्रमुख प्रशासकीय भवन निर्माण कार्य अन्तिम अवस्थामा रहेको छ । नगरका ९ वटा वडाका वडा कार्यालय भवन निर्माण सम्पन्न भएका छन् भने बाँकी वडा नं ५ र ७ को वडा कार्यालय भवन निर्माणको लागि आवश्यक पहल गरिएको छ । राज्यले लक्षित गरेका विभिन्न समुदायहरू जेष्ठनागरिक, वालवालिका, महिला, अपाङ्गता भएका व्यक्ति, दलित र अल्पसंख्यक समुदायको आत्मसम्मान, आर्थिक विकास, सीप विकासको क्षेत्रमा समेत कार्यक्रमहरु अगाडि सारिएका छन् ।

**सभाध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष ०८०।८१ को बजेटको वास्तविक र संशोधित अनुमान प्रस्तुत गर्दछु ।

**चालू आ.व को संशोधित बजेटतर्फः-**

८ फलेवास नगरपालिकाको तेह्रौं नगरसभाले पारित गरेको आ.व. २०८०।८१ को बजेट तथा कार्यक्रममा शुरु अनुमान ६८ करोड २५ लाख ११ हजार ८ सय १० रुपैयाँ भएकोमा कार्यक्रमहरु कटौती नभएकोले संशोधित अनुमान ७८ करोड ६३ लाख ३७ हजार ८ सय १० रुपैयाँ अनुमान गरिएको छ भने वास्तविक आय ७३ करोड ८४ लाख ७७ हजार १ सय ३९ रुपैयाँ ७२ पैसा हुने अनुमान गरिएको छ । जसमध्ये संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान चालूतर्फ कूल ३६ करोड १० लाख विनियोजन भएकोमा संशोधित रु. ३६ करोड ३७ लाख ६४ हजार आय हुने अनुमान गरिएको छ । संघीय सरकार सशर्त अनुदान पूँजीगततर्फ कूल रु. २ करोड ३८ लाख विनियोजन भएकोमा संशोधित रु. १२ करोड ४८ लाख ६२ हजार आय हुने अनुमान गरिएको छ । गण्डकी प्रदेश राजश्व बाँडफाँडतर्फ रु. ७४ लाख ५२ हजार विनियोजन भएकोमा संशोधित रु. ८४ लाख ५२ हजार मात्र आय हुने अनुमान गरिएको छ । नेपाल सरकार वित्तीय समानीकरण अनुदानतर्फ रु. ९ करोड ८७ लाख विनियोजन भएकोमा नेपाल सरकार अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालयको चलानी नं. १४६ मिति २०८१।०१।१२ को पत्रानुसार कुल अनुमानित समानीकरण अनुदानको ७४ दशमलव ११ प्रतिशत अर्थात रु. ७ करोड ३१ लाख ४६ हजार ५ सय ७० मात्र आय हुने अनुमान गरिएको छ । राजश्व बाँडफाँड संघीय सरकारतर्फ रु. ८ करोड ४७ लाख ३१ हजार १ सय अनुमान गरिएकोमा उक्त अनुमान यथावत रहेको छ । समपूरक अनुदान संघीय सरकारतर्फ रु. ६५ लाख विनियोजन भएकोमा उक्त अनुमान यथावत रहेको छ । विशेष अनुदान संघीय सरकारतर्फ रु. १ करोड ६० लाख विनियोजन गरिएकोमा उक्त अनुमान यथावत रहेको छ । समानिकरण अनुदान प्रदेश सरकारतर्फ १ करोड २८ लाख ७४ हजार

विनियोजन गरिएकोमा सो को ७५ प्रतिशत अर्थात ९६ लाख ५५ हजार ५ सय आय हुने अनुमान गरिएको छ । सशर्त अनुदान पूँजीगत गण्डकी प्रदेश सरकारतर्फ रु. ५० लाख विनियोजन भएकोमा उक्त अनुमान यथावत रहेको छ । राजश्व बाँडफाँड गण्डकी प्रदेश सरकारतर्फ रु. ७४ लाख ५२ हजार विनियोजन भएकोमा संशोधित रु. ८४ लाख ५२ हजार आय हुने अनुमान गरिएको छ । समपुरक अनुदान पूँजीगत गण्डकी प्रदेश सरकारतर्फ रु. ६० लाख विनियोजन भएकोमा उक्त अनुमान यथावत रहेको छ । राजश्व बाँडफाँड, स्थानीय राजश्व तर्फ रु. ५० लाख विनियोजन  गरिएकोमा उक्त अनुमान यथावत रहेको छ । आन्तरिक स्रोततर्फ रु १ करोड विनियोजन भएकोमा उक्त अनुमान यथावत रहेको छ । आन्तरिक स्रोत बैंक मौज्दात रु. ४ करोड ५४ लाख ५४ हजार ७ सय १० अनुमान गरिएकोमा संशोधित २ करोड ५३ लाख ६५ हजार ९ सय ६९ रुपैयाँ ७२ पैसा आय भएको छ ।

९ त्यसै गरी अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षण तर्फ रु. १५ करोड ६७ लाख ६९ हजार विनियोजन भएको छ । पर्यटन पूर्वाधार विकास आयोजनामा रु. १० लाख विनियोजन भएको छ । स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु. १९ लाख ८० हजार विनियोजन भएको छ भने स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रममा रु. ३५ लाख विनियोजन भएको छ । गरिवसँग विश्वेश्वर कार्यक्रममा रु. ४ लाख १५ हजार विनियोजन भएको छ ।

१० अन्तरसरकारीतर्फ शुरु बजेट अनुमान रु १५ करोड ७१ लाख ८४ हजार रहेकोमा संशोधित १६ करोड ३६ लाख ६४ हजार रुपैया आय हुने अनुमान गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

११ अब म फलेवास नगरपालिकाको गरिममामय चौधौँ नगरसभामा आर्थिक वर्ष २०८०।०८१ को श्रावण १ गतेदेखि जेठ मसान्तसम्मको समिक्षा प्रस्तुत गर्दछु ।

**आम्दानी तर्फः**

१२ चालू आर्थिक वर्ष २०८०।८१ को जेठ मसान्त सम्ममा यस नगरपालिकामा रु. ५६ करोड ३३ लाख ८४ हजार १ सय ९५ रुपैयाँ २२ पैसा आम्दानी भएको छ । जस अन्तर्गत गत आ.व बाट अ.ल्या. २ करोड ५३ लाख ६५ हजार ९ सय ६९ रुपैयाँ ६२ पैसा, नेपाल सरकार वित्तीय समानीकरण अनुदान ६ करोड ७४ लाख ८८ हजार ५ सय ९२ रुपैयाँ ५० पैसा, नेपाल सरकार ससर्त अनुदान चालू २९ करोड ५६ लाख २४ हजार रुपैयाँ, नेपाल सरकार शसर्त अनुदान पूँजीगत ७ करोड ३४ लाख ४४ हजार रुपैयाँ, नेपाल सरकार विशेष अनुदान पूँजीगत १९ लाख ६२ हजार ५ सय रुपैयाँ, नेपाल सरकार समपूरक अनुदान पूँजीगत २० लाख ७४ हजार रुपैयाँ, प्रदेश सरकार समानिकरण अनुदान ९६ लाख ५५ हजार ५ सय रुपैयाँ, प्रदेश सरकार ससर्त अनुदान पूँजीगत २५ लाख रुपैयाँ, प्रदेश सरकार समपुरक अनुदान पूँजीगत ५३ लाख ६ हजार रुपैयाँ, प्रदेश सरकार राजश्व बाँडफाँड ६९ लाख ४१ हजार ९ सय ७७ रुपैयाँ, स्थानीय राजश्व बाँडफाँड २८ लाख ६६ हजार ४ सय १९ रुपैयाँ ५० पैसा, संघीय सरकार राजश्व बाँडफाँड ६ करोड २६ लाख ६५

हजार ३ सय ५१ रुपैयाँ ८८ पैसा, आन्तरिक स्रोत तर्फ ७४ लाख ८९ हजार ८ सय ८० रुपैयाँ ६२ पैसा आम्दानी भएको छ । संघीय समानीकरण अनुदानमा भएको २५ दशमलव ८९ प्रतिशत न्यून आम्दानी रु. २ करोड ५५ लाख ५३ हजार ४ सय ३०, प्रदेश समानीकरण अनुदानमा भएको २५ प्रतिशत न्यून आम्दानी रु. ३२ लाख १८ हजार ५ सय, गत वर्षको नगद बैंक मौज्दातमा न्यून आम्दानी रु. २ करोड ८८ हजार ७ सय ४० रुपैयाँ २८ पैसा । जसले गर्दा चालू आर्थिक वर्षको समग्र आय अनुमानमा ४ करोड ८८ लाख ६० हजार ६ सय ७० रुपैयाँ २८ पैसा न्यून आय हुने देखिन्छ ।

**खर्च तर्फः-**

१३ चालू आ.व ०८०।८१ को जेठ मसान्त सम्ममा चालू खर्चतर्फ (ससर्ततर्फको संशोधित) समेत) ५२ करोड ९० लाख २१ हजार ५४ रुपैयाँ विनियोजन भएकोमा ३६ करोड ९५ लाख ८२ हजार ५ सय २१ रुपैयाँ ३६ पैसा खर्च भइ ६९ दशमलव ८६ प्रतिशत वित्तीय प्रगति भएको छ भने पूँजीगत खर्चतर्फ (ससर्ततर्फको संशोधित) समेत) २५ करोड ७३ लाख १६ हजार ७ सय ५६ रुपैयाँ विनियोजन भएकोमा ११ करोड ७१ लाख ७ हजार ४ सय ४३ रुपैयाँ २९ पैसा खर्च भइ ४५ दशमलव ५१ प्रतिशत वित्तीय प्रगति भएको छ भने समग्रमा कुल रु. ७८ करोड ६३ लाख ३७ हजार ८ सय १० बजेट विनियोजन भएकोमा ४८ करोड ६६ लाख ८९ हजार ९ सय ६४ रुपैयाँ ६५ पैसा खर्च भइ ६१ दशमलव ६५ प्रतिशत वित्तीय प्रगति भएको छ ।

१४ अन्तरसरकारी अख्तियारीअन्तर्गत हालसम्म स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत दीर्घ रोगिहरुलाई उपचार खर्च बापत मासिक रु ५ हजारका दरले उपलब्ध गराउने रकम चालू आर्थिक वर्षको पहिलो ६ महिनाको कुल १९ लाख ५० हजार खर्च भएको छ भने पछिल्लो ६ महिनाको लागि आवश्यक पर्ने अपुग रकम सम्बन्धित निकायमा माग गरिएको छ । त्यसैगरी सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम अन्तर्गत हालसम्म १५ करोड ३४ लाख ३४ हजार ७९ रुपैयाँ खर्च भएको छ भने चौथो त्रैमासिकको लागि अपुग भएको रकम सम्बन्धित निकायमा माग गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

१५ हामीले आर्थिक वर्ष २०८१।८२ को बजेट तथा कार्यक्रम तयार गर्दा आर्थिक वर्ष ०८०।८१ मा प्राप्त उपलब्धीहरूलाई संस्थागत गर्दै नेपालको संविधानमा भएका नीतिगत व्यवस्था, मौलिक हक, निर्देशक सिद्धान्त, सोह्रौं पञ्चबर्षिय योजनामा उल्लिखित प्राथमिकता, दीगो विकास लक्ष्य र राष्ट्रिय अन्तराष्ट्रिय प्रतिवद्धताहरू, स्थानीय सरकार संचालन ऐन, २०७४, बजेट तर्जुमा दिग्दर्शन, नगरपालिकाको स्थानीय आवश्यकता र प्राथमिकता, राजनैतिक दल एवम् विज्ञहरूको सुझाव, फलेवास नगरपालिकामा भएको स्रोत साधनको अवस्था, आर्थिक वर्ष २०८१।८२ को लागि पारित नीति तथा कार्यक्रमलाई मुख्य आधार मानी आगामी आर्थिक वर्ष ०८१।८२ को लागि यो बजेट तथा कार्यक्रम तयार गरेको छु । यसमा भौतिक विकासलाई मात्रै विकासको रुपमा हेर्ने र बुझ्ने गरिएको आम मनोविज्ञान र नागरिक अपेक्षालाई ध्यान दिदैं नगरको सामाजिक, आर्थिक, वातावरणीय पक्ष,

संस्थागत क्षमता विकास, शुसाशन र सेवाप्रवाह, पूर्वाधार विकास लगायत सवै क्षेत्रमा सकेसम्म समानुपातिक र समन्यायीक रुपमा कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गर्ने प्रयास गरेको छु ।

**नगर सभा सदस्यहरु,**

हाम्रो फलेवास नगरपालिकाको समग्र विकासका लागि केहि चुनौतिपूर्ण अवस्थाहरु रहेको छ । जस्तै,

- ➢ न्यून शहरी एवम् भौतिक विकास भएको ग्रामीण एवम् पहाडी क्षेत्रको नगरपालिका,
- ➢ न्यून आन्तरिक आय र परनिर्भर नगरको अर्थतन्त्र एवम् देशको विद्यमान आर्थिक अवस्था,
- ➢ अत्यधिक नागरिक माग र माग सम्बोधन गर्न उपलब्ध स्रोत वीचको दुरी,
- ➢ नगरभित्र निर्माण भएका ४०० किलोमिटर हाराहारीको सडकको संरक्षण र स्तरोन्नति गर्न बजेटको कमि,
- ➢ उत्पादनशील जनशक्तिको पलायन एवम् निरन्तरको बसाइसराइ,
- ➢ स्थानीय सरकारद्धारा शासन प्रकृयामा नागरिक सन्तुष्टि कायम गर्न चुनौतीपुर्ण अवस्था,

माथि उल्लेख गरिएका चुनौतिपूर्ण अवस्थाको सामना गर्न यस नगरपालिकामा रहेका उल्लिखित सवल पक्षहरूबाट यस नगरको विकास र समृद्धिको लागि सहयोग पुग्ने अपेक्षा गरेको छु ।

- ➢ सवै वडामा रहेको उत्पादनशील क्षेत्र तथा फलफुल र नगदेबालीको अत्यन्तै सम्भावना,
- ➢ कृषि र पशुपालनको क्षेत्रमा स्थानीय आयआर्जन र रोजगारीको प्रचुर सम्भावना,
- ➢ नगरको हरेक बस्तीमा यातायातको पहुँच पुग्नु,
- ➢ अन्तरदेशीय पहुंच मार्गको रुपमा रहेको उत्तर दक्षिण मार्ग कालगण्डकी लोकमार्गबाट भविष्यमा बजारीकरण, पर्यटकीय विकास र पूर्वाधारको विकासमा पर्नसक्ने सकरात्मक प्रभाव,
- ➢ अन्तर सरकारी समन्वय, साझेदारी र सहकार्यका लागि गरिएका प्रयासहरू,
- ➢ वैदेशिक रोजगारवाट गाउँ फर्कनेहरुबाट प्राप्त नविनतम ज्ञान, सीप,
- ➢ कुश्मा पोखरा जस्ता पर्यटकीय क्षेत्रबाट छोटो भौतिक दुरी र पर्यटकीय विकासको सम्भावना,

**वार्षिक नीति, बजेट तथा कार्यक्रम तयारी प्रक्रियाः**

१ संघबाट वित्तिय हस्तान्तरणको खाका एवम् बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गरिएको,

२ राजश्व परामर्श समितिबाट स्रोत अनुमान र कुल बजेट सीमा निर्धारण गरिएको,

३ स्थानीय स्तरमा बस्ती/टोलबाट आयोजना/कार्यक्रम छनौट गरिएको,

४ वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकिरण गरी नगरपालिकामा पठाइएको,

५ नगरपालिकामा रहेका विभिन्न विषयगत समितिद्धारा क्षेत्रगत बजेट तथा कार्यक्रम तर्जुमा गरिएको,

६ वजेट तर्जुमा समितिद्वारा तयार पारिएको योजना तथा कार्यक्रम नगर कार्यपालिकाको बैठकमा निर्णइ भई नगर सभाको बैठकमा पेश गरी नीति एवम् बजेट तथा कार्यक्रम स्वीकृति गरिएको ।

**वार्षिक वजेट तथा कार्यक्रम तर्जुमाका लागि प्राथमिकिकरणका आधारहरु**

१ राजस्व परिचालनमा योगदान पुऱ्याउने,
२ सेवा प्रवाह ,संस्थागत विकास तथा सुशासनमा टेवा पुयाउने
३ स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिबृद्धि गर्ने,
४ लैङ्गिक समानता सामाजिक समावेशीकरणको अभिबृद्धि हुने,
५ दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
६ समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल (□□□□□□□□□□□) बनाउने,
७ स्थान विशेषको संस्कृति र पहिचान प्रवद्र्धन गर्ने,
८ नेपाल सरकारले प्राथमिकतामा राखेका, अन्तर्राष्ट्रिय सम्झौतामा प्रतिबद्धता जनाएका र अधिकतम् जनसंख्या लाभान्वित हुने आयोजना ।
९ स्थानीय जनताको आयस्तर बढ्ने र रोजगारी सृजना हुने सीपमुलक तालिम, लघु उद्यम लगायत स्थानीय प्रविधिमा आधारित उद्यम व्यवसायलाई प्राथमिकता दिने ।

**आर्थिक वर्ष २०८१।८२ को यस बजेटका उद्धेश्यहरू निम्नानुसार छन्ः**

- स्थानीय तहमा सञ्चालन गरिने सवै कार्यक्रममा प्रभावकारीता कायम गर्ने,
- लक्षित क्षेत्रको विकास, आर्थिक, सामाजिक र भौतिक पूर्वाधार क्षेत्रको विकास मार्फत स्रोत साधनको समावेशी र समन्यायीक वितरण गर्ने,
- स्थानीय स्रोतसाधनको उच्चतम एवम् प्रभावकारी परिचालन मार्फत रोजगारी सृजना र जनअपेक्षाको सम्बोधन गर्ने,
- नगरलाई कृषि र पशु विकासको क्षेत्रमा प्राथमिकता दिदै दुध, मासु, फलफुल, तरकारी र खाद्यान्नमा आत्मनिर्भर वनाउदै जाने,
- उद्यमशीलता विकास, कृषि तथा पशुपालनलाई व्यवसायीकरण गर्दै आयआर्जन र रोजगारी सृजना गर्ने र सो मार्फत गरिवी न्यूनीकरणमा योगदान गर्ने,
- संस्थागत विकास मार्फत सेवा प्रवाहमा प्रभावकारीता एवम् सुशासन कायम गर्ने,

**सभाध्यक्ष महोदय,**

माथि उल्लिखित उद्धेश्यहरूलाई व्यवहारिक रुपमा प्राप्त गर्न प्रस्तुत बजेटका निम्ननानुसारका प्राथमिकताहरू निर्धारण गरेको छुः

- स्थानीय स्रोत साधन एवम् सीपको परिचालन गरी रोजगारी सृजना गर्ने
- कृषि तथा पशुपंक्षी क्षेत्रको आधुनिकीकरण, यान्त्रिकरण र व्यावसायिकीकरण गर्ने,
- आर्थिक तथा सामाजिक विकास एवम् उद्यमशिलता र आयआर्जनका माध्यमबाट गरिवी न्यूनीकरणमा योगदान गर्ने,
- लैङ्गिक समानता र सामाजिक समाबेशिकरण तथा लक्षित क्षेत्रलाई विकासको

मुलप्रवाहमा ल्याउने,

- ➢ दिगो पूर्वाधार निर्माण र सवै बस्तीमा भरपर्दो सडक सञ्जाल विस्तार गर्दै नागरिकहरूको सहज पहुँच विस्तार,
- ➢ ठूलो संख्यामा रहेका ग्रामीण कच्ची सडकहरुको स्तरोन्नतीकार्यलाई प्रभावकारी बनाई बाह्रैमहिना यातायात सूचारु गर्ने वातावरण बनाउने,\
- ➢ सडक, शिक्षा, स्वास्थ्य, कृषि, पशुविकासको क्षेत्रमा आवश्यक पूर्वाधार एवम् कार्यक्रमको सञ्चालन,
- ➢ संस्थागत विकास र सेवाप्रवाहमा जोड,
- ➢ नगरका कामकाजहरुलाई पूर्णरुपमा प्रविधिमैत्री बनाउदै नागरिकको सेवाप्रवाहमा प्रभावकारिता ल्याउने,

**सभाध्यक्ष महोदय,**
**नगर सभा सदस्यहरु**
अव म उल्लिखित चुनौति र सवल पक्ष तथा बजेटका उद्धेश्य र प्राथमिकतालाई मध्यनजर गर्दै फलेवास नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।
**कुल बजेट रु ७१ करोड २८ लाख ८० हजार**
प्रस्तावित कुल बजेटलाई मुख्य विषयगत रुपमा तपसिल अनुसार विनियोजन गरेको छु ।

**आर्थिक विकासः**
१६ आर्थिक बिकासको मुख्य शिर्षकमा उद्योग तथा वाणिज्य, कृषि, पशु, पर्यटन, वित्तीय क्षेत्र र सहकारी रहेका छन् । यस मुख्य शीर्षकमा ससर्त तर्फ रु ८४ लाख १३ हजार र आन्तरिक तर्फ रु ३ करोड ८४ लाख २३ हजार गरी कुल रकम रु ४ करोड ६८ लाख ३६ हजार बजेट बिनियोजन गरेको छु । यो कुल बजेटको करिव ६.५ प्रतिशत र शशर्त वाहेकको वजेटको करिव १५ प्रतिशत रहेको छ । यस भित्र कृषितर्फ कुल रु १ करोड ४ लाख ८९ हजार, पशुपन्छी विकासतर्फ रु १ करोड ४९ लाख ९७ हजार र पर्यटन लघुउधम लगायतको क्षेत्रतर्फ रु १ करोड ४८ लाख ५० हजार विनियोजन गरेको छु ।

**सामाजिक विकासः**
१७ सामाजिक बिकासको मुख्य शीर्षकमा शिक्षा, स्वास्थ्य र संस्कृति प्रवद्र्धन, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, रोजगार प्रवद्र्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, गरिव विपन्न आयआर्जन तथा अपांगता भएका व्यक्तिको सशक्तिकरण, न्यायीक समिति तर्फका कार्यक्रमहरू समेटिएका छन् । यस शीर्षकमा ससर्त तर्फ रु. ३५ करोड ३० लाख र आन्तरिक तर्फ रु ४ करोड ५८ लाख ४६ हजार गरी कुल बजेट रु ३९ करोड ८८ लाख ४६ हजार बिनियोजन गरेको छु । जुन कुल बजेटको करिव ५५.९ प्रतिशत रहेको छ । क्षेत्रगत रुपमा शिक्षातर्फ रु ३० करोड ६४ लाख ३१ हजार गरी कुल वजेटको ४२.९ प्रतिशत, स्वास्थ्यतर्फ रु ६ करोड ७० लाख ७९ हजार गरी कुल बजेटको ९.४ प्रतिशत,

प्रधानमन्त्री रोजगार, पन्जीकरण, गरिवसंग विश्वेश्वर महिला वालवालिका, युवा तथा खेलकुद र कला भाषा संस्कृति लगायतको क्षेत्रमा रु १ करोड ८३ लाख ३६ हजार विनियोजन गरेको छु जुन कुल बजेटको २.६ प्रतिशत रहेको छ ।

**पूर्वाधार विकासः**

१८ यस क्षेत्र अन्तर्गत उर्जा, भवन तथा सहरी विकास, वैकल्पिक उर्जा र सञ्चार, सडक, पदमार्ग तथा अन्य पूर्वाधारका क्षेत्रहरू समेटिएका छन् । यस शीर्षकमा शशर्त तर्फ रु ९ करोड ३६ लाख ३८ हजार र आन्तरिक तर्फ रु ८ करोड ७० लाख गरी कुल रु. १८ करोड ६ लाख ३८ हजार विनियोजन गरेको छु जुन कुल वजेटको २५.३ प्रतिशत र शशर्त वाहेकको २७.४ प्रतिशत रहेको छ ।

**वातावरण तथा विपद व्यवस्थापनः**

१९ यस मुख्य शीर्षकमा प्रकोप व्यवस्थापन, बाताबरण संरक्षण, जलवायु परिवर्तन, क्लिन ग्रीन फलेबास र सरसफाइ एवं फोहोरमैला व्यवस्थापन, वन तथा भू–संरक्षण र विपद व्यवस्थापनका क्षेत्रहरू समेटिएका छन् । यस शीर्षकमा कुल रु. ८२ लाख बजेट बिनियोजन गरिएको छ । जुन शशर्त वाहेक बजेटको ३.२ प्रतिशत रहेको छ ।

**संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनः**

२० यस क्षेत्रमा संस्थागत सहयोग तथा क्षमता विकास, सुशासन तथा सेवा प्रवाह, कार्यालय व्यवस्थापन, वार्षिक योजना तर्जुमा तथा नगर सभा सञ्चालन, सञ्चार एवम् पत्रपत्रिका, सुरक्षा व्यवस्थापन लगायतका क्षेत्रहरु समावेश भएका छन् । कुल रकम रु ५२ लाख बजेट विनियोजन गरेको छु जुन कुल वजेटको ०.७३ प्रतिशत रहेको छ ।

**कार्यालय सञ्चालन खर्चः**

२१ यस शीर्षक अन्तर्गत नगर कार्यपालिका, वडा कार्यालय, सेवा केन्द्र, स्वास्थ्य चौकी कार्यालय सञ्चालन र व्यवस्थापन, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास, कर्मचारी व्यवस्थापन, वैठक लगायतका विभिन्न चालु खर्चहरु रहेका छन् । यस शीर्षकमा कुल रु.९ करोड ३३ लाख ६० हजार बजेट बिनियोजन गरेको छु । जुन कुल बजेटको १३.१ प्रतिशत आन्तरिक तर्फको वजेटको ३६.२ प्रतिशत रहेको छ ।

**सञ्चालन पूँजीगतः**

२२ यस क्षेत्रमा कार्यालय सञ्चालन अन्तर्गत फर्निचर मेसिनरी औजार र सवारीसाधन लगायतको पूँजीगत सञ्चालन खर्चको लागि रु ३० लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष ०८१।८२ को बजेट तथा कार्यक्रममा विषयगत क्षेत्र अनुसारको बाँडफाड प्रस्तुत गर्दछु ।

**आर्थिक विकास तर्फ**

२३ एक वडा एक कृषि फर्म कार्यक्रम कार्यान्वयन भएका फर्मको दीगोपना र हरेक घरवरीपरि तरकारी उत्पादनमा सहयोग गर्न घरघरमा टनेल घरघरमा तरकारी कार्यक्रमको साथै कृषिमा यान्त्रीकरण, विरुवा हाम्रो फल तपाईको, लगायत विभिन्न कार्यक्रमको लागि रु ४७ लाख विनियोजन गरको छ । जसबाट कृषि क्षेत्रमा प्रभावकारीता आउने र व्यवसायीकता विकास भई कृषक जीवनयापनमा सुधार आउने अपेक्षा लिएको छु ।

२४ नगरपालिका क्षेत्रमा नयाँ केरा पकेट क्षेत्रको सञ्चालन गरी नगरलाई आगामी २ वर्षभित्र केरामा आत्मनिर्भर गराउने गरी आवश्यक वजेट विनियोजन गरेको छु ।

२५ नगरपालिका भित्र मकै प्रवद्र्धन कार्यक्रम, ध्रुव नमूना मा.वि.लाई हरितगृह विद्यालय निर्माण कार्यक्रम, कृषि विकास रणनीति अनुगमन तथा समन्वय, किसान सूचिकरण एवम् तथ्यांक अद्यावधिक कार्यक्रम, फलफुल वगान स्थापना, विरुवा हाम्रो फल तपाईको खाद्यन्न वालीको उन्नत विउ र एकगाउँ एक प्राविधिकको निरन्तरताका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२६ कृषि र पशु विकासको क्षेत्रमा कृषक क्षमता विकास, हित प्रवद्र्धन, व्यवसायीकता विकास जस्ता कार्यको लागि कृषि, पशु बस्तुको मुल्य श्रृंखला परियोजनामा साझेदारी गर्न रु ५० लाख बजेट विनियोजन गरेको छु ।

२७ पशुजन्य उत्पादनमा आत्म निर्भर बनाउने उद्देश्यले प्रतिफलमा आधारित अनुदान कार्यक्रम २५ लाख, नगरलाई मासु तथा अण्डामा आत्मनिर्भर गराउने, एकगाउँ एक प्राविधिक, पशु विमा सचेतना कार्यक्रम, स्थलगत थुनेलो रोग नियन्त्रण, माहामारीजन्य रोग नियन्त्रण लगायतका कार्यको लागि कुल रु ८६ लाख वजेट विनियोजन गरेको छु । आहारा विकास कार्यक्रम, विभिन्न शिवीर, पशुको कृत्रिम गर्भाधान, आधारभूत प्रयोगशाला लगायतका कार्यक्रमको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

२८ पशु स्वास्थ्य सेवालाई थप गुणस्तरीय र भरपर्दो बनाउने उद्देश्यले नगरपालिकामा एक पशु चिकित्सक रहने गरी एक पालिका एक भेटेरीनरी डाक्टरको लागि समन्वय गरी आवश्यक वजेट व्यवस्था मिलाएको छु ।

२९ मनमोहन शान्ति वाटिकाको पूर्वाधार निर्माणमा साझेदारी गर्न रु ९५ लाख वजेट विनियोजन गरेको छु । धार्मिक पर्यटकीय क्षेत्रको पूर्वाधार विकास, ऐतिहांसिक कोत तथा मन्दिर संरक्षण, डहरे देउराली संरक्षण तथा पूर्वाधार निर्माणका लागि आवश्यक वजेट व्यवस्थापन गरेको छु । साथै सातमुले लाई पर्यटकीयक्षेत्रको रुपमा विकास र सम्वद्र्धन गर्न रु २५ लाख रुपैया वजेट व्यवस्थापन गरेको छु ।

३० सहकारी क्षमता विकास नियमन तथा अनुगमन, राजस्व अनलाइन प्रणाली व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३१ सीप विकास र स्थानीय रुपमा उपलब्ध कच्चा पदार्थको सदुपयोग गरी स्थानीय रोजगार

सृजना गर्ने उद्देश्यले लघुउद्यम कार्यक्रम मार्फत आवश्यक वजेट व्यवस्थापन गरको छ ।

**सामाजिक विकास तर्फः**

३२ विद्यार्थीहरूको भर्ना, टिकाउ र स्वास्थ्यमा सुधार गर्न आधारभूत तह १ कक्षा देखि ६ कक्षा सम्मका विद्यार्थीहरूको लागि दिवा खाजा कार्यक्रमको लागि रु ७४ लाख ५३ हजार वजेट व्यवस्थापन गरेको छ । साथै सामुदायिक विद्यालयका छात्राहरूको लागि सेनिटरी प्याड व्यवस्थापन गर्न रु १० लाख ५२ हजार बजेट व्यवस्था गरेको छ ।

३३ सवैका लागि शिक्षा, माध्यमिक तह, आधारभूत तह, बालविकास केन्द्र शिक्षक तलव तथा पारिश्रमिकका लागि रु २३ करोड १५ लाख ६९ हजार बजेट व्यवस्था गरेको छ ।

३४ विद्यालय क्षेत्र विकास कार्यक्रम, शैक्षिक पहुँच सुनिश्चितता, निशुल्क पाठ्यपुस्तक अनुदान, शैक्षिक गुणस्तर सुदृढिकरण, कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, विद्यालय ल्याव स्थापना, सामुदायिक सिकाइ केन्द्र, विद्यालय सहायक कर्मचारी व्यवस्थापन, कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि छात्रवृत्ति, प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ अनुदान, विपन्न लक्षित छात्रवृत्ति लगायतका शैक्षिक कार्यक्रम विकास र सञ्चालनका लागि कुल रकम रु ४ करोड २२ लाख ३० हजार बजेट व्यवस्था गरेको छ ।

३५ पर्वत जिल्लाको सवैभन्दा पुरानो क्याम्पस पर्वत बहुमुखी क्याम्पस सञ्चालन तथा व्यवस्थापनका लागि १२ लाख रुपैया विनियोजन गरेको छ । त्यसैगरी नगरका अन्य क्याम्पसहरु अन्नपूर्ण बहुमुखी क्याम्पस र त्रिभुवन क्याम्पसको लागि समेत उच्च शिक्षामा साझेदारी कार्यमक्रम अन्तर्गत सञ्चालन खर्चको लागि १० लाख रुपैयाँ वजेट विनियोजन गरेको छ ।

३६ माध्यमिक विद्यालय तर्फ थापाठाना मा.वि., लिमिठाना मा.वि., श्रीराम मा.वि, ग्रामोदय मावि भँगरा, जनता आ.वि. लिमिठाना, जनता आधारभूत विद्यालय, सरस्वती आधारभूत विद्यालय, ध्रुव नमूना मा.वि. विद्यार्थी आवास खर्चको लागि समेत गरी कुल रकम रु २४ लाख ९९ हजार बजेट सञ्चालन अनुदानको रुपमा उपलब्ध गराउने प्रवन्ध गरेको छ ।

३७ शिशु निकेतन आधारभूत विद्यालयलाई थप प्रभावकारी शिक्षण सिकाइमा योगदान पुग्ने गरी भौतिक पूर्वाधार विकासको लागि रु ३० लाख वजेट व्यवस्थापन गरेको छ ।

३८ शैक्षिक गुणस्तर अभिवृद्धि, माध्यमिक विद्यालयका विद्यार्थी प्रतिभा पहिचान, सुत्केरी विदामा बसेका महिला शिक्षकको सट्टा शिक्षक, माध्यमिक तह तथा उच्च शिक्षामा गरिब तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गर्नको लागि विनियोजित बजेटलाई निरन्तरता दिएको छ ।

३९ विभिन्न विद्यालयहरुमा विद्यार्थीको क्षमता विकास गर्ने गरी संगीत प्रशिक्षण कार्य शुरुवात गर्न रु १ लाख ५० हजार, पुर्नगठित युवाक्लव सञ्चालन गर्न रु २ लाख र विभिन्न विद्यालयका कम्प्युटर ल्याव सुदृढ गर्न कम्प्युटर मर्मत कार्यको लागि ३ लाख ५० हजार रुपैयां वजेट विनियोजन गरेको छ ।

४० माटेदेवल मा.वि. लाई प्रदान गरिदै आएको प्राविधिक शिक्षाको छात्रवृत्ती र भवानी

विद्यापीठमा विज्ञान विषयमा अध्ययन गर्ने विद्यार्थीलाई दिइदै आएको छात्रवृति र मोती सामुदायिक पुस्तकालयलाई दिदै आएको सञ्चालन अनुदानलाई निरन्तरता दिएको छ ।

४१ अंग्रेजी पाठ्यपुस्तक खरिद, शिक्षक तालिम, उपलब्धी मापन, प्रतिभा पहिचान, विज्ञान सामाग्री प्रदर्शनी लगायतका शैक्षिक गतिविधिको लागि विनियोजित बजेटलाई निरन्तता दिएको छ ।

४२ स्थानीय सरकारको झल्को दिने गरी विद्यालयमा नियमित पठन पाठन तथा विद्यार्थीहरूलाई स्थानीय विषयमा जानकारी गराउने गरी स्थानीय पाठ्यक्रम छपाई र वितरणको प्रबन्ध मिलाउन आवश्यक वजेट विनियोजन गरेको छ ।

४३ असहाय विपन्न विधार्थीको लागि भर्ना अभियान, टिकाउ तथा सिकाइ स्टेशनरी सहयोग अभियान सञ्चालन गर्न साझेदारीको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

४४ शिक्षातर्फ बालमैत्री सूचक पुरा गराउन आवश्यक वजेट व्यवस्था गरेको छ भने शिक्षक अवकास प्रोत्साहनको लागि रु ७ लाख वजेट विनियोजन गरेको छ ।

४५ बाल विकास केन्द्र, विद्यालय सहायक कर्मचारी तथा लेखा कर्मचारीहरुको उत्प्रेरणा बढाउन थप पारिश्रमिक उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छ ।

४६ मातृ तथा नवशिशु, आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला, निशुल्क गर्भपतन कार्यक्रम, सरुवा रोगको रोकथाम, नियन्त्रण, हात्तिपाईले रोग विरुद्धको औषधी सेवन, पशुपंक्षिवाट सर्ने रोग वर्डफ्ल्यु, एन्फ्लुएन्जा लगायतका रोगको रोकथाम, नियन्त्रण र निगरानीका लागि रु. ५९ लाख ३२ हजार वजेट विनियोजन गरेको छ ।

४७ नगरपालिकाका आमा बा स्वास्थ्य कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिकको घरघरमा स्वास्थ्यकर्मी, विपन्न असहाय र दीर्घ विरामी र विपन्न सुत्केरी महिलाको पोषण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

४८ संघीय सरकारसंगको साझेदारीमा महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाको प्रोत्साहन र क्षमता विकासको लागि रु २७ लाख १६ हजार बजेट विनियोजन गरेकोछ ।

४९ औषधी व्यवस्थापन, ल्याब सेवा विस्तार र निरन्तरता, जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा, स्वास्थ्य आमा समुह परिचालन, प्रेषण गर्नु पर्ने सुत्केरीलाई निशुल्क एम्बुलेन्स सेवा, नियमित औषधी व्यवस्थापन गर्न आवश्यक वजेट विनियोजन गरेको छ । साथै नगर अस्पतालमा पूर्वाधार तथा उपकरण सामाग्री खरिद, स्वास्थ्य संस्था सञ्चालन र व्यवस्थापन, दीर्घ कडा रोगीका परिवारमा स्वास्थ्य विमा साझेदारी, ल्याव सेवा, स्वास्थ्य संस्था डिजीटाईजेसन लगायतका नियमित कार्यक्रमहरुमा भएको वजेटलाई निरन्तरता दिएको छ । यस वर्षदेखि विभिन्न विद्यालयमा अध्ययनरत विधार्थीको स्वास्थ्य परीक्षणको लागि विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छ ।

५० श्रीकाङ खोपकेन्द्र निर्माण र श्रीकांग स्वास्थ्य ईकाईको पूर्वाधार निर्माण गर्न रु ३ लाख वजेट विनियोजन गरेको छ ।

५१ आयुर्वेद स्वास्थ्य संस्थाको क्षमता विकास र उपचारात्मक कार्यक्रमका लागि रु ५ लाख ५० हजार बजेट व्यवस्था गरेको छ ।

५२ सङ्घीय सरकारको सामाजिक सुरक्षाको दायरामा नपरेका ५० वर्ष देखि ६८ वर्ष सम्मका

विदुर पुरुषहरूलाई सहज जीवनयापनका लागि सामाजिक संरक्षण प्रोत्साहन रकमको लागि रु १२ लाख वजेट विनीयोजन गरेको छ ।

५३ नगरपालिका भित्र रहेका अंसगठित क्षेत्र एवम् विपन्न वर्गका श्रमिकको भविष्यको सामाजिक सुरक्षा र सहज जिवनयापनका लागि नागरिक लगानी कोषको सहकार्यमा भैरहेको श्रमिक पेन्सन योजनाको निरन्तरताको लागि रु ६५ लाख बजेट विनियोजन गरेको छ ।

५४ पञ्जीकरण शाखाको क्षमता विकास तथा एम आइ एस अपरेटर र फिल्ड सहायकको पारिश्रमिक सहित सामाजिक सुरक्षालाई थप व्यवस्थित गर्न वायोमेट्रिक सफ्टवेय प्रणाली खरिद तथा सञ्चालन गर्न र शिविर तथा तालिम सञ्चालनको लागि कुल रकम रु १७ लाख १५ हजार बजेट विनियोजन गरेको छ ।

५५ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्र, युवा रोजगारीका लागि रुपान्तरण पहल कार्यक्रम मार्फत वेरोजगार व्यक्तिलाई रोजगारी उपलव्ध गराउन कुल रु ८६ लाख ४६ हजार बजेटको प्रवन्ध मिलाएको छ । साथै रोजगार सेवाकेन्द्रलाई आन्तरिकीकरण र शशक्तिकरण गर्दै नगरपालिकाबाटै श्रम स्वीकृति प्रदान गर्ने लगायत रोजगार सम्बन्धी कार्यलाई व्यवस्थित गर्न आवश्यक वजेट व्यवस्था गरेको छ ।

५६ नगर क्षेत्रमा रहेका कोतहरूको संरक्षण, ऐतिहांसिक मन्दिरको सम्बर्द्धन, पुजा व्यवस्थापन, भाषा र भेषभुषा संरक्षण, लोक संस्कृतीहरूको सम्बर्द्धन र संरक्षणका लागि आवश्यक रकम व्यवस्था गरेको छ ।

५७ महिलाहरूको नेतृत्व विकास तथा क्षमता विकास र महिला आयआर्जनका कार्यक्रम, लैगिंक समानता तथा सामाजिक समावेशीकरणका लागि आवश्यक वजेट व्यवस्था गरेको छ ।

५८ वालवालिकाको संरक्षण, वालवालिकाको हक अधिकारको सुनिश्चितता, र बाल संरक्षणको लागि बालमैत्री स्थानीय शासनलाई जोड दिदै विभिन्न कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट व्यवस्था गरेको छ ।

५९ दलित वर्ग, विपन्न र सिमान्तकृत वर्गको आयआर्जनको लागि १० लाख रुपैयां वजेट विनियोजन गरेको छ । साथै उपप्रमुखसंग महिला, विपन्न, शहिद परिवार, वेपत्ता परिवार, द्वन्द्व पीडितहरुको आयआर्जन, सशक्तीकरण तथा क्षमता विकास कार्यक्रमको लागि रु ७ लाख वजेट विनियोजन गरेको छ । जसले नगरभित्र रहेको सवै पक्षको आत्म सम्मान बढाउन सहयोग पुग्ने अपेक्षा गरेको छ । महिला, बालवालिका, दलित, अपांगता भएका, विपन्न वर्ग लगायत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विभिन्न कार्यक्रम सञ्चालन गर्न कुल रकम रु ३७ लाख ६५ हजार वजेट विनियोजन गरेको छ ।

६० महिला, युवा, विपन्न, उद्यमीहरूको क्षमता विकास, सीप विकास, प्रविधी हस्तान्तरण, नयाँ उद्यमी सृजनाका लागि गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमसंगको साझेदारीको लागि रु २२ लाख ५० हजार बजेट विनियोजन गरेकोछ ।

**पूर्वाधार विकास तर्फः**

६१ फलेवास नगरपालिकाको प्रमुख प्रशासकीय भवन निर्माणको लागि आगामी आ.व.भित्र निर्माण सम्पन्न गर्ने र भवनको फर्नीसीङ तथा फर्निचर व्यवस्थापन समेत गरी कुल रकम रु २ करोड ५ लाख वजेट विनियोजन गरेको छु ।

६२ नगरको मुख्य वस्तीहरूलाई नगरको केन्द्र तथा सडक सञ्जालमा जोड्न वाँकी रहेका नयाँ ट्याक खन्नु पर्ने र आकस्मिक रुपमा मर्मत गर्नुपर्ने सडक नगरपालिकाको एस्काभेटर र व्याक हु लोडरवाट सम्पादन गर्ने गरी इन्धन लगायत व्यवस्थापनको लागि रु. १ करोड ७ लाख बजेट विनियोजन गरेको छु ।

६३ नगरपालिकाको वडा नं ७, ८, ९ गरी ३ वटा वडाहरूलाई प्रत्यक्ष लाभ पुग्ने लमाएखोला लिमिठाना ठानामौला सडकको लागि सङ्घीय सरकारको साझेदारीमा स्तरबृद्धि गर्न रु १ करोड १० लाख र श्रीकांग शिवचोक पांगरांग वडा कार्यालय जाने सडकको स्तरबृद्धि गर्न प्रदेश सरकारसँगको साझेदारीमा रु १ करोड ४० लाख बजेट विनियोजन गरको छु ।

६४ नगरका विभिन्न वडासंग सम्बन्धित कार्कीनेटा भुजेलस्वांरा भिडाबारी सहिदचोक रुग्दी सडकको स्तरोन्नती गर्न रु ५० लाख, तीवारीटोल सडक नुवार शंकरपोखरीको लागि रु ५० लाख, सातविसे घिमिरे थर हुंदै खानीगाउँ रोडसम्म जोड्ने सडक निर्माण गर्न रु ५० लाख र पानी टंकी विसुनचौका सडक खानीगाउँको निर्माण गर्न रु ५० लाख वजेटको व्यवस्था मिलाएको छ ।

६५ नगर भित्रका मुख्य मोटरवाटोलाई वर्षायाम पश्चात आकस्मिक मर्मत गरी तत्काल सवारी आवागमनमा सहजताका लागि र १० लाख बजेट विनियोजन गरेको छु ।

६६ संघीय सरकारको सहयोगमा श्रममुलक सार्वजनिक निर्माण कार्यको लागि कुल रकम रु ५ करोड ५० लाख ३८ हजार वजेटको व्यवस्था मिलाएको छु । जसबाट ११ वटै वडाका प्राथमिकता प्राप्त उपयोजनाहरुको कार्यान्वयन गर्न प्रत्येक वडालाई रु ३० लाखका दरले रु ३ करोड ३० लाख बजेट विनियोजन गरेको छु ।

६७ त्यसैगरी शहरी शासकीय तथा पूर्वाधार आयोजना मार्फत ११ वटै वडाबाट नगरको केन्द्र जोड्ने सडकहरु झकलक चितीपानी, लमाएखोला लिमिठाना ठानामौला, श्रीकांग शिवचोक पांगरांग वडा कार्यालय सडकहरुको स्तरोन्नती गर्न छुट्टा छुट्टै प्याकेज गरी कुल रकम रु ९० लाख बजेट विनियोजन गरेको छु ।

६८ शहरी शासकीय तथा पूर्वाधार आयोजनाको वार्षिक वजेटबाट विभिन्न सडकहरुको स्तरोन्नती र संरक्षण कार्य गरी भरपर्दो यातायातको सुविधा पुराउने उद्देश्यले कार्कीनेटा वजार सडक स्तरोन्नती गर्न रु १० लाख, थापाठाना माविको संरक्षण गर्न रु ८ लाख, थापाठाना वडा कार्यालय कम्पाउण्डींगको लागि रु ८ लाख, सहीदचोक टोप्रे सीमखेत सडक मर्मत गर्न रु १५ लाख, श्रीराम मावि पूर्वाधार निर्माण गर्न रु ८ लाख ३८ हजार, देविस्थान वडा कार्यालय जाने सडक र मदन पार्क नाली निर्माण गर्न रु १० लाख लगायतका विभिन्न सडकहरुको संरक्षण गर्न ११ वटै वडामा थप रु १ करोड ३० लाख ३८ हजार वजेट विनियोजन गरेको छु ।

६९ विभिन्न वडाहरुबाट प्राथमिकताका आधारमा निर्णय भएका स साना योजना तथा कार्यक्रमबाट जनगुनासा सम्वोधन गर्न सकिने तथा नागरिकका साना तिना अपेक्षा

सम्वोधन हुने भएकोले साना पूर्वाधारका कार्य गर्न प्रत्येक वडालाई रु १० लाखका दरले कुल रकम रु १ करोड १० लाख वजेट विनियोजन गरेको छु ।

७० पांगरांग देखि सुलीकोट जाने लुंगदी नेपाने पदमार्ग निर्माणको लागि रु ३ लाख र सीभिल ईन्जीनियरींग इक्वीपमेन्ट खरिदको लागि नगरकार्यपालिका पूर्वाधार शाखाको लागि रु ५ लाख वजेट विनियोजन गरेको छु ।

७१ समन्वय, सहकार्य, साझेदारीमा नगरको विकास गर्ने नीति अनुरुप सडक वोर्ड, झोलुंगे पुल क्षेत्रगत कार्यक्रम लगायत प्रदेश र संघमा प्रस्ताव गर्ने योजनामा साझेदारीका लागि रु २६ लाख वजेट विनियोजन गरेकोछु ।

७२ लमाएखोला लिफ्ट सिंचाई योजनाको काम सम्पन्न गर्न्ने रु २० लाख वजेट विनियोजन गरेको छु ।

७३ नगरपालिकामा काठका विद्युत पोल फलामे विद्युत पोलद्धारा विस्थापित भैसकेको छ भने सामुदायिक विद्युतीकरण अन्तर्गत यस नगरपालिकाको वडा नं ११ को सुलीकोटमा थ्रीफेज लाईन र ट्रान्सफर्मर व्यवस्था गर्न केन्द्रीय निकायसंग समन्वय भई विद्युत लाईन सुधार कार्य भैरहेको छ । साथै सङ्घीय सरकारको समन्वयमा वैकल्पिक उर्जा प्रविधि जडान गर्न रु ८ लाख बजेट व्यबस्था गरेको छु ।

७४ वर्षादमा भएको वाढी पहिरोका जस्ता विभिन्न मनसुनजन्य प्रकोपवाट क्षति पुगेका निजी आवास पुनर्निर्माण, पुनस्थापना र प्रवलीकरणको लागि संघ, प्रदेशसंगको साझेदारीमा अगाडी वढाउन १४ लाख रुपैया बजेट विनियोजन गरेको छु ।

७५ अति विपन्न परिवारको लागि विपन्न नागरिक सुरक्षित आवास निर्माण कार्यक्रमको लागि सङ्घीय सरकारको साझेदारीमा रु. १० लाख बजेट व्यवस्था गरेको छु । यसवाट स्थानीय सरकारले संविधान प्रदत्त आवासको हकलाई कार्यान्वयन गर्नेछ ।

७६ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ४ कोठे भवन निर्माण गर्न साझेदारीको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु । चालु आ.व.मा निर्माण कार्य भैरहेका अन्नपूर्ण मा.वि. कार्किनेटा, राम मा.वि. शंकरपोखरी, लिमिठाना मा.वि. लिमिठाना र शारदा मा.वि. कुर्घाको लागि रु चालु आ.व.मा रु १६ लाख बजेट रहेको र आगामी आ.व. मा भुक्तानी गर्न थप रु १६ लाख वजेट विनियोजन गरेको छु ।

७७ प्रदेश र सङ्घीय सरकारको साझेदारीमा अग्ला, मझौला तथा साना झोलुङ्गे पुल निर्माण र नगरभित्र रहेका विभिन्न झो पु को मर्मत गर्न हेरालु व्यवस्थापन र क्रमागत झोलुंगेपुल निर्माण सम्पन्न गर्न साझेदारी गर्न आगामी बर्ष रु १० लाख बजेट व्यवस्था गरेको छु । विभिन्न वडाबाट माग भएका अग्लो झोलुङ्गे पुलको निर्माण कार्य अगाडी वढाउन संघ र प्रदेश सरकारसंग समन्वय भैरहेको छ ।

७८ विगत ४ वर्षसम्म नगरको भौतिक पूर्वाधार र रोजगारीको अवसर सृजना हुनेगरी श्रममुलक सार्वजनिक निर्माणकार्यको लागि उल्लेख्य वजेट उपलब्ध गराएकोमा शहरी शासकीय तथा पूर्वाधार आयोजनालाई हाम्रो यस गरिमामय नगरसभा मार्फत हार्दिक धन्यबाद ज्ञापन गर्दछु र साथै आगामी आ.व.मा समेत रु ५ करोड ५० लाख ३८ हजार बजेटबाट नगरको पूर्वाधार विकास र रोजगारी सृजना गर्ने अभियानमा महत्पूण योगदान पुग्ने विश्वास गर्दै आयोजनाको निरन्तरता र थप बजेट उपलब्ध गराउन

अनुरोध गर्दछु ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

७९ विपद तथा सोको कारण पुग्ने क्षति न्यूनीकरण र पुर्ननिर्माण एवं वातावरण संरक्षण गर्ने विपद व्यवस्थापन कोषको लागि रु ८ लाख बजेट विनियोजन गरेको छु ।

८० मौसमजन्य विपदबाट क्षतीग्रस्त निजी आवास निर्माणमा साझेदारी गर्न रु १४ लाख वजेट विनियोजन गरेको छु । समग्रमा प्रकोप व्यवस्थापन, वातावरण तथा विपद् व्यवस्थापनका कार्यक्रम संचालन गर्न रु ८२ लाख बजेट विनियोजन गरेको छु ।

८१ नकुहिने फोहर बर्गीकरण, विसर्जन, सरसफाई अभियान सञ्चालन गर्ने क्लिन फलेवास ग्रिन फलेवास कार्यक्रम सञ्चालन गर्न रु २० लाख बजेट विनियोजन गरेको छु ।

८२ विपद व्यवस्थापनका सामाग्री व्यवस्थापन गर्ने तथा बाढी तथा नदीजन्य विपदका घटनामा उद्धार कार्य सहज बनाउने उद्देश्यले अन्य निकायसंग समन्वय र सहकार्य गरी डुंगा खरिदको लागि साझेदारी गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

८३ वांदरबाट बाली संरक्षण अभियान सञ्चालनका लागि ११ लाख वजेट विनियोजन गरेको छु ।

८४ नगरक्षेत्रमा पर्ने आकस्मिक र विपदजन्य अवस्थामा विरामीहरुलाई तत्काल उद्धार र स्वास्थ्योपचार सेवा उपलब्ध गराउन सहजता ल्याउने गरी नगर भित्र रहेका एम्वुलेन्स सञ्चालन र व्यवस्थापनको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

**संस्थागत क्षमता विकास तथा शुसासन तर्फः**

८५ पञ्जिकरण व्यवस्थापन, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली संचालन, एम.आई.यस.अपरेटर र फिल्ड सहायक र सुचना प्रविधि अधिकृतको तलवमा साभेदारीको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८६ सुचना तथा प्रविधि शाखा व्यवस्थापन तथा इन्टरनेटको सञ्जालीकरण तथा क्षमता विकास तालिम, सेवा प्रवाह सवलीकरणको व्यवस्था गरेको छु ।

८७ कार्यालयमा कार्यरत कर्मचारीहरूको न्यायोचित वृत्ति विकासका लागि कर्मचारी अवकास कोष स्थापना र कर्मचारीहरुको बृत्ति विकास र प्रोत्साहनको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

८८ न्यायीक समिति व्यवस्थापन, न्यायीक सेवा विस्तार, मेलमिलाप कर्ताको पुर्नताजगि लगायतका कार्यक्रमका लागि आवश्यक व्यवस्था मिलाएको छु भने न्यायीक समितिलाई कानूनी सेवा परापर्शको लागि कानून अधिकृत पारिश्रमिक साझेदारीको लागि समेत वजेट विनियोजन गरेको छु ।

८९ जग्गा बर्गीकरण तथा भू उपयोग योजना तर्जुमाको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

९० पत्रकार महासंघ र स्थानीय संचार माध्यमको क्षमता विकास, सवलीकरण र नेतृत्व विकासका लागि आवश्यक वजेट विनियोजन गरेको छु । नगरको उपलव्धी प्रचार प्रसार, संचार माध्यमको सवलीकरण, रेडियो कार्यक्रम प्रशारण, सार्वजनिक सुनुवाई, सामाजिक

परिक्षण, लैङ्गिक परिक्षण जस्ता कार्यक्रमहरू संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छ ।

९१ नगरपालिकाको विधायन समितिको क्षमता विकास गरी कानून निर्माण प्रक्रियालाई व्यवस्थित गर्न आवश्यक वजेट विनियोजन गरेको छ ।

९२ समग्र संस्थागत क्षमता विकास, सेवा प्रवाहमा प्रभावकारीता, सुशासन प्रवद्र्धन, कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास तथा अध्ययन अवलोकन सहित विभिन्न कार्यक्रम सञ्चालन का लागि, लगायतका संकार्यको लागि रु ५० लाख बजेट विनियोजन गरेको छ ।

**सभाध्यक्ष महोदय,**

१ प्रस्तुत गरिएका कार्यक्रमहरू कार्यान्वयन गर्न निम्नानुसारको वित्तीय व्यवस्था गरेको छ ।

| आर्थिक वर्ष ०८१।८२ को बजेट आम्दानी तर्फ | | | |
|---|---|---|---|
| **क्रस** | **आय शिर्षक** | **बजेट रु** | **कैफियत** |
| १ | आन्तरिक स्रोत | ९८५००५० | आन्तरिक |
| २ | स्थानीय राजस्व वांडफांड | ५१४९९५० | आन्तरिक |
| ३ | सङ्घीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ९७८००००० | अनुदान |
| ४ | सङ्घीय सरकारबाट प्राप्त राजश्व बाडफाँड | ९०००००००० | शशर्त |
| ५ | सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदान चालु | ३६१६१३००० | शशर्त |
| ६ | सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदान पूजीगत | ७८१३८००० | अनुदान |
| ७ | सङ्घीय सरकारबाट प्राप्त समपुरक अनुदान | ५५०००००० | ससर्त |
| ८ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीरण अनुदान | १२८०००००० | ससर्त |
| ९ | प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड | ७०८७००० | अनुदान |
| १० | प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | ३००००००० | अनुदान |
| ११ | प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | ७००००००० | ससर्त |
| १२ | अ ल्या | ३४९४२००० | आन्तरिक |
| | जम्मा | ७१२८८०००० | |

जम्मा बजेट रु ७१ करोड २८ लाख ८० हजार मात्र ।

**<u>नगर सभा सदस्यहरु,</u>**

२ प्रस्तुत कुल रु ७१ करोड २८ लाख ८० हजारको वजेटमा पूंजीगत वजेट तर्फ रु १९ करोड १८ लाख १८ हजार रहेको छ जुन कुल वजेटमा पूंजीगत वजेटको हिस्सा २६.९ प्रतिशत रहेको छ भने चालु वजेट रु ५२ करोड १० लाख ६२ हजार रहेको छ जुन कुल वजेटको ७३.१ प्रतिशत रहेको छ ।

**सभाध्यक्ष महोदय,**

**अन्त्यमा,**

प्रस्तुत बजेट तथा कार्यक्रममा नगरका सवै पक्ष, क्षेत्र र समुदायलाई समेट्ने प्रयास गरिएको छ । यसको सफल कार्यान्वयनले नगरको समग्र विकासमा महत्वपूर्ण भूमिका निर्वाह हुने अपेक्षा लिएको छु । सकेसम्म वास्तविक आय र यथार्थ धरातलमा उभिएर बजेट तथा कार्यक्रमको निर्माण गर्न कोशिस गरेको छु । यसको सफल कार्यान्वयनका लागि सवै सरोकारवालाहरूको साथ, सहयोग र समर्थन प्राप्त हुनेमा पूर्ण विश्वस्त छु । साथै यो वार्षिक बजेट तथा कार्यक्रम तयारीमा महत्वपूर्ण दिशानिर्देश गर्नुहुने नगरप्रमुखज्यू, विषयगत समितिका संयोजकज्यूहरु र सदस्यहरू, सम्पूर्ण नगरसभा सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरू र सल्लाह सुझाव प्रदान गर्नुहुने जनप्रतिनिधिहरु एवं राजनीतिक दल र विषय विज्ञहरुलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु । धन्यवाद । जय फलेबास ।जय फलेवास ।

**शोभा कुमारी क्षेत्री**
**उपप्रमुख**
**फलेवास नगरपालिका**
मितिः आषाढ ९, २०८१

## फलेबास नगरपालिकाको आ व ०८१।८२ को आय अनुमान

| आर्थिक वर्ष ०८१।८२ को बजेट आम्दानी तर्फ | | | |
|---|---|---|---|
| **क्रस** | **आय शिर्षक** | **बजेट रु** | **कैफियत** |
| १ | आन्तरिक स्रोत | ९८५००५० | आन्तरिक |
| २ | स्थानीय राजस्व वांडफांड | ५१४९९५० | आन्तरिक |
| ३ | सङ्घीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ९७८००००० | अनुदान |
| ४ | सङ्घीय सरकारबाट प्राप्त राजश्व बाडफाँड | ९०००००००० | शशर्त |
| ५ | सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदान चालु | ३६१६१३००० | शशर्त |
| ६ | सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदान पूजीगत | ७८१३८००० | अनुदान |
| ७ | सङ्घीय सरकारबाट प्राप्त समपुरक अनुदान | ५५०००००० | ससर्त |
| ८ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीरण अनुदान | १२८००००० | ससर्त |
| ९ | प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड | ७०८७००० | अनुदान |
| १० | प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | ३०००००० | अनुदान |
| ११ | प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | ७०००००० | ससर्त |
| १२ | अ ल्या | ३४९४२००० | आन्तरिक |
| | जम्मा | ७१२८८०००० | |

## आ व ०८१।८२ को लागि शशर्त वाहेक विषयगत वजेट सीमा

| **क्र स** | **विषयगत क्षेत्र** | **बजेट सिलिङ** | **कैफियत** |
|---|---|---|---|
| **आर्थिक विकास** | | | |
| १ | कृषि विकास | ४७५३००० | |
| २ | पशुपन्छी विकास पशु बस्तुमा मुल्य श्रृखला साझेदारी समेत | १३६२०००० | |
| ३ | सहकारी राजस्व श्रमिक कल्याण कोषको ७० लाख समेत | ७८००००० | |
| ४ | पर्यटन (मनमोहन शान्ति वाटिका, अमरसिंह पार्क, डहरे देउराली पुर्वाधार) | ११३०००००० | |
| ५ | उद्योग (उद्म विकास सहजकर्ता पारिश्रमिक सहित) | ९५०००० | |
| | **आर्थिक विकास तर्फको जम्मा** | **३८४२३०००** | |
| **सामाजिक विकास** | | | |
| ६ | शिक्षा | २४१३४००० | |
| ७ | स्वास्थ्य | ५९३२००० | |
| ८ | महिला बालबालिका तथा समावेशीकरण | ३७६५००० | |
| ९ | कला भाषा तथा संस्कृति संरक्षण प्रबर्द्धन | ४००००० | |
| १० | युवा तथा खेलकुद राष्ट्रपति रनिङ्ग शिल्ड समेत | २१००००० | |

| | | | |
|---|---|---|---|
| ११ | पन्जीकरण तथा सामाजिक सुरक्षा (अपरेटर तलव र बायो मेट्रिक प्रणाली ५ लाख समेत) | २५१५००० | |
| | **सामाजिक विकास तर्फको जम्मा** | ३८८४६००० | |
| **पूर्वाधार विकास** | | | |
| १२ | पूर्वाधार विकास सडक पुल आवास भवन मेशीन इन्धन अन्य योजना साझेदारी | ७०८००००० | |
| | **पूर्वाधार विकास तर्फको जम्मा** | ७०८००००० | |
| **वन वातावरण तथा विपद व्यवस्थापन** | | | |
| १३ | प्रकोप, विपद व्यवस्थापन, मौसम जन्य आवास निर्माण, बन, वातावारण, क्लिन ग्रीन फलेवास र अभियन्ता तलव समेत,एम्बुलेन्स सन्चालन व्यवस्थापन,डुंगा खरिद साझेदारी, फोहोर मैला व्यवस्थापन, विपद कोष, बांदरबाट वाली संरक्षण | ८२००००० | |
| | **वन वातावरण तथा विपद व्यवस्थापन तर्फको जम्मा** | ८२००००० | |
| **शुसाशन तथा संस्थागत क्षमता विकास** | | | |
| १४ | संस्थागत विकास तथा शुसासन, संस्थागत विकास, तालिम, क्षमता विकास, सुशासन, साझेदारीका कर्मचारी व्यवस्थापन, जग्गा बर्गीकरण तथा भूउपयोग योजना तयारी, पत्रपत्रीका, क्यालेन्डर र रेडबुक छपाइ, डायरी छपाइ, सुरक्षा ब्यवस्थापन, विधायन समिति व्यवस्थापन | ५०००००० | |
| | **शुशासन तथा पूर्वाधार तर्फको जम्मा** | ५०००००० | |
| १५ | सन्चालन चालु | ९३३६०००० | |
| १६ | सन्चालन पुँजीगत फर्निचर्स, मेशीनरी औजार, सवारी साधन, | ३०००००० | |
| | सन्चालन चालु र पूंजीगत तर्फको जम्मा | ९६३६०००० | |
| | **कुल जम्मा** | २५७६२९००० | |

**फलेवास नगरपालिकाको १५ औं नगर सभामा स्वीकृत निर्णयहरु**

१. फलेवास नगर कार्यपालिकाको आर्थिक वर्ष २०८१/०८२ को प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम पारित भयो ।

२. फलेवास नगर कार्यपालिकाको आर्थिक वर्ष २०८१/०८२ को प्रस्तुत बार्षिक बजेट तथा कार्यक्रम पारित भयो ।

३. फलेवास नगर कार्यपालिकाको आर्थिक विधेयक, २०८१ सभामा प्रस्तुत भई पारित भयो ।

४. फलेवास नगर कार्यपालिकाको विनियोजन विधेयक, २०८१ सभामा प्रस्तुत भई पारित भयो ।

५. आ.व.२०८०/८१ मा विनियोजन भएका शहरी शासकीय पुर्वाधार योजना, विभिन्न सिंचाई, खानेपानी, कृषि, पशु विकास, सामाजिक सेवा, आर्थिक विकास, विपद् व्यवस्थापन, भैपरी, सडक निर्माण, सुशासन कार्यालयलाई अख्तियारी प्रदान गरियो । प्रवर्द्धन, शिक्षा तर्फको कार्यसम्पादनमा आधारित प्रोत्सहान अनुदान, ICT, पुस्तकालय अनुदान आदि जस्ता एकमुष्ठ रकम राखिएका कार्यक्रम र योजनाहरुको स्थान र रकम विनियोजन गरी योजना कार्यान्वयन गर्ने कार्यालयलाइ अख्तियारी प्रदान गरियो ।

६. नगरसभा, नगरकार्यपालिका, अन्य विषयगत समितिहरु तथा नगर कार्यपालिकाको कार्यालयले आयोजना गरेको बैठकहरु संचालन, कार्यालय व्यवस्थापन, योजना छनौट तथा कार्यान्वयन, बजेट निर्माण, सबै किसिमका खरिद कार्यका लागि अतिरिक्त समय काम गर्ने प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा, जिन्सी शाखा, नगर प्रमुखको सचिवालयमा कार्यरत कर्मचारीहरुलाई उनीहरुको शुरु तलव स्केलको पचास प्रतिशतले हुन आउने रकम प्रोत्सहान भत्ता स्वरुप र अन्य शाखामा कार्यरत कर्मचारीहरुलाई खाना, खाजा तथा यातायात खर्च र प्रोत्साहन भत्ता स्वरूप वढिमा शुरु तलव स्केलको पचास प्रतिशतले हुन आउने रकम उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई कार्यादेश प्रदान गरियो ।

७. आर्थिक वर्ष २०८०/८१८ मा फलेवास नगर कार्यपालिकाका विभिन्न मितिमा सम्पन्न भएका बैठकहरुमा भएका निर्णयहरु अनुमोदन गरियो ।

८. नगरसभाको कार्यसंपादन गर्न आवश्यक कर्मचारीहरु कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, सवारी चालक, आकस्मिक स्वास्थ्य तथा आकस्मिक सेवा प्रदान गर्ने व्यक्ति, नगरप्रमुखको सचिवालयमा काम गर्ने कर्मचारी आदि आवश्यकता अनुसार दैनिक ज्यालादारी वा सेवा करारमा नियुक्त गर्न र गत आ.ब.हरुमा नियुक्ति भई कार्यरत रहिआएका कर्मचारी साथै कार्यक्रम, परियोजना र आयोजना अर्न्तगत कार्यरत कर्मचारीहरुको आगामी आ.ब.को लागि कार्यक्रम थप भई आएमा निज कर्मचारीहरुको कार्य सन्तोषजनक देखिएमा माग निवेदनका आधारमा निज सबै कर्मचारीहरुलाई खाईपाई आएको सेवा सुबिधामा नघट्ने गरी आगामी आर्थिक वर्षमा म्याद थप गर्न र निज कर्मचारीहरुको कर्मचारी कल्याण कोषमा मासिक तलबको २५ प्रतिशत कट्टी गरी सोहि बराबरको रकम कार्यालयबाट थप गरी नागरिक लगानी कोषमा जम्मा गर्ने फलेवास नगर कार्यपालिकाको कार्यालयलाई कार्यादेश प्रदान गरियो साथै उक्त कर्मचारीहरुको खाइपाइ आएको सेवा सुविधामा आवश्यकताअनुसार बृद्धी गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गरियो ।

# फलेवास नगरपालिका

फलेबास नगरपालिकाको ऐन नं १

# फलेवास नगरपालिकाको आर्थिक ऐन २०८१

## नगर सभाबाट स्वीकृत मिति २०८१।०३।०९

## फलेवास नगरपालिका

पर्वत, जिल्ला

गण्डकी प्रदेश, नेपाल

## फलेबास नगरपालिकाको ऐन नं १

२०८१ सालको विधेयक नंः ०१

**फलेवास नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकः**

**प्रस्तावनाः**

फलेवास नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क तथा अन्य सबै किसिमको राजश्व संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको भाग १९ को धारा २२८ को उपधारा (२) बमोजिम फलेवास नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस विधेयकको नाम फलेवास नगरपालिकाको आर्थिक ऐन, २०८१ रहेको छ ।

(ख) यो ऐन २०८१ साल श्रावण १ गते देखि फलेवास नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. फलेवास नगरपालिका भित्र अनुसुची १ बमोजिमका करहरु लगाइने र असुल उपर गरिनेछ ।

३. यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

४. कर, शुल्क तथा अन्य सबै किसिमको राजश्व संकलन सम्बन्धी कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन र असुलउपर सम्बन्धी कार्यबिधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

५. प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम यस फलेवास नगरपालिकाको कर प्रणाली व्यवस्थित हुनेछ ।

६. नेपालको संविधान, संघीय आर्थिक कानूनले तोकेको स्थानीय आर्थिक कानूनको मापदण्ड, प्रदेश आर्थिक कानूनले तोकेको स्थानीय आर्थिक कानूनको मापदण्ड बाझिएको हदसम्म अमान्य हुनेछ ।

नोटः नगर कार्यपालिकाले उठाउने कर, दस्तुर, शुल्क आय र सबै किसिमका राजश्व दर अनुसुचीमा राखिएको छ ।

अनुसूची – १

आ.ब.२०८१।८२ को लागि सेवा शुल्क, कर तथा दस्तुरहरु दररेट

| १. सेवा शुल्कः | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | सेवाको किसिम | दर | परिमाण | जम्मा | कैफियत |
| १ | स्थलगत सर्जमिन वापत | ५०० | ३० | १५००० | |
| २ | अचल सम्पत्ति मूल्याकंन (०।१ प्रतिशत) | ०।०१% | ४००००००० | ४०००० | |
| ३ | निजी विद्यालयको दर्ता सिफारीस (मा. वि.) | २५००० | १ | २५००० | |
| ४ | निजी आधारभूत विद्यालयको दर्ता | २०००० | १ | २०००० | |
| ५ | निजी विद्यालय कक्षा थपको सिफारिस | १००० | १ | १००० | |
| ६ | निजी बाल विकास केन्द्र दर्ता | ७००० | १ | ७००० | |
| ७ | नागरिकता अनुसूची तथा निवेदन तथा सिफारिस | ३०० | ४५० | १३५००० | |
| ८ | अंगिकृत नागरिकता सिफारिस | ५०० | ३ | १५०० | |
| ९ | प्रतिलिपि नागरिकताको सिफारिस (संशोधित सहित) | ४०० | २०० | ८०००० | |
| १० | मिलापत्र शुल्क | ३०० | ५० | १५००० | |
| ११ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा (कच्ची घर) | १०० | १००० | १००००० | |
| १२ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा (टिन, ढुंगाको छाना) | २०० | २१५० | ४३०००० | |
| १३ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा (ढलान घर) | ४०० | ६० | २४००० | |
| १४ | टोल विकास संस्था दर्ता शुल्क।नविकरण | १०० | २० | २००० | |
| १५ | व्यवसायिक इजाजत सिफारिस (ठेक्का बाहेक) | १००० | ९२ | ९२००० | |
| १६ | स्थलगत प्राबिधिक सेवा शुल्क | २००० | ५० | १००००० | |
| १७ | ढलान घर निर्माण गर्नेलाई पुर्वाधार मर्मत संभार शुल्क | २५०० | २० | ५०००० | |
| | जम्मा | | | ११३१५०० | |

२. विभिन्न प्रमाणित र सिफारिस तथा अन्य दस्तुर

| सि.नं. | सेवाको किसिम | दर | परिमाण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | घरबाटो सिफारिस | | | | |
| | न.पा.को वडा नं. ४,५,६, को समतल क्षेत्र र अन्य वडाका बजार क्षेत्र प्रति रोपनी (१ रो भन्दा कममा १ रो.को दस्तुर लाग्ने छ) | | | | |
| क | पक्कि सडकसँग जोडिएको कित्ता एक रोपनी सम्म | ७०० | २०० | १४०००० | |
| ख | मूख्य सडक (कच्ची) | ६०० | १०० | ६०००० | |
| ग | शाखा सडक (कच्ची) | ५०० | १०० | ५०००० | |
| घ | गोरेटो बाटो | १०० | २०० | २०००० | |
| | माथि उल्लेखित बाहेक न.पा.का अन्य वडाहरु | | | | |
| क | पक्कि सडक | ५०० | १०० | ५०००० | |
| ख | मूख्य सडक (कच्ची) | ३०० | १०० | ३०००० | |
| ग | शाखा सडक (कच्ची) | २०० | १०० | २०००० | |
| घ | गोरेटो बाटो | ५० | ५० | २५०० | |
| २ | जग्गा नामसारी सिफारिस | | | | |
| क | न.पा.को वडा नं.४,५,६, को समतल क्षेत्र र अन्य वडाका बजार क्षेत्र | ५०० | १०० | ५०००० | |
| ख | माथि उल्लेखित बाहेक न.पा.का अन्य वडाहरु | २०० | १०० | २०००० | |
| ३ | नाम, थर संशोधन सिफारिस | ३०० | ५० | १५००० | |
| ४ | घर कायम सिफारिस (ढलान घर) | १००० | २० | २०००० | |
| ५ | घर कायम सिफारिस (ढलान बाहेक अन्य घर) | ३०० | ५० | १५००० | |
| ६ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | | | | |
| क | न.पा.को वडा नं. ४,५,६, को समतल क्षेत्र र अन्य वडाका बजार क्षेत्र एक रोपनी सम्म | ३००० | ० | ० | प्र.रो थप रु.१००० |
| ख | माथि उल्लेखित बाहेक न.पा.का अन्य वडाहरु | ३०० | ८ | २४०० | |
| ७ | विद्युत जडानको सिफारिस दस्तुर (घरयासी प्रयोजन) | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| क | न.पा.को वडा नं. ४,५,६, को समतल क्षेत्र र अन्य वडाका बजार क्षेत्र | ४०० | १०० | ४०००० | |
| ख | माथि उल्लेखित बाहेक न.पा.का अन्य वडाहरु | २०० | १०० | २०००० | |
| ८ | विद्युत जडानको सिफारिस दस्तुर(थ्री फेज लाइन) | | | | |
| क | न.पा.को वडा नं. ४,५,६, को समतल क्षेत्र र अन्य वडाका बजार क्षेत्र (व्यवसायिक प्रयोजन मात्र) | १५०० | ३ | ४५०० | |
| ख | माथि उल्लेखित बाहेक न.पा.का अन्य क्षेत्र | १००० | १०० | १००००० | |
| ९ | ब्यवसाय, खानेपानी धारा, विद्युत मिटर आदिको ठाउँसारी तथा नाम संशोधन सिफारिस | ३०० | १५० | ४५००० | |
| १० | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | २५० | १०० | २५००० | |
| ११ | बैदेशिक रोजगारको भिसा प्रयोजनको लागि सिफारिस (सार्कका सदस्य राष्ट्रहरु बाहेक) | ० | ० | ० | |
| क | खाडी मुलुकको लागि | ५०० | ५० | २५००० | |
| ख | माथि उल्लेखित बाहेक अन्य मुलुकको लागि | १००० | २५ | २५००० | |
| १२ | परिवार ल्याएको÷लगेको सिफारिस | २०० | १०० | २०००० | |
| १३ | नाता प्रमाणिात दस्तुर | ५०० | २५० | १२५००० | |
| १४ | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | १००० | १० | १०००० | |
| १५ | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | ५०० | १० | ५००० | |
| १६ क | नाफामूलक संस्था दर्ता | २५०० | ५ | १२५०० | |
| १६ ख | नविकरण | १००० | ५ | ५००० | |
| १७ क | सामाजिक संघसंस्था दर्ता | ५०० | ५ | २५०० | |
| १७ ख | सामाजिक संघसंस्था नविकरण | १०० | ५ | ५०० | |
| १७ ग | सामाजिक संघसंस्था कार्यक्षेत्र विस्तार | ५०० | २ | १००० | |
| १८क | जलस्रोत ऐन अन्तर्गत दर्ता हुने संघसंस्था दर्ता | ५०० | ६ | ३००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ख | जलस्रोत ऐन अन्तर्गत दर्ता हुने म्याद नाघेका संघसंस्था नविकरण एक पटकको लागि एकमुष्ट | १००० | २ | २००० | |
| १८ग | जलस्रोत ऐन अन्तर्गत दर्ता हुने संघसंस्था नविकरण | ५०० | २ | १००० | |
| १८ घ | जलस्रोत ऐन अन्तर्गत दर्ता हुने संघसंस्था कार्यक्षेत्र विस्तार | १५०० | ५ | ७५०० | |
| १९ | मोही नामसारी सिफारिस | ५०० | ५ | २५०० | |
| २० | सम्बन्ध विच्छेदको सिफारिस | १५०० | ११ | १६५०० | |
| २१ | ठुला उद्योग स्थापनाको सिफारिस | १०००० | ० | ० | |
| २२ | मझौला उद्योग स्थापनाको सिफारिस | १००० | १ | १००० | |
| २३ | साना तथा घरेलु उद्योगको सिफारिस | ५०० | १०० | ५०००० | |
| २४ | रुख काट्ने सिफारिस प्रति गोटा (प्रतिबन्धित बाहेक स्वीकृत आवश्यक पर्नेमा) | ३०० | ५० | १५००० | |
| २५ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५०० | ३० | १५००० | |
| २६ | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | १००० | ५ | ५००० | |
| २७ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | ५००० | ३ | १५००० | |
| २८ | अपुताली सिफारिस (नेपालको लागि) | १००० | १ | १००० | |
| २९ | अपुताली सिफारिस (विदेशको लागि) | ५००० | १ | ५००० | |
| ३० क | जन्म मृत्यू विवाह प्रमाणिात तथा सिफारिस (३५ दिन कटेपछि) | २०० | ५० | १०००० | |
| ३० ख | जन्म मृत्यु विवाह परिचयपत्र प्रतिलिपी | ५०० | २० | १०००० | |
| ३१ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | २०० | १४० | २८००० | |
| ३२ | अंग्रेजीमा सिफारीस | १००० | १०२ | १०२००० | |
| ३३ | एफ.एम. सञ्चालन सिफारिस शुल्क | ५०००० | ० | ० | |
| ३४ | एफ.एम.सञ्चालन इजाजत दस्तुर १०० वाट सम्म | १०००० | १ | १०००० | |
| ३५ | एफ.एम.सञ्चालन इजाजत नविकरण | १५००० | १ | १५००० | |
| ३६ | सहकारी दर्ता शुल्क | ५००० | २ | १०००० | |
| ३७ | श्रम स्वीकृतीको लागि सिफारिस दस्तुर ।तोकिएको बाहेकको अन्य शुल्क नियमानुसार हुनेछ । | २०० | ५०० | १००००० | अन्यशुल्क नियमानु सार हुनेछ |
| | | | | १३८५४०० | |

| |
|---|
| द्रष्टव्यः नगरपालिका र वडा कार्यालयबाट हुने व्यक्तिगत एवं पारिवारिक आर्थिक सहायता सम्वन्धि सिफारीस, अपाङ्गताको सिफारिस, छात्रवृत्तिको सिफारिस, विपन्नताको सिफारिस, औषधि उपचारको सिफारिस, योजना मागको सिफारिस, विपद वा सङकट सम्वन्धि सिफारिस वा यस्तै प्रकृतिका अन्य सिफारिस निःशुल्क गर्ने । |

३. बहाल करः

| क्र.स. | सेवाको किसिम | दर | परिमाण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगरपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना, जग्गा आदि वहालमा दिएकोमा १० प्रतिशत | १० % | १००००००० | १०००००० | |
| २ | नगर क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफिट (वजार क्षेत्र) | २० | ५०० | १०००० | |
| ३ | नगर क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिएवापत प्रति व फिट (अन्य क्षेत्र ) | ५ | ५०० | २५०० | |
| | | | | ११२५०० | |

४. मनोरञ्जन करः

| क्र.स. | सेवाको किसिम | दर | परिमाणा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिनेमाहल, भिडियोहल, साँस्कृतिक प्रदर्शनहल, थ्रिएटर संगित तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्क | प्रदेशले निर्धारण गरे बमोजिम | ० | ० | |
| २ | जादु, सरकश, चटक, आदि | | ० | ० | |

५. विज्ञापन करः

विज्ञापन करको दर बार्षिकः

| क्र.स. | सेवाको किसिम | दर रु. | परिमाण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | अग्लो साइनबोर्ड, डिपिएस बोर्ड प्रति व. फिट | ५ | १०० | ५०० | |
| २ | वाल पेन्ट विज्ञापन प्रति व.फि | ५ | १०० | ५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | व्यानर (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | ३०० | ५ | १५०० | |
| | | | | २५०० | |

**६. चार किल्ला प्रमाणित**

| क्र.सं. | जग्गाको क्षेत्रफल | दर | परिमाण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | चार किल्ला प्रमाणित गर्ने | २०० | ३०० | ६०००० | |

**७.घर नक्सा पास दस्तुर**

| सि.नं. | विवरण | दर रु ⁄ब.फि. | परिमाण | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ढलान घर निर्माण (पर्खाल समेत) | | | | |
| क | न.पा.को वडा नं.४,५,६, को समतल क्षेत्र र अन्य वडाका बजार क्षेत्र | | | | |
| | पहिलो तला | ५ | ९०००० | ४५०००० | |
| | दोस्रो तला | ४ | ८०००० | ३२०००० | |
| | तेस्रो तला र थप तला | ३ | ७०००० | २१०००० | |
| ख | माथि उल्लेखित बाहेक न.पा.का अन्य वडाहरु | | | | |
| | पहिलो तला | ३ | ६०००० | १८०००० | |
| | दोस्रो तला | २ | ५०००० | १००००० | |
| | तेस्रो तला र थप तला | १ | ४०००० | ४०००० | |
| २ | कच्ची घर पर्खाल समेत (टिन, ढुंगाको छाना) | | | | |
| | न.पा.को वडा नं. ४,५,६, को समतल क्षेत्र र अन्य वडाका बजार क्षेत्र | १ | ३०००० | ३०००० | |
| | माथि उल्लेखित बाहेक न.पा.का अन्य वडाहरु | ०।५ | २०००० | १०००० | |
| ३ | नगरपालिका हुनु भन्दा अगाडी निर्माण गरेको नक्सा पास गर्दा (मापदण्ड अनुरुप निर्माणा भएमा मात्र) | | | | |
| क | न.पा.को वडा नं. ४,५,६, को समतल क्षेत्र र अन्य वडाका बजार क्षेत्र | २ | ९००० | १८००० | |
| ख | माथि उल्लेखित वाहेक न.पा. का अन्य वडाहरु | १ | ८००० | ८००० | |
| ४ | नक्सा नविकरण वापत | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | घर नक्सा नामसारी पक्की (एकाघर) | २०० | ३ | ६०० | |
| | घर नक्सा नामसारी पक्की (एकाघर नभएमा)) | १५०० | २ | ३००० | |
| | कच्ची घर (ढुंगामाटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | १०० | १ | १०० | |
| | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | ५० | २० | १००० | |
| | झुपुडा घर नामसारी | २० | १० | २०० | |
| | अस्थायी टहरा निर्माणाको इजाजत दस्तुर | २०० | ३० | ६००० | |
| जम्मा रु. | | | | १३७६९०० | |

८. सम्पत्ति तथा भुमि करः

| क्र.सं. | मुल्याङ्कन रकम (रु मा) | दर | परिमाण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | रु. १ लाख सम्म | १०० | ३०० | ३०००० | |
| २ | रु. १ लाख देखि ५ लाख सम्म | ३०० | ४०० | १२०००० | |
| ३ | रु. ५ लाख देखि १० लाख सम्म | ५०० | ५०० | २००००० | |
| ४ | रु. १० लाख देखि १५ लाख सम्म | १००० | २०० | २००००० | |
| ५ | रु. १५ लाख देखि २० लाख सम्म | १५०० | १०० | १५०००० | |
| ६ | रु. २० लाख देखि ३० लाख सम्म | २५०० | ९ | २२५०० | |
| ७ | रु. ३० लाख देखि ४० लाख सम्म | ३५०० | ८ | २८००० | |
| ८ | रु. ४० लाख देखि ५० लाख सम्म | ४५०० | ८ | ३६००० | |
| ९ | रु. ५० लाख देखि ८० लाख सम्म | ७५०० | ७ | ५२५०० | |
| १० | रु. ८० लाख देखि १ करोड सम्म | ९५०० | ३ | २८५०० | |
| ११ | रु. १ करोड देखि १ करो८ ५० लाख सम्म | ११५०० | १ | ११५०० | |
| १२ | रु. १ करोड ५० लाख देखि २ करोड सम्म | १२५०० | १ | १२५०० | |
| १३ | रु. २ करोड माथी प्रतिहजार रु २ थप | १४५०० | १ | १४५०० | |
| | | | | ९०६००० | |

सम्पत्ति तथा भुमिकर प्रयोजनका लागि घर तथा जग्गाको मुल्याङ्कन आ.व. २०७९।८० कै लागु हुनेछ ।

**९ भूमि कर**

| क्र स | मुल्याङ्कन रकम रु मा | दर | परिमाण | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | रु १ लाख सम्म | १०० | ७६५ | ७६५०० | |
| २ | रु १ लाख देखि ५ लाख सम्म | ३०० | ६५० | १९५००० | |
| ३ | रु ५ लाख देखि १० लाख सम्म | ५०० | ६५० | ३२५००० | |
| ४ | रु १० लाख देखि १५ लाख सम्म | १००० | ६९० | ६९०००० | |
| ५ | रु १५ लाख देखि २० लाख सम्म | १५०० | २०५ | ३०७५०० | |
| ६ | रु २० लाख देखि ३० लाख सम्म | २५०० | ९ | २२५०० | |
| ७ | रु ३० लाख देखि ४० लाख सम्म | ३५०० | ८ | २८००० | |
| ८ | रु ४० लाख देखि ५० लाख सम्म | ४५०० | ८ | ३६००० | |
| ९ | रु ५० लाख देखि ८० लाख सम्म | ७५०० | ७ | ५२५०० | |
| १० | रु ८० लाख देखि १ करोड सम्म | ९५०० | ३ | २८५०० | |
| ११ | रु १ करोड देखि १ करोड ५० लाख सम्म | ११५०० | १ | ११५०० | |
| १२ | रु १ करोड ५० लाख देखि २ करोड सम्म | १२५०० | १ | १२५०० | |
| १३ | रु २ करोड देखि माथि प्रतिहजार रु २ थप | १४५०० | १ | १४५०० | |
| | | | | १८००००० | |

भूमिकर प्रयोजनका लागि घर तथा जग्गाको मुल्याङ्कन आ व २०८०।८१ कै लागू हुनेछ ।

१०. माथी उल्लेख गरिएकोमा वाहेक अन्य घर जग्गा रजिष्ट्रेशन, उद्योग व्यावसाय दर्ता, नविकरण शुल्क तथा दस्तुर सम्वन्धित क्षेत्रगत ऐन, नियम कार्यविधिले तोके वमोजिम हुनेछ।

११. दण्ड जरिवाना

| सि. नं. | विवरण | दर | | | |
|---|---|---|---|---|---|
| १ | तोकिएको शुल्क, दस्तुर, कर सम्वन्धीत वर्षमा नवुझाएमा | पहिलो वर्ष १०% जरीवाना | ० | ० | |
| २ | तोकिएको शुल्क, दस्तुर, कर सम्वन्धीत वर्षमा नवुझाएमा दोस्रो वर्ष अगिल्लो वर्षको थप शुल्क, दस्तुर, कर सहित | दोश्रो वर्ष २०% जरीवाना | ० | ० | |
| ३ | ढुङ्गा, गिटी, वालुवा, काठ वा यस्तै प्रकृतिका अन्य प्राकृतिक श्रोत चोरी निकासी वापत | टयाकटरको लागि प्रथम पटक रु. १५००० दोस्रो पटक रु ३०००० तेस्रो पटक ६०००० र सो भन्दा वढि भएमा नगरकार्यपालिकाको निर्णय अनुसार अझ बढि कारबाही गरिन्छ । टिप्परको लागि प्रथम पटक रु. २५००० द्रास्रो पटक रु ५०००० तेस्रो पटक १००००० र सो भन्दा वढि भएमा नगरकार्यपालिकाको निर्णयअनुसार अझ बढि कारबाही गरिन्छ । | ० | ० | व्याकहु लोडर, स्काभेटर, डोजर लगायतका हेभी मेशीनरी उपकरण प्रयोग गरेमा पहिलो पटक रु १०००००, दोस्रोपटक रु २००००० र तेस्रो पटक ३००००० र सो भन्दा बढिमा नगर कार्यपालिकाको निर्णय अनुसार अझ बढि कारबाही गरिन्छ । |
| द्रष्टव्य ढुंगा, गिटी, वालुवा, काठ, वा यस्तै प्रकृतिका अन्य प्राकृतिक श्रोत चोरी निकासी गरेको सामान नियन्त्रणमा लिई दण्ड जरिवाना स्वरुप असुल गरिएको रकमको विस प्रतिशत रकम सो कार्यमा सहयोग पुर्याउने सुरक्षा निकाय लाई प्रोत्साहन स्वरुप दिने । | | | | | |

१२. संघीय बन ऐन २०७६ बन नियमावलि २०७९ र गण्डकी प्रदेशको बन ऐन २०८० को परिधि भित्र रहेर बनका काठपात लगायतका बस्तुहरु ओसारपसार गर्दा सोही अनुसारका कर सेवा शुल्क आदि लिइनेछ ।

१३. व्यवसाय करः वार्षिक

| क्र. स. | शिर्षक | दर | परिमाण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | होटल, लज, रेष्टुरेन्ट, बार, क्याफे, मिष्ठान भण्डार, | | | | |
| | क. मदिरा समेत विक्रि गर्ने होटल लज समेत | २००० | २० | ४०००० | |
| | ख होटल, लज समेत | १५०० | ५ | ७५०० | |
| | ग. मदिरा समेत विक्रि गर्ने होटल | १२०० | ३० | ३६००० | |
| | घ होटल मात्र | १००० | १० | १०००० | |
| २ | टेन्टहाउस र क्याटरिङ | १००० | ० | ० | |
| ३ | सुनचादी पसल | १००० | ६ | ६००० | |
| ४ | टेलरिङ व्यवसाय | | | ० | |
| | क कपडा पसल सहतिको टेलरिङ | १००० | ३ | ३००० | |
| | ख टेलरिङ | ५०० | ८ | ४००० | |
| ५ | सैलुन | ५०० | १ | ५०० | |
| ६ | क व्यूटि पार्लर (तालिम समेत दिने | १००० | २ | २००० | |
| ७ | क कम्प्युटर बिक्री | १५०० | ० | ० | |
| | ख कम्प्युटर मर्म्मत | ७५० | ३ | २२५० | |
| ८ | क टिभि,फ्रिज, बिक्री | १५०० | ० | ० | |
| | ख टिभि,फ्रिज, मर्मत | ५०० | ० | ० | |
| ९ | क रेडीयो, मोबाईल, टेलिफोन विक्री | १००० | ३ | ३००० | |
| | ख रेडीयो, मोबाईल, टेलिफोन मर्मत | १००० | २ | २००० | |
| १० | घडी, अडीयो तथा भिडीयो क्यासेट बिक्रि तथा मर्मत | ५०० | ० | ० | |
| ११ | जुत्ता तथा चप्पल बिक्री | १००० | ५ | ५००० | |
| | ५ भन्दा बढी सामानहरुको डीलर | ५००० | ० | ० | |
| | ३ भन्दा बढी ५ वटा सम्म सामानहरुको डीलर | ३५०० | ० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १ भन्दा बडी ३ वटा सम्म सामानको डीलर | २५०० | ० | ० | |
| | एउटा मात्र सामानको डिलर | १५०० | २ | ३००० | |
| १२ | औषधि पसल(एलोपेथिक, होमोपेथिक,आयुर्वेदिक,चस्मा पसल | | | ० | |
| | थोक बिक्रेता | २००० | ० | ० | |
| | खुदा बिक्रेता | १००० | १० | १०००० | |
| | साना खुद्रा बिक्रेता | ७५० | १० | ७५०० | |
| | चस्मा पसल | १००० | १ | १००० | |
| १३ | नीजि अस्पताल तथा नर्सिङ होम | ४००० | ० | ० | |
| १४ | क्लीनीक तथा ल्याब | १००० | ० | ० | |
| | डेन्टल अस्पताल | १००० | ० | ० | |
| १५ | डेन्टल क्लिनिक | १००० | ० | ० | |
| १६ | पान पसल | ५०० | ० | ० | |
| १७ | लत्ता कपडा धुलाई तथा सरसफाई | | ० | ० | |
| | ड्राई क्लीनर्स | ५०० | ० | ० | |
| | धोबी | ३०० | ० | ० | |
| १८ | सिनेमा हल ( मनोरञ्जन कर | | ० | ० | |
| | क दैनिक रुपमा सचालन हुने | ७००० | ० | ० | |
| | ख आम्शिक रुपमा सचालन हुने | ५००० | ० | ० | |
| १९ | आर्ट व्यवसाय | | ० | ० | |
| | कामदार राखि व्यवसाय गर्ने | ७५० | ० | ० | |
| | आफै गर्ने | ५०० | १ | ५०० | |
| २० | इलेक्ट्रीक सामानहरुको बिक्री | १००० | १० | १०००० | |
| २१ | फोटो स्टुडीयो | | | ० | |
| | कलर ल्याब फोटो स्टुडीयो | १५०० | ० | ० | |
| | क फोटो स्टुडीयो | १००० | २ | २००० | |
| २२ | धागो, टाक, फस्नर | ५०० | ० | ० | |
| २३ | भाडा पसल | १५०० | ३ | ४५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | गिफ्ट तथा कस्मेटीक पसल | १००० | १० | १०००० | |
| २५ | प्लाई, सिसा, कार्पेट, फ्रे्रम आदि बिक्री | १५०० | १ | १५०० | |
| २६ | पेट्रोल पम्प | ५०००० | १ | ५०००० | |
| २७ | ग्यास सिलिण्डर बिक्रेता | १००० | ० | ० | |
| २८ | साईकल तथा रिक्सा मर्मत | ५०० | २ | १००० | |
| २९ | अटोमेकानिक्स तथा ईन्जिनियरिङ (मोटर पार्टस् | ४००० | ० | ० | |
| ३० | लेथ सेक्सन तर्फ | २००० | ० | ० | |
| ३१ | मोटर बडी बिल्डर्स | २००० | ० | ० | |
| ३२ | टायर मर्मत तथा हावा हाल्ने तथा सिट मर्मत | ५०० | ० | ० | |
| ३३ | मोटर साईकल सो रुम | २००० | ० | ० | |
| ३४ | पशु आहार उद्योग फिडस | १५०० | ० | ० | |
| ३५ | लेखा परीक्षक | | | ० | |
| | क र ख श्रेणीलाई | १००० | ३ | ३००० | |
| | ग र घ श्रेणीलाई | ५०० | ३ | १५०० | |
| ३६ | बैक, फाईनान्स, वित्तिय सस्थाहरु तथा सहकारी बैक नाफामुलक) | | | ० | |
| | क वर्गको बैक वा वित्तिय संस्था | ५००० | १ | ५००० | |
| | ख वर्गको बैक वा वित्तिय संस्था | ४००० | ३ | १२००० | |
| | ग वर्गको बैक वा वित्तिय संस्था | ३००० | २ | ६००० | |
| | घ वर्गको बैक वा वित्तिय संस्था | २००० | २ | ४००० | |
| ३७ | पाउरोटी, बरफ, बिस्कुट तथा दालमोठ उद्योग | १००० | | ० | |
| ३८ | निजि शिक्षालय सचालन तर्फ | | | ० | |
| | क्याम्पस, उच्च मा.वि. | ५००० | ० | ० | |
| | प्रा.वि., नि.मा.वि., मा.वि. | २००० | १० | २०००० | |
| ३९ | ब्लक, रिङ, टायल तारबार पोल उद्योग | १५०० | ० | ० | |
| ४० | पोलिथिन पाईप तथा अन्य प्लाष्टिकका सामानहरुको उद्योग | ३००० | ० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१ | मैनबत्ति तथा अगर बत्ति उद्योग | १००० | २ | २००० | |
| ४२ | मसला उद्योग | ७५० | ० | ० | |
| ४३ | परामर्श सेवा | | ० | ० | |
| | इन्जीनियरिङ | ५००० | २ | १०००० | |
| | शैक्षिक | १५०० | ० | ० | |
| | अन्य परामर्श सेवा | १००० | ० | ० | |
| ४४ | किराना पसल | | | ० | |
| | मदिरा समेत विक्रि गर्ने थोक बिक्रेता | २५०० | ० | ० | |
| | मदिरा बाहेक अन्य वस्तु विक्री गर्ने थोक विक्रेता | २००० | ० | ० | |
| | मदिरा समेत विक्रि गन खुद्रा बिक्रेता | १५०० | २५ | ३७५०० | |
| | खुद्रा बिक्रेता | १००० | २५ | २५००० | |
| ४५ | मादल मर्मत तथा बिक्री | २०० | १ | २०० | |
| ४६ | सिरक डसना बिक्री | १००० | ३ | ३००० | |
| ४७ | हयूम पाईप, विद्युत पोल उद्योग | १०००० | ० | ० | |
| ४८ | झोला तयारी गर्ने उद्योग | ५०० | ० | ० | |
| ४९ | कन्फेक्सनरी उद्योग | १००० | ० | ० | |
| ५० | डेरी उद्योग (दुग्ध तथा दुग्ध सम्बन्धि अन्य व्यवसाय | १००० | ३ | ३००० | |
| ५१ | फर्निचर उद्योग, फर्निचर सो रुम, समिल | २००० | ३ | ६००० | |
| ५२ | फर्निचर उद्योग | १५०० | ० | ० | |
| | फर्निचर सोरुम | १००० | २ | २००० | |
| ५३ | ग्रील सटर उद्योग | १५०० | | ० | |
| | क श्रेणी | १५०० | ० | ० | |
| | ख श्रेणी | १००० | ५ | ५००० | |
| ५४ | मिल (कुटानि, पिसानि, पेलानि, (सेलर, तेल, चिउरा आदि | | | ० | |
| | कुटानी पिसानी | १५०० | १५ | २२५०० | |
| | कुटानी | १००० | २ | २००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पानी घट्ट | ५०० | २ | १००० | |
| ५५ | कुखुरा पालन | | | ० | |
| | १००० देखी माथी | १००० | ० | ० | |
| | १००० वटा सम्म | ५०० | ५ | २५०० | |
| ५६ | माछा, मासु पसल | १००० | ११ | ११००० | |
| ५७ | तरकारी, फलफुल तथा साग सब्जी पसल | ५०० | १० | ५००० | |
| ५८ | अण्डा बिक्री | १००० | १० | १०००० | |
| ५९ | छाला सकलन तथा बिक्री | १५०० | ० | ० | |
| ६० | इट्टा बिक्री डिपो तथा सकलन केन्द्र | ३००० | ० | ० | |
| ६१ | डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा बेतबासका सामानहरु | १००० | ० | ० | |
| ६२ | हार्डवयर्स पसल | ३००० | ७ | २१००० | |
| ६३ | चिम्नी उद्योग (इटा भट्टा | ५००० | ० | ० | |
| ६४ | मेटलको भाडा बनाउने व्यवसाय | ५०० | ० | ० | |
| ६५ | पुस्तक, स्टेश्नरी तथा खेलकुदका सामानहरुको बिक्री | १००० | ८ | ८००० | |
| ६६ | केवुल प्रसारण | ३००० | २ | ६००० | |
| ६७ | फोटोकपी, फ्याक्स, लेमिनेशन, ब्यान्डीङ, कुरियर | १००० | ० | ० | |
| ६८ | कम्प्युटर, ड्राईभिङ तथा अन्य ईन्ष्टीच्युट | १००० | ० | ० | |
| ६९ | कपडा पसल | १००० | १५ | १५००० | |
| ७० | छापखाना तथा कपि, किताब उद्योग | २००० | ० | ० | |
| ७१ | डिजिटल छापाखना | १००० | ० | ० | |
| ७२ | साईबर, नेट, फोन सेवा)(कम्युनिकेसन सेवा) क श्रेणी | १००० | ० | ० | |
| ७३ | निर्माण व्यवसायी | | | ० | |
| | क श्रेणी | ५००० | ० | ० | |
| | ख श्रेणी | ३००० | ० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग श्रेणी | २००० | ० | ० | |
| | घ श्रेणी | १००० | ५ | ५००० | |
| ७४ | रसायनिक मल, विउ विजन, किटनाशक औषधि बिक्री | १००० | २ | २००० | |
| ७५ | भिडीयो मिक्सीङ, | १००० | ३ | ३००० | |
| ७६ | क। मदीरा थोक बिक्री | ३००० | ० | ० | |
| | ख। मदीरा खुद्रा बिक्री | १५०० | २० | ३०००० | |
| ७७ | ट्यूसन सेन्टर | ७५० | ० | ० | |
| ७८ | बेरिङ रिपेरिङ तथा बिक्री | ७५० | ० | ० | |
| ७९ | मेशीनरी सामान बिक्री(मोटर, जेनेटर आदि क श्रेणी | २००० | ० | ० | |
